# रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि प्रस्तुत

## अध्ययनपत्र


अध्ययनकर्ता
बबिता खनाल
परीक्षा रोल नं. ९५६०००१
त्रि.वि.दर्ता नं. ६–१–२३९–२३–९८



नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस

२०७४

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विभागका छात्रा बबिता खनालले स्नातकोत्तर तह दोस्रो वर्ष, दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको "**रत्ननगर क्षेत्रमा प्रचलित लोककथाको अध्ययन**" शीर्षकको अध्ययनपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

### अध्ययनपत्र मूल्याङ्कन समिति

१. **प्रा. डा. होमनाथ सापकोटा** ......................

(विभागीय प्रमुख)

२. **प्रा. डा. होमनाथ सापकोटा** .......................

(निर्देशक)

३. **सह.प्रा.डा. धनेश्वर भट्टराई** .......................

(बाह्य परीक्षक)

मिति : २०७४/०९/१९

## निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत **"रत्ननगर क्षेत्रमा प्रचलित लोककथाको अध्ययन"** शीर्षकको अध्ययनपत्र छात्रा बबिता खनालले मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै मेहनत साथ तयार पार्नुभएको यस अध्ययनकार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

**(प्रा.डा. होमनाथ सापकोटा)**
अध्ययन निर्देशक
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मिति : २०७४/०९/०२

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह एम्.ए. दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको **"रत्ननगर क्षेत्रमा प्रचलित लोककथाको अध्ययन"** शीर्षकको अध्ययनपत्र आदरणीय गुरू प्रा.डा. होमनाथ सापकोटाको कुशल निर्देशनमा तयार पारेको छु । आफ्नो अति व्यस्त समयका बाबजुद पनि समय मिलाएर आवश्यक सल्लाह, सुझाव तथा जानकारीमूलक निर्देशन दिँदै अध्ययनपत्रको निर्देशन, निरीक्षण, परिमार्जन तथा शुद्धीकरण गरिदिनुहुने आदरणीय गुरू प्रा.डा. होमनाथ सापकोटाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत अध्ययनपत्र तयार पार्नका लागि आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिनुहुने नेपाली विभागका आदरणीय गुरूहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस अध्ययनपत्र तयार पार्नको लागि कथा वाचन गरी सहयोग गर्नु हुने वाचकहरूमा केदारनाथ खनाल, सबिता तिमल्सिना, केशरीदेवी श्रेष्ठ, भवानि प्रसाद ढकाल, नन्दप्रसाद अम्गाई, चक्रपाणि तिमल्सिना, कविता अधिकारी ज्यूहरू प्रति निकै आभारी छु । साथै यस अध्ययनपत्र तयार पार्दा साहित्य पुनरावलोकनका लागि पूर्व अध्ययनकर्ता हरि प्रसाद अधिकारीको अध्ययनपत्र पिठुवा गा.वि.स.मा प्रचलित लोककथाको अध्ययन तथा विश्लेषण अध्ययनपत्रको सहयोग लिएकोले उहाँप्रति निकै आभारी हुँदै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अध्ययनपत्र तयारी गर्ने क्रममा सुरूदेखि नै आवश्यक सरसल्लाह र सुझाव दिनुहुने मेरा श्रीमान् चक्रपाणि तिमल्सिनाप्रति निकै आभारी छु ।

**बबिता खनाल**

२०७४/०९/०१

# विषय सूची


**पृष्ठ संख्या**

*मूलपृष्ठ*

*स्वीकृति पत्र*

*निर्देशकको मन्तव्य*

*कृतज्ञता ज्ञापन*

*विषय सूची*

**अध्याय एक**

**अध्ययन परिचय १–४**

१.१ विषय प्रवेश १

१.२ समस्या कथन १

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अध्ययनको औचित्य र महत्व ३

१.६ अध्ययन कार्यको सीमा ३

१.७ सामग्री संकलन र अध्ययन विधि ३

१.८ अध्ययनपत्रको रूपरेखा ४

**अध्याय दुई**

**रत्ननगर क्षेत्रको अवस्थिति ५–१२**

२.१ पृष्ठभूमि ५

२.२ भौगोलिक अवस्थिति ६

२.३ जनसंख्या ६

२.४ जाति ७

२.५ धार्मिक तथा पर्यटकीय स्थल ७

२.६ रत्ननगरको शैक्षिक अवस्था ८

२.७ रत्ननगरको सांस्कृतिक अवस्था ९

२.८ रत्ननगरको आर्थिक अवस्था १०

२.९ निष्कर्ष ११

## अध्याय तीन

**रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको अध्ययन १३–३६**

३.१ अंशबण्डा लोककथाको अध्ययन १३

३.१.१ कथा सारसंक्षेप १३

३.१.२ कथानक संरचना १३

३.१.३ पात्र १४

३.१.४ परिवेश १४

३.१.५ उद्देश्य १४

३.१.६ अभिप्राय १४

३.१.७ भाषाशैली १५

३.२ आफन्तको खोजी लोककथाको अध्ययन १५

३.२.१ कथा सारसङ्क्षेप १५

३.२.२ कथानक संरचना १६

३.२.३ पात्र १६

३.२.४ परिवेश १६

३.२.५ उद्देश्य १६

३.२.६ अभिप्राय १७

३.२.७ भाषाशैली १७

३.३ चम्पा र चमेली लोककथाको अध्ययन १७

३.३ .१ कथानक सारसङ्क्षेप १७

३.३.२ कथानक संरचना १८

३.३.३ पात्र १८

३.३.४ उद्देश्य १८

३.३.५ परिवेश १९

३.३.६ अभिप्राय १९

३.३.७ भाषाशैली १९

३.४ चलाख मधुकर लोककथाको अध्ययन १९

३.४.१ कथानक सारसङ्क्षेप १९

३.४.२ कथानक संरचना २०
३.४.३ पात्र २१
३.४.४ उद्देश्य २१
३.४.५ परिवेश २१
३.४.६ अभिप्राय २२
३.४.७ भाषाशैली २२
३.५ फूलथोकी मैया लोककथाको अध्ययन २२
३.५.१ कथा सारसङ्क्षेप २२
३.५.२ कथानक संरचना २३
३.५.३ पात्र २३
३.५.४ परिवेश २३
३.५.५ उद्देश्य २४
३.५.६ अभिप्राय २४
३.५.७ भाषाशैली २४
३.६ दिदी बहिनी लोककथाको अध्ययन २५
३.६.१ कथा सारसङ्क्षेप २५
३.६.२ कथानक संरचना २५
३.६.३ पात्र २५
३.६.४ परिवेश २६
३.६.५ उद्देश्य २६
३.६.६ अभिप्राय २६
३.६.७ भाषाशैली २६
३.७ मुखियाको बठ्याइँ लोककथाको अध्ययन २७
३.७.१ कथा सारसङ्क्षेप २७
३.७.२ कथानक संरचना २७
३.७.३ पात्र २७
३.७.४ परिवेश २८
३.७.५ उद्देश्य २८

३.७.६ अभिप्राय २८
३.७.७ भाषाशैली २८
३.८ फर्सी लोककथाको अध्ययन २९
३.८.१ कथा सारसङ्क्षेप २९
३.८.२ कथानक संरचना २९
३.८.३ पात्र २९
३.८.४ परिवेश ३०
३.८.५ उद्देश्य ३०
३.८.६ अभिप्राय ३०
३.८.७ भाषाशैली ३०
३.९ भावीको लेखा लोककथाको अध्ययन ३०
३.९.१ कथा सारसङ्क्षेप ३०
३.९.२ कथानक संरचना ३१
३.९.३ पात्र ३१
३.९.४ परिवेश ३१
३.९.५ उद्देश्य ३२
३.९.६ अभिप्राय ३२
३.९.७ भाषाशैली ३२
३.१० स्वार्थको परिणाम लोककथाको अध्ययन ३३
३.१०.१ कथा सारसङ्क्षेप ३३
३.१०.२ कथानक संरचना ३३
३.१०.३ पात्र ३३
३.१०.४ परिवेश ३४
३.१०.५ उद्देश्य ३४
३.१०.६ अभिप्राय ३४
३.१०.७ भाषाशैली ३५
३.११ निष्कर्ष ३५

## अध्याय चार

**उपसंहार** **३७–३९**

४.१ सारसङ्क्षेप ३७

४.२ समग्र निष्कर्ष ३८

**परिशिष्ट** **४०–६६**

क. सङ्कलित : मूल पाठ ४०

१. अंशबण्डा ४०

२. आफन्तको खोजी ४३

३. चम्पा र चमेली ४५

४. चलाख मधुकर ४७

५. फूलथोकी मैया ५०

६. दिदीबहिनी ५३

७. मुखियाको बठ्याइँ ५५

८. फर्सी ५७

९. भावीको लेखा ६०

१०. स्वार्थको परिणाम ६३

ख. सङ्कलित लोककथाका वाचकहरूको परिचय ६६

**सन्दर्भ सूची**

# अध्याय एक

# अध्ययन परिचय

## १.१ विषय प्रवेश

लोकजीवनमा प्रचलित कथा नै लोककथा हो । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा प्रचलित र प्राचीन विधा हो । लोकजीवनका विभिन्न क्षेत्रमा भिन्नभिन्न किसिमका लोककथाहरू प्रचलनमा रहेका छन् । लोकमा प्रसिद्ध अनुश्रूति परम्परामा विकास भएको लोकजीवनसँग सम्बद्ध कथा नै लोककथा हो । नेपाली समाजमा प्रचलित लोककथाहरू नैतिक उपदेश, शिक्षा र मनोरञ्जनका दृष्टिले महत्वपूर्ण छन् । लोककथा हाम्रो दिनचर्यासँग सम्बद्ध घटना, चरित्र, विषयसँग जोडिएको लोकसाहित्य हो । असम्भव र अपत्यारिला विषय रहने भए तापनि लोककथा विधा र व्यञ्जना दुवै प्रकृतिका लोककथाहरू नेपाली जनमानसमा प्रचलित छन् ।

चितवन जिल्लाको रत्ननगर क्षेत्रमा पनि लोकसाहित्यका अन्य विधाहरू जस्तै लोककथाको प्रचलन रहेको छ । धार्मिक, पौराणिक परम्पराबाट अनुप्राणित भएर रचना गरिएका कथाहरूले यस क्षेत्रमा महत्वपूर्ण प्रभाव जमाएका छन् । यसरी चितवन जिल्लाको रत्ननगर क्षेत्र लोककथाका लागि उर्वर भूमि भए पनि यस क्षेत्रका लोककथाहरूको उचित ढङ्ले खोजी कार्य हुन भने सकेको छैन । चितवन जिल्लाको रत्ननगर क्षेत्रभित्र प्रचलनमा रहेका लोककथाहरूको अध्ययन, संरक्षण र संवर्द्धधन गर्ने उद्देश्य प्रस्तुत अध्ययनपत्रको रहेको छ । रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको संकलन र अध्ययनमा प्रस्तुत शीर्षक केन्द्रित छ ।

## १.२ समस्या कथन

प्रस्तुत अध्ययनपत्रको शीर्षक रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाको अध्ययन रहेको छ । प्रस्तुत अध्ययनपत्रको शीर्षकसँग सम्बन्धित समस्याहरू निम्नलिखित रहेका छन् ।

१. रत्ननगर क्षेत्रको अवस्थिति के कस्तो रहेको छ ?

२. रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन के कसरी गर्न सकिन्छ ?

३. रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको अध्ययन के कसरी गर्न सकिन्छ ?

यिनै माथि उल्लिखित समस्याको समाधानतर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

## १.३ उद्देश्य

प्रस्तुत अध्ययनपत्रका उद्देश्यहरू निम्नलिखित रहेका छन् ।

१. रत्ननगर क्षेत्रको अवस्थिति पहिचान गर्नु ।

२. रत्ननगर क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गर्नु ।

३. रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपालमा लोककथाहरूको प्रचलन र परम्परा सम्पन्न रहे पनि सबै ठाउँमा प्रचलनमा रहेका लोककथाहरूको खोज तथा तिनको अध्ययन हुन सकेको छैन । यस्तै चितवन जिल्लाको रत्ननगर क्षेत्रमा प्रचलित लोककथाहरूको पनि अध्ययन र अनुसन्धान हुन बाँकी नै छ । लोकसाहित्यको अध्ययनका सन्दर्भमा चितवन जिल्लामा प्रचलित लोककथाहरूका बारेमा समेत चर्चा गरेको पाइन्छ तर चितवन जिल्लाको रत्ननगर क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन भने भएको छैन । विभिन्न लेखक, समालोचक, अनुसन्धाता आदि आफ्ना पुस्तक, लेखरचना वा शोधपत्रहरूमा लोककथा तथा चितवन जिल्लाको लोकसाहित्यबारे गरिएको चर्चा यहाँ प्रस्तुत छ ।

**अधिकारी, प्रभा**ले *चितवन जिल्लाका चेपाङ जातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन* (२०६४) शीर्षकको शोधपत्रमा चितवनलाई लोकगीतका साथै लोककथा पनि प्रचलनमा रहेको जिल्ला हो भनेकी छन् ।

**अधिकारी, हरिप्रसाद**ले *पिठूवा गा. वि. स मा प्रचलित लोककथाहरूको अध्ययन तथा विश्लेषण* (२०६८) शीर्षकको शोधपत्रमा चितवनको हाल रत्ननगरमा भएको पिठूवा गा. वि. स. मा लोककथाको प्रचलन रहेको कुरा गरेका छन् ।

**गौतम, शिवप्रसाद**ले *चितवनको मेघौली गा.वि.स. मा प्रचलित पर्वगीतहरूको अध्ययन* (२०६८) शीर्षकको शोधपत्रमा चितवनमा गीतका साथै लोकसाहित्यका अन्य विधाहरू पनि प्रचलनमा रहेको कुरा बताएका छन् ।

**घिमिरे शिवहरि**ले *चितवनमा प्रचलित थारू संस्कार गीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण* (२०६४) शीर्षकको शोधपत्रमा चितवनमा लोकगीतका साथै लोककथाको पनि प्रचलन रहेको कुरा गरेका छन् ।

**घिमिरे, रामनाथ**ले *चितवनको दिव्यनगर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन* (२०६७) शीर्षकको शोधपत्रमा चितवनलाई लोकसाहित्यको उर्वर भूमिका रूपमा चिनाएका छन् ।

**चौधरी, बिन्दुकुमारी**ले *चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको संकलन, वर्गीकरण* (२०६७) शीर्षकको शोधपत्रमा चितवनको लोकसाहित्यमा लोककथाको महत्व बारेमा उल्लेख गरेकी छिन् ।

**बन्धु चुडामणि,** *नेपाली लोकसाहित्य* (२०५८) नामक पुस्तकमा लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् भनी लोककथालाई पुस्तान्तरण भई आएको कथाका रूपमा चिनाएका छन् ।

यसरी उल्लेख गरिएका शोधपत्रहरूमा चितवन जिल्लामा प्रचलित लोकगीत, लोककथा र लोकसाहित्यका बारेमा चर्चा गरिएको छ । तथापि चितवन जिल्लाको रत्ननगर क्षेत्रमा प्रचलित रहेको लोककथाहरूको भने हालसम्म अध्ययन भएको पाइँदैन । तसर्थ प्रस्तुत अध्ययनपत्र रत्ननगर क्षेत्रमा प्रचलित लोककथाको संकलन र अध्ययनमा केन्द्रित रहेको छ ।

## १.५ अध्ययनको औचित्य र महत्व

लोककथा लोकसाहित्यको महत्वपूर्ण विधा हो । लोककथामा लोकजीवनका सुख दुःख, हाँसो खुसी, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज आदिको प्रस्तुति पाइन्छ । लोककथा परिवर्तनशील र स्थानीय प्रभाव बोक्ने विधा भएकोले स्थानीय मूल्य र मान्यतालाई पनि यसले प्रतिविम्वित गर्छ । यस अध्ययनमा चितवन जिल्लाको रत्ननगर क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र अध्ययन गरी तिनको महत्व र मूल्यहरूको संरक्षण गर्ने उद्देश्य लिइएको छ । लोककथाको क्षेत्रीय अध्ययन एवं तुलनात्मक अध्ययन गर्न चाहनेहरूका लागि पनि प्रस्तुत अध्ययनपत्र उपयोगी हुने छ । लोककथाका बारेमा अध्ययन गर्न चाहने एवं चितवन जिल्लाको लोकसाहित्यका विशेषताबारे जिज्ञासा राख्ने पाठक, शिक्षक एवम् जिज्ञासुहरूलाई जानकारी दिन सक्ने हुनाले यस अध्ययनपत्रको औचित्य रहको छ ।

## १.६ अध्ययन कार्यको सीमा

यस अध्ययनपत्रमा चितवन जिल्लाको रत्ननगर नगरपालिका क्षेत्रमा प्रचलनमा रहेका लोककथाहरूको अध्ययन गरिएको छ । यसमा रत्ननगर क्षेत्रलाई केन्द्रबिन्दु बनाई त्यहाँको सेरोफेरोमा प्रचलित लोककथाहरूको मात्र अध्ययन गरिएको छ । यस अध्ययन कार्यमा रत्ननगर क्षेत्रमा प्रचलित लोककथाबाहेक लोकसाहित्यका अन्य विधाहरूको अध्ययन गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन र अध्ययन विधि

प्रस्तुत अध्ययनमा मूलत : निम्न विधिबाट सामग्री  सङ्कलन गरिएको छ ।

१. सम्बन्धित क्षेत्रमा गई क्षेत्रीय अध्ययन विधिअनुरूप लोककथाहरूको सङ्कलन गरिएको छ ।

२. सैद्धान्तिक अध्ययनका निम्ति पुस्तकालयीय सामग्रीको उपयोग गरिएको छ ।

३. सङ्कलित लोककथाहरूलाई लोककथाका तत्त्वहरूको आधारमा अध्ययन गरिएको छ ।

## १.८ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित र सङ्गठित बनाउनका लागि निम्नलिखित परिच्छदेहरूमा विभाजन गरिएको छ ।

१. पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय

२. दोस्रो परिच्छेद : रत्ननगर क्षेत्रको अवस्थिति

३. तेस्रो परिच्छेद : रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको अध्ययन

४. चौँथो परिच्छेद : उपसंहार

# अध्याय दुई

# रत्ननगर क्षेत्रको अवस्थिति

## २.१ पृष्ठभूमि

नेपालको मध्यमाञ्चल विकास क्षेत्र, तेस्रो पर्यटकीय गन्तव्य चितवन राष्ट्रिय निकुञ्जसंग जोडिएर रहेको रत्ननगर नगरपालिका बसोबास योग्य स्थानको रूपमा चिनिन्छ । नेपालको पूर्व पश्चिम राजमार्ग बीच भागबाट गएकोले सुगमताको दृष्टिले पनि सहज पहुँच रहेको उत्कृष्ट स्थान हो । यो नगरपालिका साविक रत्ननगर गा.वि.स र पञ्चकन्या गा.वि.स.को पूरै भाग समावेश भई मिति २०५३/१०/११ गते स्थापना भएको तथा मिति २०७१/०८/१६ गतेको नेपाल सरकारको निर्णयले पिठूवा गा.वि.स र बछौली गा.वि.स समायोजनपछि विस्तार भएको नगरपालिका विशिष्ट प्रकारको विशेषताले भरिएको छ । प्रशस्त उर्वरभूमि, बरण्डाभार क्षेत्रको जङ्गल, दुर्लभ वन्यजन्तु र चराहरूको वासस्थान, सिमसार क्षेत्रले शोभायमान र सुन्दर नगरी हो ।
(रत्ननगर नगरपालिका आर्थिक वर्ष ०७४/०७५)

रत्ननगर नगरपालिका वि.सं.२०५३ साल माघ ११ गते घोषणा भई मिति २०५४ श्रावणबाट कार्य प्रारम्भ भई निरन्तर रूपमा विकासको मूल प्रवाहीकरणमा रहेको नगरपालिकाको रूपमा परिचित छ । यो नगरपालिका ऐतिहासिक धरोहर बोकेको नगरपालिकाको रूपमा विश्व माझ परिचित छ । नेपालको तेस्रो पर्यटकीय गन्तव्य सौराहा तथा राष्ट्रिय निकुञ्जको प्रवेशद्वारको रूपमा रहेको यो नगरपालिका आँफैमा अनुपम र सुन्दर छ । रत्ननगर नगरपालिका सिमसार क्षेत्र आदिवासी जनजाति एवं विविध किसिमका रहनसहन र अनेकता बीच एकतामा रहेको नगर हो । भौगोलिक हिसाबले तत्कालीन दुईवटा गा.वि.स समावेश भई विस्तारित नगरपालिका उत्तरमा झण्डै महाभारत पर्वतको फेददेखि दक्षिण चुरेको फेदिसम्म फैलिएको छ । सहरी विकासको प्रक्रिया धेरै अगाडिदेखि सुरू भएता पनि मध्य समयमा आएर यसको विकासको गतिमा मन्दता छाएको देखिन्छ । काठमाण्डौ लगायतका क्षेत्रमा यातायातको पहुँच नपुगेको समयमा पनि यस क्षेत्र हुँदै ठोरी बजारमा दैनिक उपभोग्य वस्तुको किनमेल गर्ने तथा आवतजावत गर्ने व्यवसायिक मार्गको रूपमा रहेको इतिहास रहेको छ । पूर्व पश्चिम लोकमार्गले बीच भागबाट नगरलाई समानान्तर दुई भागमा विभाजन गरेकोले सुगमताको दृष्टिले नेपालकै महत्वपूर्ण स्थानमा

रहेको नगरपालिकाको रूपमा रत्ननगर नगरपालिका परिचित रहेको छ । (आर्थिक वर्ष ०७४/०७५)

## २.२ भौगोलिक अवस्थिति

सङ्घीय संरचना अनुरूप रत्ननगर नगरपालिका नेपालको प्रदेश नं.३, नारायणी अञ्चल, चितवन जिल्लाको पूर्वी मध्य भागमा अवस्थित रहेको छ भने यस नगरपालिकाको पूर्वमा खैरहनी नगरपालिका, पश्चिममा भरतपुर महानगरपालिका तथा बरण्डाभार जङ्गल क्षेत्र, उत्तरमा कालिका नगरपालिका तथा चितवन राष्ट्रिय निकुञ्ज पर्दछ । यस नगरको भौगोलिक अवस्थिति २७ डिग्री ३२ मिनेट ५५ सेकेण्ड देखि २७ डिग्री ४० मि. ४ सेकेण्डदेखि २७ डिग्री ४० मिनेट ५२ सेकेण्ड उत्तरी अक्षांश र ८४ डिग्री २८ मि. ४ सेकेण्डदेखि ८४ डिग्री ३३ मिनेट ५० सेकेण्ड पूर्वी देशान्तरमा अवस्थित छ ।

भू– बनोटको आधारमा यो नगर दक्षिणमा चुरे प्रदेश र उत्तरमा महाभारत पर्वतको काखमा अवस्थित रत्ननगर नगरपालिका भित्री मधेशको उपत्यका हो । नेपालको परिप्रेक्षयमा कतैकतै यसलाई राप्ती दून पनि भन्ने चलन छ ।

यो नगरपालिका उत्तर पूर्वबाट पश्चिमतर्फ ढल्दै गएको छ । नगरको अग्लो भागमा भूतेहा २१४ मिटर (र.न.पा.–१६) छ भने सबभन्दा होचो भाग राप्ती नदी र खगेरी खोलाको दोभान १८१ मिटर (समुन्द्र सतहबाट ) छ । (आ.व. ०७४/०७५)

## २.३ जनसङ्ख्या

२०६८ को राष्ट्रिय जनगणना अनुसार रत्ननगर नगरपालिकाको क्षेत्रभित्र ६९,८५१ कूल जनसङख्याको बसोबास रहेको छ । कूल जनसङख्याको ५२% जसमा ३६,५९५ जनसङख्या महिलाको रहेको छ भने ४८% अर्थात् ३३,२५६ जनसङख्या पुरूषको रहेको छ ।

यस नगरपालिकाभित्र जम्मा घर धुरी संख्या १६,०७० रहेको छ । औसत परिवार सदस्य ४ जना रहेको छ । त्सैगरी यस नगरपालिकाको तथ्याङक अनुसार वार्षिक जनसङख्या बृद्धिदर भने २.१ % रहेको छ । यस क्षेत्रमा विभिन्न ठाउँबाट मानिसहरू बसाइसराइ गरेर आएको पाइन्छ ।

यस नगरपालिकाभित्र अन्यत्र जिल्लाहरूबाट बसाईंराइ गरी आएकाहरूमा पनि विशेषगरी गोरखा, बाग्लुङ्ग, पर्वत, नवलपरासी, धादिङ आदिबाट आउने गरेको पाइएको छ । (आ.व. ०७४/०७५)

## २.४ जाति

नेपालको केन्द्रबिन्दुको रूपमा विकसित हुँदै आएको चितवन र चितवनको मुटु रत्ननगरपालिका विभिन्न जात, जाति, धर्म, संस्कृति, वेशभूषा, चालचलन, रीतिरिवाजको सङगमस्थल हो । यस नगरपालिकामा विभिन्न जातजातिको सम्मिश्रण भेट्न सकिन्छ । यहाँ क्षेत्री, ब्राह्मण, नेवार, सार्की, कामी, दमाई, कुमाल, गुरूङ्ग, मगर, राई, लिम्बु, तामाङ्ग, थारू, यादव, घर्ती, दशनामी, मुसहर, दराई, चेपाङ्ग आदिको बसोबास रहेको छ ।

जनसङख्याको हिसाबले हेर्दा यहाँ बसोबास गर्ने जातिहरू मध्ये ब्राह्मण जातिकै बाहुल्यता देख्न सकिन्छ । जसमा कूल जनसङख्याको ३३.१०% रहेको छ भने त्यसैगरी दोस्रो जातिमा थारू रहेको छ । जसको प्रतिशत दर १७.६९ रहेको छ त्यसैगरी तेस्रो ठूलो जातिमा क्षेत्री रहेको छ जसको १२.४४% जनसङख्या रहेको छ । यसैगरी बाँकीमा अन्य जातिहरू रहेका छन् । (आर्थिक वर्ष ०७४/०७५)

## २.५ धार्मिक तथा पर्यटकीय स्थल

रत्ननगर नगरपालिका भित्र प्राकृतिक एवं ऐतिहासिक, जैविक विविधता, वनजङ्गल, जीवजन्तुहरूको साथै धार्मिक एवं पूरातात्विक स्थल मनै लोभ्याउने मनोरम दृश्यहरूको संगम स्थल रहेको छ । यस नगरपालिकाभित्र रहेको प्रमुख पर्यटकीय स्थलहरू चितवन राष्ट्रिय निकुञ्ज विश्वमा नै दुर्लभ एक सिंगे गैंडाको बासस्थान रहेको सामुदायिक वनहरू रहेका छन् । त्यसैगरी विभिन्न जातजातिका मानिसहरूले मान्ने धर्ममा हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन, कृष्ण प्रणामी आदि रहेका छन् । ती विभिन्न धर्म मान्नेका लागि आस्थाको धरोहरको रूपमा यहाँ कृष्ण प्रणामी मन्दिर, हरिहर मन्दिर, राम मन्दिर, शिव मन्दिर, विश्वशान्ति बौद्ध गुम्बा, साङ्गे छुयोलिङ्ग गुम्बा, मस्जिद आदि रहेका छन् । (आ.व. ०७४/०७५)

यिनै विभिन्न महत्वपूर्ण स्थलहरूले गर्दा रत्ननगर क्षेत्र समृद्ध बन्दै गएकोछ । सौराहा जुन तेस्रो पर्यटकीय नगरीको रूपमा रहेको छ जहाँ देश विदेशका हजारौं मानिसहरू त्यहाँको मनोरम दृश्यहरूको अवलोकन गर्न आउने गर्छन् । विभिन्न धर्म संस्कृति, परम्परा, रीतीरिवाज र आफ्नोपन झल्कने खालको विविध खाले चाडपर्वहरूलाई आत्मासात गर्दै र एक अर्काको धर्म संस्कृतिलाई जगेर्ना र सम्मान गर्दै रत्ननगरका नगरबासीहरू अघि बढिरहेका छन् ।

## २.६ रत्ननगरको शैक्षिक अवस्था

रत्ननगर नगरपालिका शैक्षिक अवस्थाको हिसाबले अत्यन्त उर्वर र सम्पन्न रहेको नगरपालिका हो । यस नगरपालिका भित्र रहेका १६ वटै वडाहरूमा विभिन्न शैक्षिक कार्यक्रमहरू पनि धेरै चरणमा सम्पन्न भइसेकेका छन् जसका कारण यस नगरलाई पूर्ण साक्षर नगरको रूपमा घोषणा गरिएको छ । शिक्षाको उज्यालोबाट कोही पनि नगरबासीहरू वञ्चित हुनु नपरोस् भनी ल्याइएका विविध खालका कार्यक्रमहरू जुन बालबालिकाको हितको लागि होस् अथवा निरक्षर प्रौढ समूहका बा आमाहरूका लागि होस् यसबाट सबै लाभान्वित भएका छन् । (रत्ननगरपालिका वडा नं.१०)

रत्ननगर नगरपालिकाभित्र सञ्चालित विभिन्न निजी, सामुदायिक र सरकारी विद्यालयहरूका कारण नै नगरबासीहरूको शैक्षिक स्तरोन्नति हुन सकेको कुरामा दुई मत छैन । कोही पनि व्यक्ति शिक्षाको पहुँचभन्दा बाहिर हुनु परेको छैन जसका कारण रत्ननगर नगरपालिकाभित्र सञ्चालनमा आएका विभिन्न नीजि अथवा सरकारी विद्यालयहरूले राष्ट्रिय स्तरमानै प्रतिश्पर्धा गर्दै आइरहेको छ । साथसाथै विद्यालयहरूले उत्कृष्ट नजिता हासिल गर्दै यस नगरको नाम राख्न सफल भएका छन् ।

यहाँ सञ्चालनमा आएका विद्यालयहरूमा (नगरपालिका शिक्षा समिति रत्ननगर २०७१) सरकारी, सामुदायिक र निजी विद्यालय गरी कूल १७ वटा प्रा.वि रहेका छन् । त्यसैगरी सरकारी र नीजि विद्यालय गरी कूल ७ वटा नि.मा.वि रहेका छन् । त्यसैगरी सरकारी र निजी विद्यालय गरी २० वटा मा.वि. रहेका छन् । त्यसैगरी सामुदायिक वेद विद्याश्रम २ वटा र सामुदायिक मदरसा २ वटा छन् । त्यसैगरी बहुमुखी क्याम्पस र उ.मा.वि.हरू निजी र सरकारी गरी जम्मा १३ वटा रहेका छन् । त्यसै गरी अन्य तर्फ बाल विकास केन्द्र ४ वटा रहेका छन् । (आर्थिक वर्ष ०७४/०७४)

यसरी विभिन्न स्तरमा सञ्चालन गरिएका विभिन्न विद्यालयहरूकै कारण रत्ननगर शिक्षाको क्षेत्रमा पनि निकै अगाडि रहेको छ र विश्वबजारमा प्रतिश्पर्धा गर्न सक्ने उत्कृष्ट विद्यार्थीहरूको उत्पादन गरिरहेका छन् । आज रत्ननगरले थुप्रै डाक्टर, ईन्जिनियर, पाइलट, राजनीतिज्ञ र असल समाज सेवीहरूको निर्माण गरिरहेको छ ।

त्यसैले रत्ननगर शिक्षाको क्षेत्रमा स्तरोन्नति गर्दै दिनानुदिन अघि बढ्दै छ ।

## २.७ रत्ननगरको सांस्कृतिक अवस्था

विभिन्न जातजाति, धर्म, संस्कृति, परम्परा, वेशभूषा र रहनसहनले भरिएको रत्ननगर सांस्कृतिक विविधताको भण्डार हो । विशेषगरी ब्राह्मण, थारू, क्षेत्री, नेवार आदिको बाहुल्यता देखिएको यस नगरी आ–आफ्नै धर्म र संस्कृतिले शोभायमान बनेको छ । आदिवासीको रूपमा बसोबास गर्दै आएका थारूहरू आफ्नो धर्म र संस्कृति प्रति अत्यन्त सजग रहेर यसलाई जगेर्ना गर्दै आइरहेका छन् । माघी, होली, जितिया, पितृ औंशी आदि मुख्य चाडपर्वहरूलाई अझै विशेष रूपमा मान्ने थारू संस्कृतिको आफ्नो छुट्टै पहिचान रहेको छ । उनीहरू आफ्नो सांस्कृतिक पहिचानका लागि आफ्नो वेशभूषा सहित विभिन्न ठाउँहरूमा अथवा सभा समारोहमा उपस्थित भएको पाइन्छ । तेस्रो पर्यटकीय नगरीको रूपमा रहेको सौराहा जहाँ हजारौं पर्यटकहरू भित्रिने गर्दछन् त्यहाँ पनि उनीहरूले आफ्नो सांस्कृतिक पहिचान झल्काउने खालका कार्यक्रमहरू दिनहुँ गरिरहेका हुन्छन् । थारू कल्चरको रूपमा आफ्नो पहिचान विश्वसामु पुऱ्याउने काममा उनीहरू अत्यन्त अग्रसर देखिन्छन् । जहाँ हेर्न आउने पर्यटकहरू उनीहरूको थारू संस्कृतिसँगै झुमिरहेका हुन्छन् । त्यसैगरी ब्राह्मण जातिहरूको आ–आफ्नै सांस्कृतिक मान्यताहरू छन् । तीज, दशैं, तिहार, होली, रामनवमी आदि पर्वहरूलाई विशेष मान्ने परम्परा ब्राह्मणको संस्कृतिमा रहेको हुन्छ । हिन्दुहरूको महान् चाडको रूपमा मानिएको दशैं, तिहार नगरवासीहरूले धुमधामले मनाइरहेका हुन्छन् । यी प्रमुख चाडहरू ब्राह्मण जातिहरूले मात्र नभइकन विभिन्न जातिहरूले मनाउने गरेका छन् । यसैगरी नेवार जाति र तमाङ जातिले आ–आफ्ना भर्म संस्कृति र मान्यतानुरूप विशेष रूपले विभिन्न धर्मसंस्कृतिलाई आत्मासात गर्दै आइरहेका छन् । यसरी रत्ननगर नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिहरू मध्ये सबैभन्दा धेरै ब्राह्मण, थारू, क्षेत्री, तमाङ, नेवार, सार्की, कामी, मगर, गुरूङ, दमाई, दराई, दशनामी, घर्ती, चेपाङ्ग, मुसहर, राई, लिम्बु आदि रहेका छन् ।

सम्पूर्ण जातजातिको साझा थलोको रूपमा रहेको यस रत्ननगर नगरपालिकाभित्र एक आपसमा सद्भाव एकता र भातृत्वको सम्बन्ध रहेको छ । अनेकताभित्रको एकता यस ठाउँमा देख्न सकिन्छ । त्यसैले रत्ननगर नगरपालिका विभिन्न जातजाति धर्म, संस्कृतिको उत्कृष्ट नमुनाको रूपमा रहेको छ । सुरूमा आदिवासी थारू समुदायको मात्र बसोबास रहेको यस रत्ननगर क्षेत्र औलो रोगको उन्मूलन पछि मात्र अन्य जिल्लाबाट विभिन्न जातजातिहरू बसाइँ सरी आई बसोबास गर्न थालेको पाइन्छ । हाल भने आदिवासी भन्दा

बसाइँसराइ गरेर आई बसोबास गर्नेहरूको बाहुल्यता रहेको छ । यसरी विभिन्न जिल्लाबाट आई भिन्नभिन्न जातिहरूको बसोबास रहे पनि यहाँ सबै समुदाय बीच पारस्परिक सम्बन्ध सुमधुर रहँदै आएको छ ।

## २.८ रत्ननगरको आर्थिक अवस्था

रत्ननगर नगरपालिका भित्र बसोबास गर्ने सम्पूर्ण नगरवासीहरू जो आफ्नो आर्थिक स्तर उकास्नका लागि विभिन्न पेसा, व्यवसायमा संलग्न भएको पाइन्छ । विभिन्न उद्योगधन्दा, कलकारखाना, घरेलु उद्योगहरूका साथै कृषि व्यवसाय पशुपालन, मत्स्यपालन, कुखुरापालन, केरा खेती आदि लगायतका व्यवसायहरूले रत्ननगर आर्थिक रूपमा समृद्ध र सक्षम बन्दै गइरहेकोछ ।

तेस्रो पर्यटकीय नगरीको रूपमा विकास भएको सौराहा जो र.न.पा. भित्रै एक उत्कृष्ट ठाउँ बन्न सफल भएको छ । जहाँ वर्षेनी भित्रिने गरेका हजारौं पर्यटकहरूका कारण त्यहाँका पर्यटन व्यवसायीका व्यवसायहरू सोचे अनुरूप फस्टाइरहेका छन् जसका कारण आफ्नो आर्थिक अवस्थालाई थप सशक्त बनाएका छन् ।

कृषिमा पनि रत्ननगर अत्यन्त उर्वर मानिन्छ । उब्जाउयुक्त माटो र हावापानीका कारण धेरै कृषकहरू खेतीबालीका भरमा आ–आफ्नो जीवन सजिलै निर्वाह गरिरहेका छन् । मौसम अनुसार यहाँ धान, मकै, गहुँ, फापर, कोदो साथै विभिन्न नगदे बाली र तरकारी खेती आदि हुने गरेको छ । कृषकहरूले आफ्नो मुख्य व्यवसाय नै कृषिलाई बनाएर यहाँको माटोमा खनिखोस्री त्यसैको उत्पादनको भरमा आफ्नो जीविका चलाइरहेका छन् । आजभोलि रत्ननगरमा केरा खेती पनि निकै फस्टाएको देखिन्छ । धेरै परिश्रम गरिरहनु नपर्ने यस केरा खेतीमा आजभोलि धेरै मानिसहरू आकर्षित हुने गरेको पाइन्छ । त्यतिमात्रै होइन रत्ननगर क्षेत्र कुखुरापालनमा पनि धेरै अगाडिदेखि नै सक्षम बन्दै आइरहेको छ । बेला बेलामा देखिने महामारी र वर्डफ्लुको कारण कहिलेकाहीँ धरापमा पर्ने गरेका कुखुरापालकहरू दिगो र निरन्तर रूपमा यसैमा लागि परिरहँदा भने सफल भएका छन् । क्षणिक समयमा नै आफ्नो व्यवसायलाई भताभुङग पार्नेहरूले यदाकदा सफलता हात पार्न नसकेपनि यसलाई मुख्य पेशा मानेर दिगो रूपमा कुखुरा पालन गर्नेहरू असफल भएको पाइँदैन ।

त्यसैगरी पशुपालनमा पनि चितवनको रत्ननगर अगाडि नै रहेको छ । विशेषरूपमा गाइपालन गरी दुग्ध व्यवसाय गर्नेहरू पनि यहाँ कम  छैनन् । मत्स्यपालनमा रत्ननगरले विस्तारै फड्को मार्दै गरेको देख्न सकिन्छ ।

यी विभिन्न पेशा अथवा व्यवसायका कारण नै रत्ननगरवासीहरूले आफ्नो विपन्नतालाई परसार्दै सम्पन्नतातर्फ उन्मुख भइरहेका छन् । कामप्रतिको लगनशीलता र निरन्तरताका कारण रत्ननगर नगरपालिकाले धेरै राम्रा व्यावसायिक कृषक, उद्योगपतिहरू जन्माउँदै गएको छ । त्यसैले यो क्षेत्र आर्थिक स्तरको क्षेत्रमा सक्षम बन्दै गएको छ ।

## २.९ निष्कर्ष

आदिवासी थारू समुदायको मात्र बसोबास रहेको यस क्षेत्रमा जब औलो रोगको उन्मूलन भयो तव विभिन्न जिल्लाबाट बसाइ सराइ गरेर आउनेहरूको क्रम बढ्न थाल्यो । विभिन्न ठाउँबाट बसाइँ सरेर आउने विभिन्न जातजातिहरूको बसोबासको सङगमस्थल बनेको यस नगरमा सबै समुदायहरूबीच पारस्परिक सम्बन्ध रहेको छ ।

२०५३ साल माघ ११ गते पञ्चकन्या र रत्ननगर दुईवटा गा.वि.स. समावेश भई स्थापना भएको रत्ननगर नगरपालिका २०७१ साल मंसिर १६ गते फेरि थप दुईवटा गा.वि.स. पिठूवा र बछ्यौली समावेश भई विस्तारित बन्न पुग्यो र १९ वटा वडामा विभाजन भयो भने पुनः २०७३ फाल्गुण २७ गतेबाट १६ वटा वडा कायम हुनपुग्यो । अहिले हरेक वडामा एक एकवटा कार्यालय स्थापना गरी आफ्नो कार्य गर्दै आएको छ ।

यो नगर नेपालको पहिलो खुल्ला दिसा मुक्त नगरपालिका हो । साथै पूर्ण साक्षर नगर  र ६ वटा वडालाई पूर्ण खोप घोषणा गरिएको नगरपालिका हो ।

विभिन्न जातजाति, धर्म, संस्कृति रीतिरिवाज परम्परा वेशभूषा आदिको सम्मिश्रण बनेको रत्ननगर अत्यन्त सुन्दर र अथाह सम्भावना बोकेको नगर हो । कृषि पशुपालन कुखुरापालन, मत्स्यपालन, केरा खेती आदि जस्ता विभिन्न पेशालाई आफ्नो मुख्य व्यवसाय बनाएर अगाडि बढ्दै गरेका यस रत्ननगरवासीहरू अत्यन्त क्रियाशील र सशक्त बन्दै हरेक गाउँ र वडालाई नै समृद्ध बनाउन लागि परेका छन् ।

नेपालको केन्द्रबिन्दुको रूपमा विकसित यस नगरपालिका विभिन्न जातजातिहरूको बसोबास रहेको छ । ब्राह्मण जातिको विशेष बाहुल्यता रहेको यस क्षेत्रमा क्रमशः थारू, क्षेत्री र नेवार जातिको विशेष बाहुल्यता रहेको छ ।

२०६८ को जनगणना अनुसार रत्ननगर क्षेत्रभित्र कूल जनसङख्या ६९८५१ रहेको छ जसमा ५२% महिला र ४८% प्रतिशत पुरूष रहेका छन् । ३६५९५ जनसङख्या महिलाको छ भने ३३२५६ पुरूषको जनसङख्या रहेको छ ।

तेस्रो पर्यटकीय नगरीको रूपमा विकसित भएको सौराहा क्षेत्र, चितवन राष्ट्रिय निकुञ्ज विभिन्न धार्मिक, सांस्कृतिक, पूरातात्विक जस्ता धरोहरले यो क्षेत्र थप सुन्दर बनेको छ । चित्रसेन, हरिहर मन्दिर, शिवालय मन्दिर, राम मन्दिर आदि धार्मिक स्थलले पनि रत्ननगर सुशोभित देखिन्छ ।

रत्ननगर क्षेत्रभित्र रहेका विभिन्न नीजि, सरकारी तथा सामुदायिक विद्यालयहरूका साथै विभिन्न कलेजहरूले यो क्षेत्रको शैक्षिक अवस्थामा गुणस्तरीयता प्रदान गर्दै आएका छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिशपर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्दै आएका यी विभिन्न शैक्षिक संस्थाहरूकै कारण रत्ननगर शिक्षाको उज्यालो ज्योतिले चम्किलो बनेको छ । यहाँका सबै वडाहरूलाई पूर्ण साक्षरता घोषणा समेत गरिएको छ ।

रत्ननगर नेपालको सङ्घीय संरचना अनुरूप सात प्रदेशमध्ये प्रदेश नं. ३ को चितवन जिल्लाको पूर्वी भागमा अवस्थित रहेको छ । यसरी पूर्वमा खैरहनी नगरपालिका पश्चिममा भरतपुर महानगरपालिका उत्तरमा कालिका नगरपालिका र पूर्व दक्षिणमा खैरहनी नगरपालिका तथा चितवन राष्ट्रिय निकुञ्जको बीचमा रहेको यस रत्ननगर नगरपालिका वास्तवमै एउटा रत्नको रूपमा विकसित हुँदै गइरहेको छ भन्नुमा अत्युक्ति हुँदैन ।

# अध्याय तीन

# रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको अध्ययन

## ३.१ अंशबण्डा लोककथाको अध्ययन

### ३.१.१ कथा सारसङ्क्षेप

गाउँमा नाम चलेका व्यक्ति धर्मपाल जसले सधैँ अरूको न्याय अन्यायमा बोल्ने गरेका थिए । एकदिन उनकै घरमा छोराहरूलाई अंशबण्डा गर्नुपर्‍यो । गाउँलेहरू पनि बूढाले कसरी छोराहरूलाई भागबण्डा गर्दा रहेछन् भनेर हेर्न जम्मा भए । दुइवटी श्रीमतीमध्ये जेठी श्रीमतीपट्टिको छोरो ठूले अर्थात् शान्तराम र एक छोरी त्यसैगरी  कान्छी श्रीमतीपट्टि दुई छोरा र एक छोरी भएका धर्मपालले भागबण्डा गर्दा ठूलेलाई धनभन्दा ऋण धेरै देखाए । भाग लगाएकोमा पनि कमसल चिज जति उसकोमा पारे । कान्छीका छोराहरूलाई भने उनले सबै राम्रो र भनेजस्तो गरेर अंशबण्डा गरे । आफ्नै बुबाले यसरी आफूमाथि पक्षपात गरेकोमा ठूले असाध्यै दु : खी भयो र त्यस्तो अन्याय गर्ने बाबुको मुख के हेरेर बस्नु भन्ने सोचेर उसले त्यो गाउँ नै छोड्यो । उसले गाउँ छोड्दा सबै खुसी भए । समय बित्दै जाँदा आफ्नै पक्षमा रहेर भागबण्डा गरिदिएका बुबालाई पनि कान्छी श्रीमतीपट्टिका छोराबुहारीले हेलाँ गर्न थाले । त्यो हेलाँ खप्न नसकेर बूढा आश्रमतिर गएर बस्ने सोच गरे तर त्योभन्दा पहिले ठूलेलाई भेट्न तराईतिर लागे । ठूलेले पनि घरको सबै कुरा बुझिसकेको थियो । त्यसैले आफ्नो बुबाले पहिला गरेका सारा कुरा बिर्सिएर आफ्नै घरमा राख्यो र बुबालाई सुखसँग पाल्यो ।

### ३.१.२ कथानक संरचना

अंशबण्डा लोककथा आदि मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अगाडि बढेको छ । यस कथाको आदि भागमा सबैको मुद्दा मामिला हेर्नमा नाम चलेका धर्मपालले एकदिन छोराहरूको अंशबण्डा गर्दा कान्छीका छोराहरूलाई भन्दा जेठीपट्टिको छोरा ठूलेलाई भेदभावपूर्ण व्यबहार गरेर अंश लगाउनु रहेको छ भने मध्य भागमा त्यस ठाउँमा बस्न मन नलागेर ठाउँ नै छोडेर अन्तै जानु र यता बूढालाई कान्छी श्रीमतीका छोराबुहारीहरूले हेँला गर्नु रहेको छ । अन्त्यमा हेँला सहन नसकेर बूढा उही ठूलेलाई खोज्दै जानु र आश्रममा बस्ने कुरा गर्नु तर ठूलेले आफूसँगै राख्नु रहेको छ ।

### ३.१.३ पात्र

यस कथाको प्रमुख पात्रको रूपमा धर्मपाल र ठूले अर्थात् शान्तराम रहेका छन् । सहायक पात्रको रूपमा धर्मपालका अन्य छोराबुहारी, छोरी र छिमेकीहरू रहेका छन् । धर्मपाल बाबुको भूमिकामा रहेका छन् । उनको गलत काम गराइका कारण ठूलेलाई ठूलो चोट पुगेको छ । घरमूलीका रूपमा रहेका धर्मपाल प्रतिकूल पात्र हुन् जसले आफ्नै छोरामाथि अन्यायपूर्ण व्यवहार गर्दा बसेको सुन्दर घर बिग्रिएको छ । ठूले एक इमान्दार पात्र हो । आफूमाथि अन्याय भएको जान्दाजान्दै पनि ऊ परिवारसँग झगडा गरेर नराम्रो बन्न चाहँदैन । बरू त्यो ठाउँ छोडेर जान तयार हुन्छ । ठूले स्थिर पात्र हो जो सुरूबाटै आफ्नो असल चरित्रको प्रदर्शन गरिरह्यो । अन्य पात्र यसमा गौण पात्रका रूपमा मात्र आएका छन् । आफ्नो बाबुले दाजुमाथि त्यत्रो अन्याय गर्दा चुपो लागेर आफ्नो फाइदा हेर्ने दाजुभाइ पनि सफा चरित्र भएका पात्रका रूपमा देखिँदैनन् ।

### ३.१.४ परिवेश

यस कथामा धर्मपालको विशेष चर्चा रहेको एउटा गाउँ, गाउँलेहरू भेला भएको आँगन, सम्पत्तिको भागबण्डा, गाउँघर, तराई आदि स्थान देखाइएको छ । कान्छी श्रीमती बिहे गरेपछि तिनै पट्टिका छोराछोरीलाई माया गर्ने र जेठीपट्टिका सन्तानलाई हेलाँ गर्ने र भेदभाव गर्ने एउटा सामाजिक परिवेशलाई यसमा चित्रण गरिएको छ ।

### ३.१.५ उद्देश्य

अंशबण्डा लोककथा समाजमा देखिएको एक जल्दोबल्दो समस्या हो । दुइवटी श्रीमती बिहे गर्नु, सौतेनी आमा ल्याएपछि बाबुले पनि पहिलाका छोराछोरी माथि भेदभावपूर्ण व्यबहार गर्नु, अंशबण्डा गर्दा पनि नराम्रो र कमसल चिजजति भाग लगाइदिनु, हुँदैजाँदा अन्त्यमा आफू नै हेलाँमा पर्नु, फेरि उही छोराको शरणमा पर्न जानु जस्ता समस्याहरू आज पनि हाम्रा समाजमा विद्यमान नै छन् । त्यसैले यस कथामा सबैलाई इमानदार र चरित्रवान् हुँदै समान व्यवहार गर्नुपर्ने सन्देश दिन खोजिएको छ । असल व्यवहारले नै सबैको मन जितिन्छ गलत व्यवहारले होइन भन्ने कुरा सिकाउनु नै यस कथाको मूल उद्देश्य रहेको छ ।

### ३.१.६ अभिप्राय

यस कथामा धर्मपालको दुइटी श्रीमती हुनु, कान्छी आमा ल्याएपछि बाबुले पनि पहिलाका छोराछोरीमाथि भेदभावपूर्ण व्यबहार गर्नु, अंशबण्डा गर्दा पनि नराम्रो र कमसल भाग

लगाइदिनु, जसले गर्दा आफू अन्त्यमा हेलाँमा पर्नु, फेरि उसैको शरणमा पर्न जानु जस्ता विषयवस्तुहरू अभिप्रायका रूपमा आएका छन् ।

### ३.१.७ भाषाशैली

अंशबण्डा कथाको भाषाशैली सरल र सुबोध्य रहेको छ । लोककथामा लोकभाषाको प्रयोग गरिएको हुन्छ । जनजीवनमा चलिरहेको बोलीचालीलाई नै यसले समेटेको छ । यसकथाको वाचक अलि शिक्षित वर्गको मानिस भएको पाइन्छ । त्यति स्तरीय भाषाको प्रयोग भने यसमा भएको पाइँदैन । जेठो छोरालाई बोलाउँदा प्रयोग गरिने ठूले शब्द यहाँ प्रयोग गरिएको छ । अन्य लोककथाको औसत स्तरभन्दा यसको स्तर अलि माथि रहेको छ । कथाको थालनी एकादेशमाबाट सुरू गरिएको छ । जुन लोककथाको सुरूवातीको ढाँचा हो । ठाउँठाउँमा प्रयोग गरिएका संवादले कथालाई थप रोचक बनाएको छ । कथा वाचन गर्दै जाँदा अब के होला भन्ने कौतूहलता जगाइदिने खालको छ । समग्रमा कथाको भाषाशैली सुन्दर रहेको छ ।

## ३.२ आफन्तको खोजी लोककथाको अध्ययन

### ३.२.१ कथा सारसङ्क्षेप

आकारका दृष्टिले कथानक सरल र सटिक रहेको छ । भूकम्पमा परी आमाबुबाको मृत्यु हुन्छ । दिदीले पनि बिहे गरेपछि भाई एक्लो र बेसाहारा बन्न पुग्छ । दिदीको घर खोज्दै भाइ दिदीको घरमा पुग्छ ।  तर दिदीको हेलाँ सहन नसकेर भाइ घर छोडेर जङ्गलतिर लाग्छ । जङ्गलमा दूधको कुण्ड भेटेर टन्न दूध पिउँछ । जाँदा जाँदा फेरि गाईको गोठ भेट्छ । अघि खाएको दूधको नुनको सोझो गर्न भन्दै गोठ पनि सफा पारिदिन्छ । चर्न गएका गाईबस्तु फर्किएर आउँछन् । सफा सुग्घर भएको गोठ देखेर कसले हाम्रो गोठ सफा पारिदिएछ भन्दै छक्क पर्छन् त्यसपछि भाइ श्यामलाई देखेर तिमीले हाम्रो लागि यति गरेछौ अब हामी तिम्रो लागि केही गर्छौं भन्छन् । त्यसपछि भाइले आफ्नो वृतान्त बतायो । तिनीहरूलाई झनै माया लागेर आयो र हाम्रो पाडा बाच्छाले दूध खाएर बढी भएको हामीले कुण्डमा लगेर राख्छौं । अबदेखि तिमी त्यही दूध बेचेर आफ्नो लागि केही गर भनेपछि भाइले त्यसैगरी दूध बेच्न थाल्यो । धेरै धनी बन्यो । बिहे पनि गर्‍यो यता भिनाजुको मृत्यु भएपछि दिदीले पनि धेरै दुःख पाई र भाइ खोज्दै हिँडी । भाइलाई भेटेपछि उसको राम्रो बन्दोबस्त भएको देखेर भाइसँग माफी मागी र त्यही घरमा मिलेर बस्न थाली ।

### ३.२.२ कथानक संरचना

'आफन्तको खोजी' कथा आदि, मध्य र अन्त्यको क्रमिक शङ्खलाबाट अघि बढेको छ । आदि भागमा आमाबुबा मर्नु, दिदीले पनि बिहे गर्नु, एक्लै भएकोले दिदीको घर जाँदा हेलाँ गर्नु आदि रहेका छन् । दिदीको घरबाट निस्किएपछि गाईवस्तुको कृपाले धनी हुनु आदि मध्य भागमा रहेका छन् भने अन्त्यमा दूध बेचेर धनी हुनु र दिदीलाई पनि आफैँले पाल्नु कथाको अन्त्य भागमा रहेका छन् ।

प्रस्तुत कथालाई कथानक, पात्र, परिवेश, उद्देश्य, अभिप्राय र भाषाशैलीका आधारमा अध्ययन गरिएको छ ।

### ३.२.३ पात्र

यस कथामा प्रमुख पात्रको रूपमा दिदी र भाइ देखिएका छन् । त्यसैगरी सहायक पात्रका रूपमा गाईबस्तु र भिनाजु देखिएका छन् । भाइ यसकथाको अनुकूल पात्र हो । ऊ सज्जन र इमान्दार देखिन्छ । कथामा उल्लिखित अर्को पात्र दिदी सविना भने स्वार्थी र लोभी भएकीले प्रतिकूल पात्रको रूपमा देखापरेकी छ । यस कथाका पात्रहरूको रूपमा देखापरेका मानवेतर प्राणी गाईबस्तुहरू भने छलकपट नभएका इमान्दार र अनुकूल पात्रकै रूपमा देखिएका छन् । दुःख पाएको भाइको सफलतामा उनीहरूको ठूलो हात देखिन्छ । यसरी पात्रका हिसाबले कथा सशक्त नै देखिन्छ ।

### ३.२.४ परिवेश

भूकम्प गएर टुहुरा बनेका छोराछोरीले आमाबुबा दुबै गुमाएको देखाएर भूकम्पको परिवेश झल्काइएको छ । त्यसैगरी यस कथामा बिहे गरेको, टाढाको बाटो खोज्दै दिदीको घर पुगेको, जङ्गल, गाईबस्तुको गोठ, दूधकुण्ड, घाँस काट्नु, बस्तुभाउ चरेर फर्कनुजस्ता परिवेशहरू देखाइएका छन् । दूध बेचेर धनी भएपछि घरजम गर्नु, घर बनाउनु आदिले पनि एक किसिमको हाम्रो सांस्कृतिक मूल्य र मान्यताको परिवेश झल्कन्छ ।

### ३.२.५ उद्देश्य

यस लोककथामा दिदीको स्वार्थी र मतलवीपना झल्किएको छ । आफ्नो मात्रै दुनो सोझ्याउने तर अरूको मतलब नगर्ने खालको हाम्रो सामाजिक परिपाटीलाई छर्लङ्ग देखाउनु यसको उद्देश्य रहेको छ । आफ्ना मानिस अर्थात् आफन्तको सधैँभरि महत्व हुने गर्छ । दुःख आपत् विपत्मा साथ दिने पनि आफन्त नै हुने हुनाले कसैले पनि कसैमाथि दुर्व्यवहार गर्नु हुँदैन । सबैको दिन सधैँ एकनासको रहँदैन यो चक्र झैँ घुमिरहन्छ र जीवनमा जतिबेला जे

पनि हुनसक्छ । त्यसैले आजको भाग मात्र हैन भोलिको भाग पनि हेर्नु पर्छ भन्ने नैतिक सन्देश दिनु यस लोककथाको उद्देश्य रहेको छ ।

### ३.२.६ अभिप्राय

आफन्तको खोजी लोककथामा भूकम्प जानु, दिदीले भाइप्रति नराम्रो व्यवहार गर्नु, सम्पत्ति पनि आफैँसँग लैजानु, भाइले दुस्ख पाउनु, जोगी बन्ने सोच राख्नु, गाईबस्तुको सहयोगले धनी बन्नुजस्ता कुराहरू अभिप्रायका रूपमा आएका छन् ।

### ३.२.७ भाषाशैली

यो कथा आकार प्रकारको दृष्टिले त्यति लामो छैन । छोटो र एकै बसाइँमा पढेर सकिने तथा सरल भाषाशैलीको प्रयोग यसमा भएको छ। गोर्खा जिल्लाबाट बसाइँ सराइ गरी चितवनमा बसोबास गरेका कथा बाचकले आफ्नै स्थानीय भाषाको प्रयोग गरेको देखिन्छ । कथाको शैली बोधगम्य र प्रवाहयुक्त छ । यसपछि के होला भन्ने खालको उत्सुकता जगाउने खालको कथा रहेको छ । जटिल र लामा खालको शब्द नभइकन घटना क्रमबद्ध रूपले सलल बगेको देखिन्छ । त्यसैले यस लोककथामा अपेक्षाकृत सरल भाषाशैलीको प्रयोग भएको छ ।

## ३.३ चम्पा र चमेली लोककथाको अध्ययन

### ३.३ .१ कथा सारसङ्क्षेप

राजाले आफ्नी जेठी रानीबाट सन्तान नभएपछि अर्को बिहे गर्छन् । कान्छी रानीले दुईवटा जुम्ल्याहा छोराछोरी पाउँछिन् तर जेठी रानीले रिसले तिनीहरूलाई लगेर भुसमा गाडेर त्यसको सट्टामा कुचो र लोहोरो राखिदिन्छिन् । अनि राजालाई यी तिम्री रानीले त लोहोरो र कुचो पायो भनेर भनिदिएको कारण राजाले रिसले कान्छी रानीलाई पनि जङ्गलमा लगेर राखिदिन्छन् । एकदिन भुस खोज्दै आएका निसन्तान बूढाबूढीले भुसमा भएका ती बच्चाहरूलाई फेला पारेर लगेर पाल्छन् । तिनीहरू एकदिन खेल्दै दरवारको छेउछाउमा पुग्दा फेरि जेठीले चिनेर तिनीहरूलाई मारेर लस्करै पारेर बाटोको छेउमा गाड्दिन्छिन् । तिनीहरू चम्पा र चमेली भएर फुल्छन् । यो देखेर सबैले टिप्न खोज्छन् तर सक्दैनन् । यो कुरा थाहा पाएर राजा पनि त्यो फूल टिप्न भनेर आइपुग्छन् । राजाले छुनासाथ तिनीहरू मान्छेमा परिणत हुन्छन् । राजाले को हौ भनेर सोध्दा जसको दूध निचोर्दा हाम्रो मुखमा पर्छ हामी तिनैका सन्तान हौँ भन्छन् । त्यसपछि राजाले सबै आइमाइलाई भेला गराएर दूध निचोर्न लगाउँछन् । कसैको पनि दूध मुखमा नपरेपछि आफ्नी जङ्गलमा राखेकी रानीलाई

लिएर आउँछन् । तिनको दूध निचोर्न लगाउँदा चम्फा र चमेलीको मुखमा पर्छ । त्यसपछि यो सबै जेठी रानीको चाल रहेछ भन्ने थाहा पाएर उसलाई पनि जङ्गलमा लगेर राखिदिन्छन् । त्यसपछि छोराछोरीलाई र कान्छी रानीलाई दरवारमा लगेर खुशीसाथ बस्छन् ।

### ३.३.२ कथानक संरचना

चम्पा र चमेली लोककथा आदि मध्य अन्त्यको क्रमिक शृखलाबाट अगाडि बढेको छ । आदि भागमा जेठी श्रीमतीबाट सन्तान नभएपछि राजाले अर्को बिहे गर्नु, कान्छी रानीले जुम्ल्याहा छोराछोरी पाउनु रहेको छ । मध्य भागमा जेठी रानीले रिसले दुवै छोराछोरालाई भुसमा गाडेर कुचो र लोहोरो पाएको भनिदिनु, तिनीहरू चम्पा र चमेलीका रूपमा परिणत हुनुसम्म रहेको छ । अन्त्य भागमा राजाले तिनीहरूलाई चिनेर घर ल्याउनु र जेठीलाई सजाय दिनुसम्म रहेको छ ।

### ३.३.३ पात्र

राजा रानी र चम्फा चमेली यो कथाका मुख्य पात्र हुन् । राजाकी जेठी रानी यहाँ प्रतिकूल पात्रको रूपमा रहेकी छ । आफूले कुनै गल्ती नगर्दा पनि जेठी रानीका कारण जङ्गलको बासमा परेकी कान्छी रानीलाई प्रतिकार गर्न नसक्ने कमजोर नारी पात्रको रूपमा देखाइएको छ । राजा पनि आफ्नो शक्तिको उपयोग गरेर सत्य तथ्य बुझ्नतिर नलागेर निर्दोष कान्छी रानीलाई दरवाबाट निकालेबाट एक कमजोर पात्रको रूपमा देखिएका छन् । ढिलै भएपनि यथार्थ कुरा बुझेर छोराछोरी र रानीलाई दरवारमा फर्काएका राजा पछि भने परिवर्तनशील पात्रका रूपमा देखिएका छन् । भुस लाने बूढाबूढी, आठपरी, मन्त्री, सिपाहीहरू यस कथाका सहायक पात्रका रूपमा रहेका छन् ।

### ३.३.४ उद्देश्य

लोककथाको प्रयोजनलाई उद्देश्य भनिन्छ । प्रयोजन बिनाको लोककथाको सार्थकता हुँदैन । त्यसैले लोककथाको निश्चित प्रयोजन हुन्छ । मनोरञ्जन शिक्षा वा उपदेश दिने तथा जीवनको यथार्थ परिचय दिने लोककथाको प्रमुख उद्देश्य मानिसलाई गलत कार्य गर्नबाट रोक लगाउन खोज्नु हो । आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि अरूलाई दुःख दिने र रूवाउने काम गर्दा पछि आफू नै त्यसको भागिदार बन्न सक्ने भएकोले अरूको कुभलो हुने काम गर्नु हुँदैन भन्ने सन्देश दिनु यसको उद्देश्य रहेको छ । जेठी रानीले गरेको पाप र कुकर्मका कारण पछि आफैँ त्यस दरवारबाट निकालिएर वनबास हुनुपरेको छ । त्यसैले

सबैले आफ्नो गलत काम र व्यवहारका कारण पछि आफूले दुख् भोग्नु पर्ने भएकोले सही र असल काम गर्नुपर्ने नैतिक सन्देश यसले प्रवाह गर्न खोजेको छ ।

### ३.३.५ परिवेश

लोककथामा पात्रले क्रियाकलाप गर्ने तथा घटनाहरू घट्ने स्थान समय र वातावरणलाई परिवेश भनिन्छ । परिवेश बिना कथाको निर्माण हुन नसक्ने हुनाले यो लोककथाको अनिवार्य तत्त्व हो । चम्फा र चमेली कथामा दरवार, जङ्गल, भुस, फूलको बोट, आठपरी, कुचो र लोहोरो, मुरली, दूध निचरेको जस्ता परिवेशहरूको सृजना गरिएको छ ।

### ३.३.६ अभिप्राय

चम्फा र चमेली लोककथामा सन्तान नभएका कारण राजाले कान्छी रानी बिहे गर्नु. रानीले जुम्ल्याहा बच्चा पाउनु, बच्चालाई भुसमा गाड्दिनु, घर अगाडि मारेर गाड्नु, तिनीहरू फूल भएर फुल्नु, राजाले पत्ता लगाएर दरवारमा भित्रयाउनुजस्ता कुराहरू अभिप्रायको रूपमा प्रयोग भएका छन् ।

### ३.३.७ भाषाशैली

चम्फा र चमेली लोककथाको भाषाशैली सरल र सुबोध्य छ । यसमा शव्दको जटिलता पाइँदैन । कतिपय लोककथामा स्तरीय भाषाभन्दा भाषिकालाई महत्व दिइएको हुन्छ । जहाँबाट लोककथा प्राप्त गरिन्छ त्यहाँको आञ्चलिक भाषाको अस्तित्व यस कथामा देख्न सकिन्छ । यस कथाको भाषा त्यति स्तरीय छैन । ग्रामीण भेगका व्यक्तिहरूबाट जस्तो बोलिन्छ त्यसै अनुरूपको भाषा यसमा व्यक्त गरिएको छ । यसलाई मिलाएर र काँटछाँट गरेर बोलिएको छैन । जनवोली जस्ताको तस्तै उतारिएको छ । कथामा उच्च आदरको भाव नभएर सामान्य आदर र अनादर भाषाको प्रयोग गरिएको छ । स्त्रीलिङ्गी शव्दमा पनि पुलिङ्गी क्रियाको प्रयोग भएको छ । बिच बिचमा प्रयोग गरिएका संवादहरूले कथा थप रोचक बनेको छ । सरल संयुक्त र मिश्र तिनै प्रकारका वाक्यको प्रयोग भएको छ । साथै वाक्य छोटा, सहज र प्रवाहयुक्त भएकोले कथा बोधगम्य नै छ भन्न सकिन्छ ।

## ३.४ चलाख मधुकर लोककथाको अध्ययन

### ३.४.१ कथा सारसङ्क्षेप

चलाख मधुकर कथा कथानक, पात्र, परिवेश, उद्देश्य, अभिप्राय र भाषाशैलीको आधारमा वर्गीकरण गरिएको छ । निलध्वज राजाको दरवारमा एउटी राक्षसनी भेष बदलेर आएर सबै फूलबारी नास पारी । सबै मिलेर समात्ने प्रयास गरे । राजा र मन्त्री पनि लखेट्दै गए ।

जाँदाजाँदा जङ्गलको बाटो आयो रात झमक्कै पऱ्यो । राक्षसनी पनि त्यतै हराई । बास खोज्दै राजा र मन्त्री जङ्गलको एउटा घरमा पुगे । कालडण्डा भन्ने डङकिनीको घरमा बास बसेका ती राजालाई अनेक गरेर आफ्नो जालमा पारी । विभिन्न शर्तहरू राखेर त्यो राक्षसनीले राजाका सात भाइ छोराहरूलाई दरवारबाट निकाल्न लगाई । बाचामा हारेका राजाले भने अनुसार गर भन्दै मन्त्रीलाई दरवार पठाए । मन्त्रीले पनि त्यसै अनुसार कुमारहरूलाई दरवारबाट निक्लिन अनुरोध गरे । कुमारहरू नजिकैको अर्को दरवारमा सरे । राजा त्यस राक्षसनीलाई रानी बनाएर दरवारमा आए । केही समयसम्म त राम्रै चल्यो । एक दिन ती कुमारहरू पटाङ्गीमा खेल्दै गर्दा डण्डीको वियो उछिट्टिएर त्यही राक्षसनीको नजिकै आएर खस्यो । कान्छा कुमार मधुकर माग्न आए तर त्यसले मलाई श्रीमती बनाउँछौ बनाउने भए दिन्छु भन्दै अत्तो थापी । कुमार त्यसको कुरा सुनेर कान थुन्दै त्यहाँबाट भागे । कुमारले नमानेको कारण अब राजालाई कुरा लगाइदिएर राजाले थाहा पाए भने त मार्छन् भन्ने डरले भएनभएको कुरा राजालाई लगाएर कुमारहरूलाई मारेर मुटु कलेजो ल्याउनु नत्र म यहाँ बस्दिन भन्दै राजालाई अनेक कुरा लगाएपछि राजाले बाध्य भएर मन्त्रीलाई अह्राँएर जङ्गलमा लगेर मुटु कलेजो ल्याउन भने । मन्त्रीले सात राजकुमारहरूलाई जङ्गलमा लगेर मैले तिम्री आमाको अनुसार तिमीहरूलाई मारेर मुटु र कलेजो लिएर जानुपर्छ भनेर सबै कुरा भने । छ कुमारहरूले पनि ल तिम्रै हातको कुरा हो जे गर्छौ गर भने । तर कान्छा मधुकर अलि चलाख भएका कारण मन्त्री तिमीले सातवटा हरिणलाई मारेर सातवटा कलेजो लैजाऊ र हाम्रो हो भन्देऊ हामी दरवार फर्कदैनौं, भन्दै आफूहरू भने त्यतैबाट बाहिर बाहिरै भएर ज्यान जोगाउन सफल भए ।

### ३.४.२ कथानक संरचना

चलाख मधुकर कथा आदि, मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अगाडि बढेको छ । आदि भागमा निलध्वज राजाको दरवारमा एउटी राक्षसनीले रूप बदलेर सबै फूलबारी मास्नु, राजा मन्त्री र सबै गाउँले मिलेर त्यसलाई लखेट्दै जानुसम्म रहेको छ । मध्य भागमा राजा र मन्त्री राक्षसनीको चङगुलमा परेर आफ्ना छोराहरूलाई दरवारबाट निकाल्न सहमत हुनुसम्म रहेको छ । अन्त्य भागमा राक्षसनीले ती छोराहरूको मुटु र कलेजो खान खोज्नु र जङ्गलमा लगेर हरिण मारी तिनीहरूको मुटु कलेजो लगेर दिनु र ती सात कुमारहरूको ज्यान जोगाउनुसम्मको रहेको छ ।

### ३.४.३ पात्र

यस लोककथा चलाख मधुकरमा मुख्य पात्रको रूपमा राजा राक्षसनी मन्त्री र मधुकर देखिएका छन् । यस कथाका सहायक पात्रका रूपमा अन्य दाजुहरू, पाले र गाउँलेहरू देखिएका छन् । यस कथाका राजाले भने हरेक ठाउँमा आफूले हारेका छन् । आफूले नचाहेर पनि अरूको कारण काम गर्न बाध्य छन् । उनमा त्यति कार्य कुशलता, दक्षता र दूरदर्शिता पनि देखिँदैन । मन्त्री राजाको आज्ञा शिरोपर मात्रै गर्ने पात्र हो जसमा आफ्नो केही चल्दैन । सम्पूर्ण घर परिवार ध्वस्त पार्नका लागि रूप बदलेर आउने राक्षसनी यस कथाको प्रतिकूल पात्रको रूपमा देखिएकी छ । जसले सुन्दर परिवार तहसनहस पारेकी छ । त्यसैगरी दाजु भाइ मध्येका कान्छा मधुकर सुन्दर र चलाख पात्र हुन् । जसले हरेक ठाउँमा राक्षसनीबाट आफूलाई बचाउन सफल भएका छन् । उनैको चलाखीका कारण सातै भाइको ज्यान जोगिएको छ । त्यसैले मधुकर यस कथाका अनुकूल पात्र हुन् ।

### ३.४.४ उद्देश्य

कुनै प्रयोजनका खातिर लोककथाहरू कथिन्छन् र वाचन गरिन्छन् । जसको कारणले श्रोताले कुनै न कुनै शिक्षा त्यस कथाबाट प्राप्त गर्छ । यस कथामा पनि कुनै पनि व्यक्तिप्रति प्रभावित भएर नबुझिकन त्यसको पछि लाग्दा आउन सक्ने खतराको सङ्केत गर्न खोजेको छ । काम गर्दा दूरदर्शीता अपनाउनुपर्छ । होइन भने गलत परिणाम भोग्नुपर्ने हुन्छ । कोही कसैको बहकाउमा लागेर पछि लाग्दा आफ्नो परिवार नै तहसनहस हुन सक्ने हुनाले सोचविचार गरेर काम गर्नुपर्ने सन्देश यसमा दिन खोजिएको छ । सौताका छोराहरूमाथि त्यति ठूलो सजाय दिन लगाउनेजस्ता पात्रहरू पनि हाम्रो समाजमा सौतनी आमाका रूपमा हुन सक्ने भएकोले सचेत रहनुपर्ने र सदैव राम्रो काममा चलाख भएर अगाडि बढाउन खोज्नु यस कथाको प्रमुख उद्देश्य रहेको छ ।

### ३.४.५ परिवेश

चलाख मधुकर कथामा दरवार, जङ्गल, फूलबारी, पटाङ्गी, राक्षसनीको आश्रम, डण्डिवियो खेल आदि देखाइएको छ । दरवारिया सुख सयलमा हुर्केका कुमारहरूले अन्त्यमा दरवार छोडेर जङ्गलतिर लिएर गएको दृश्यले पनि यस कथाको परिवेशलाई दुःखद बनाएको छ । हरिणलाई मारेर मुटु कलेजो लगिदिएपछि राक्षसनीले त्यसलाई पकाएर खाएबाट "सौताको छोरो मुटुको किलो" भन्ने एउटा उखानका साथै सौताको छोराहरूप्रति नकारात्मक सोच राख्ने हाम्रो परिवेशलाई उजागर गरेको छ ।

### ३.४.६ अभिप्राय

राजाको दरवारमा राक्षसनीले भेष बदलेर आउनु, बदला लिन अनेक प्रयास गर्नु, आफूलाई रानी बनाउन लगाउनु, छोराहरूलाई दरवारबाट निकाल्न लगाउनु, राजा राक्षसनीको जालमा परेर त्यसै अनुरूप गर्दै जानु आदि यस कथामा अभिप्रायको रूपमा आएका छन् ।

### ३.४.७ भाषाशैली

आधुनिक कथामा जस्तो लोककथामा क्लिष्ट भाषाको प्रयोग हुँदैन । ग्रामीण जनजीवनको जनबोली यसमा रूपान्तरण भएको हुन्छ । ग्राम्यता लोककथामा पाइने भाषाको मूल विशेषता हो । यहाँ प्रयोग गरिएका त्याँड, गाछ, ढिकी, जाँतो, हङरङ्ग, राजाभाठाँ जस्ता शव्दहरू सामान्य भाषाको झलक दिने झर्रो र ठेट शब्दहरू हुन् । यहाँ गोर्खा पूर्खौली घर भई बसाइ सराइ गरी चितवन आएका व्यक्तिबाट वाचन गरिएको यस कथामा गोरखातिरकै लवज र भाषा भेट्न सकिन्छ । यहाँ शव्दलाई जस्ताको तस्तै उतारिएको छ । कथाको शैली वर्णनात्मक र घटनाप्रदान देखिन्छ । ठाउँठाउँका संवादले कथालाई थप स्पष्टता र सङ्क्षिप्तता ल्याएको छ । यसैले समग्रमा भन्दा सटिक र सरल भाषाशैली यस कथाको विशेषता हो ।

## ३.५ फूलथोकी मैया लोककथाको अध्ययन

### ३.५.१ कथा सारसङ्क्षेप

फूलथोकी मैयासँग बिहे गर्ने तीव्र चाहना राखेर राजकुमार उसको खोजीमा निस्कन्छ । बाटोमा भेटेका कमिला, अजिङगर, लामकाना, परेवा, घरमुखा आदिलाई भेट्छ । उनीहरूलाई पनि सहयोग गर्दै अगाडि बढेकाले उनीहरूले परेको बेला सहयोग गरूम्ला भन्छन् । दरवारमा पुगेर राजासँग कान्छी छोरी फूलथोकी मैया माग्छ । राजाले पनि मेरी छोरी बिहे गर्ने भए तिमीले मैले भने बमोजिमका काम गर्नुपर्छ । यदि तिमी त्यसमा सफल भयौ भने म तिमीलाई छोरी दिन्छु भन्छ । उसले पनि हुन्छ भन्दै राजाले अह्राएका कामहरू उनै कमिला, अजिङगर, परेवा, लामकाना र घरमुखासँग सहयोग लिएर सम्पन्न गर्छ । बिहेमा पनि सयमुरी चामलको भात खाने जन्ति लानुपर्ने थियो । अजिङगरले त्यो खाने काम गऱ्यो । सयमुरी चामल पाक्ने ताउलो लैजाने भाँडो चाहिएको थियो । घरमुखाले बुनेको डोकोमा राखेर त्यो भाँडो लगियो । यसरी राजाले राखेका सबै शर्त पूरा गरेपछि अन्तमा राजाले छोरी बिहे गरेर दिए र ऊ आफूले खोजेकी केटी फूलथोकी मैया पाएर खुसी भएर बस्यो ।

### ३.५.२ कथानक संरचना

फूलथोकी मैया लोककथा आदि, मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अघि बढेको देखिन्छ । आदि भागमा फूलथोकी मैयासँग बिहे गर्ने अठोट राखेर राजाको छोरा फूलथोकी मैया खोज्दै जानु, राजाकी कान्छी छोरी फूलथोकी मैयासँग बिहेको कुरा गरेर फर्कनु रहेका छन् । त्यसैगरी राजाले राखेको शर्त पूरा गर्न विभिन्न पात्रहरूको सहयोग लिनुसम्म मध्य भाग रहेको छ भने अन्त्यमा बिहे सम्पन्न गरेर फूलथोकी मैयालाई लिएर घर आउनुसम्मको कुरा अन्त्य भागमा रहेको छ ।

### ३.५.३ पात्र

यसमा प्रमुख पात्रको रूपमा राजाको छोरा अर्थात् फूलथोकी मैयासँग बिहे गर्न खोज्ने राजकुमार नै रहेको छ । ऊ आफ्नो इच्छा पूरा गर्न जे जस्तो समस्यालाई पनि पार लगाउन सफल एक साहसी र निडर पात्र हो । यसमा देखिएका कमिला, परेवा, लामकाना, अजिङगर, घरमुखा, राजा, फूलथोकी मैया आदि सबै सहायक पात्रको रूपमा आएका छन् । यिनै कुशल पात्रहरूको माध्यमबाट कथा अगाडि बढेको छ । फूलथोकी मैयासँग बिहे गराइदिनका लागि राजकुमारलाई पूर्णरूपमा सहयोग गरेका ती कमिला, परेवा, घरमुखा, अजिङगर र लामकाना अत्यन्त सहयोगी पात्रका रूपमा देखिएका छन् । उनीहरूबिना फूलथोकी मैयासँगको बिहे सम्भव नभएकाले यी सबै अनुकूल पात्रको रूपमा आएका छन् । आफ्नी छोरीलाई जस्तो पायो त्यस्तै र जो पायो त्यसैलाई दिन नपरोस् भनेर विभिन्न शर्त पूरा गर्न लगाएर खरो व्यक्तिका रूपमा उतार्न खोज्ने राजा पनि निकै दूरदर्शी र चलाख पात्र देखिन्छन् । यसरी पात्रका दृष्टिले कथा सफल देखिन्छ ।

### ३.५.४ परिवेश

यस कथामा दरवार, खोला, जङ्गल, डडेलो लागेको वन, परेवाका बथान, अजिङगर, डोको, सयमुरी चामल पाक्ने ताउलो, बिहे, जन्ती, भोज आदिको परिवेश पाइन्छ । छोरीको बिहे अघि केटापक्षको बारेमा केही बुझ्नु जरूरी हुन्छ नत्र छोरीलाई दुःख हुनसक्छ भन्ने जुन हाम्रो परम्परा अथवा एक किसिमको संस्कृति रहेको छ । त्यसको झल्को पनि यसमा देखिन्छ । किनकि केटो सक्षम र चलाख भएमा मात्र छोरीको जीवन सुखी रहने छ भन्नका लागि राजाले त्यसै किसिमको परिवेश खडा गरेका छन् ।

### ३.५.५ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य भनेको मनोरञ्जनका साथै नैतिक सन्देश दिनु रहेको छ । किनकि कोही कसैले कसैलाई चाहँदैमा छोरीलाई थपक्क बिहे गरेर दिइहाल्नु भन्दा पनि केटापक्षका बारेमा धेरै कुरा बुझ्नु जरूरी हुन्छ । नत्र भने छोरीलाई जीवनभर दुःख पनि हुनसक्छ । त्यसैगरी आपत्विपत्मा एकअर्काको लागि सहयोग गर्नसके मात्र पछि आफूलाई पनि सहयोग मिल्ने छ भन्ने कुराको संकेत यसमा रहेको छ । राजकुमारले परेवाको बथानलाई डडेलो लागेको वनबाट जोगाउन सफल हुँदा, कमिलालाई खोला तर्न सहयोग गर्दा, अन्त्यमा उनीहरूबाट ठूलो सहयोग मिलेको छ । त्यसैले हामीले अर्काले लगाएको गुन कहिल्यै बिर्सनुहुन्न । हतारमा निर्णय गर्नु भन्दा पहिला धेरै कुरा सोचविचार गरेर मात्रै काम गर्नु पर्छ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

### ३.५.६ अभिप्राय

फूलथोकी मैयासँग जसरी पनि बिहे गर्छु भन्ने अठोट गर्नु, बाटोमा जाँदा साथीहरू बनाउँदै जानु, राजासँग छोरी माग्नु, राजाले राखेका सम्पूर्ण शर्त पूरा गर्नु, सबैबाट सहयोग लिई बिहे गर्न सफल हुनु, र फूलथोकी मैया पाउनु यी सबै यस कथाको अभिप्रायको रूपमा आएका छन् ।

### ३.५.७ भाषाशैली

फूलथोकी मैया लोककथाको भाषाशैली सरल र सुवोध्य रहेको छ । लोककथामा ग्रामीण जनजीवनको जनवोली रूपान्तरण हुने भएकोले यसमा कठिन भाषा र शब्दहरूको प्रयोग खासै गर्ने गरिँदैन । यस कथामा प्रयोग गरिएका झ्यापझ्यापी, डोको, फलानो दिना, सयमुरी, टपाटप जस्ता ग्रामीण भाषाको झलक दिने झर्रो र ठेट शव्दको प्रयोग भएको देखिन्छ । यस कथालाई गोर्खाबाट बसाइँ सरेर आएका बाचकले आफ्नै स्थानीय भाषाकै शब्द र शैली सुनाएका छन् । कथाको शैली वर्णनात्मक र घटनाप्रदान रहेको छ । संवादले कथालाई थप स्पष्टता र सङ्क्षिप्तता बनाएको छ । सामान्य र अनादर भाषाको प्रयोग गरेर बाचन गरिएको यस कथामा उच्च आदर र बनावटी भाव भेटिँदैन । त्यसैले आकारमा त्यति लामो नभएको यस कथाको भाषाशैली सरल र प्रवाहपूर्ण रहेको छ ।

## ३.६ दिदी बहिनी लोककथाको अध्ययन

### ३.६.१ कथा सारसङ्क्षेप

यस कथामा दिदी धनी छ तर बहिनी गरिब भएको कारण अर्काको घरमा काम गरेर जीविकोपार्जन गर्दै आइरहेकी छ । बहिनी दिदीको घरमा पनि काम गर्ने गर्थी त्यसको बदलामा दिदीले कहिलेकाहीँ यसो खानेकुरा दिएझैँ गर्थी तर धरैजसो त्यसै काम लगाउँथी । दिदी दुष्ट स्वभावकी भएकी कारण बहिनीलाई काम मात्र लगाउने कामको जस नदिने गर्थी । यस्तै व्यवहारबाट आजित भएर एकदिन जङ्गलमा गएर रूँदै रूँदै घाँस काट्दै गर्दा स्यालले देखेर उसलाई धनी हुने उपाय सिकाइदिन्छ । बहिनी एकाएक धनी हुन्छे । त्यो देखेर दिदीलाई डाढ लाग्छ र स्यालसँग सोधेर बहिनीले जस्तै धनी हुने प्रयास गर्छे तर दुष्ट स्वभाव भएकी उसलाई बहिनीको जस्तो सम्पत्ति प्राप्त हुँदैन र झनै भएको पनि सकिन्छ । जसबाट भएभरको सम्पत्ति सकिँदा दुःखी हुँदै बहिनीको शरणमा पर्छे र आफूले सँधैभरि दुःख दिएको उही बहिनीकै सहारामा बाँच्छे ।

### ३.६.२ कथानक संरचना

दिदी बहिनी लोककथा आदि, मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अगाडि बढेको छ । आदि भागमा गरिब बहिनी धनी दिदीको घरमा काम गर्न जानु, दिदीले कामको जस नदिएर अनेक दुःख दिनु रहेको छ । मध्य भागमा बहिनीको दुःख देखेर स्यालले दया देखाउनु र धनी हुने उपाय सिकाइदिनु रहेको छ । अन्त्यमा दिदीले दुःख पाएर बहिनीको शरणमा पर्नु रहेको छ ।

### ३.६.३ पात्र

लोककथाका पात्रहरूमा मानिसहरूमात्र नभई पशुपंक्षी किराफट्याङ्ग्राहरूलाई पनि पात्रको रूपमा प्रयोग गरिन्छ । मानवीय होस् या अमानवीय सजीव होस् या निर्जीव सबैलाई मानवीकरण गरी प्रस्तुत गर्नु लोककथाको मौलिक विशेषता हो । यस कथाको प्रमुख पात्रमा दिदी, बहिनी र स्याल रहेका छन् । दिदीलाई हेर्दा यस कथाको प्रतिकूल पात्रको रूपमा लिन सकिन्छ । आफ्नै बहिनीलाई काममा लगाएर अवजस दिइ पारिश्रमिक पनि नदिई गाली मात्रै गरेर पठाउने खराब चरित्रको रूपमा दिदीलाई चित्रण गरिएको छ । बहिनी भने यस कथाकी एक असहाय र कमजोर पात्रको रूपमा रहेकी छ । अन्त्यमा स्यालको सहयोगका कारण बल्ल आफू धनी भएर तिनै दिदीलाई समेत माफी दिएर आफूसँगै राख्न सक्ने उदार र सफा चरित्रको रूपमा बहिनी आएकी छ । त्यसैगरी मानवेत्तर प्राणीको रूपमा आएको स्यालले

पनि दुःख दिने दिदीलाई सुधार्नको लागि राम्रोसँग सजाय दिएको छ । साथै बेसाहारा बहिनीलाई धनसम्पत्ति प्राप्त गर्ने उपाय बताइदिएर ठूलो उपकार गरेको छ । त्यसैले स्याल यसमा अनुकूल पात्रको रूपमा देखापरेको छ ।

### ३.६.४ परिवेश

दिदीबहिनी लोककथाले तत्कालीन ग्रामीण परिवेशलाई झल्काएको छ । धनी र गरिब बीचको असमानता र धनीले गरिबमाथि शोषण गर्ने प्रवृत्ति यसमा स्पष्ट देख्न सकिन्छ । यस कथामा घटना घटेका स्थानहरूमा गाउँघर, जङ्गल देखाइएको छ । दुई छाक टार्नको लागि अर्काको जुठो भाँडा माझ्ने, मेलापात गर्ने, घाँस दाउरा गर्नेजस्ता कामलाई गरिबीको दैनिकीको रूपमा देखाइएको छ ।

### ३.६.५ उद्देश्य

दिदीबहिनी लोककथाको प्रमुख उद्देश्य नैतिक सन्देश दिनु रहेको छ । कथामा धनी र गरिब बीचको असमानतालाई देखाउँदै सत्को विजय र असत्को पराजयलाई देखाइएको छ । हाम्रो समाजमा अझै हुनेखाने वर्गले गरिब र निमुखा वर्गमाथि श्रम शोषण गर्ने र तिनीहरूलाई सकेसम्म दुःख दिने प्रवृत्ति रहेको तीतो सत्यलाई यस कथामा उजागर गरिएको छ । समय सधैँ एकनाशको रहँदैन । गरिब र असहायको पनि एकदिन अवश्य दिन फिर्छ र दुःख दिनेले पनि सजायको भागेदार हुनुपर्छ भन्दै अरूलाई दुःख दिने परिपाटीको अन्त्य गर्नुपर्ने सन्देश दिनु यसको उद्देश्य रहेको छ ।

### ३.६.६ अभिप्राय

यस कथामा दिदीले बहिनीलाई दुःख दिन अनेक बहाना गर्नु, भाँडामा खरानी हाल्नु, श्रमको मूल्य नदिनु, बहिनी रूँदै रूँदै जङ्गलमा घाँस काट्नु, स्यालले धनी हुने उपाय बताउनु, बहिनी धनी बन्नु, तर दिदी भने लोभी भएको कारण भएको सम्पत्ति पनि सकिनु आदि अभिप्रायको रूपमा आएका छन् ।

### ३.६.७ भाषाशैली

यस कथाको थालनी एकादेशमाबाट सुरू भएको छ । भाषाशैली सरल र सुबोध्य नै रहेको छ । ग्रामीण परिवेशको भाषाशैली भएकोले बुझाइमा कुनै जटिलता छैन । सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग कथामा गरिएको छ । वाक्यमा भएको ठाउँ ठाउँको संवादले कथालाई थप सुस्पष्टता थपेको छ । गोर्खाको ओख्लेबाट आएका यस कथाका वाचकमा आफ्नै स्थानीय पन भेट्न सकिन्छ ।

## ३.७ मुखियाको बठ्याइँ लोककथाको अध्ययन

### ३.७.१ कथा सारसङ्क्षेप

'मुखियाको बठ्याइँ' कथा एउटा पारिवारिक कथा हो । गाउँघरमा नाम चलेका मुखियाले आफूसँग भएको सम्पत्ति एकदिन आफ्ना सबै छोराहरूलाई बाँडिदिए । सुरूमा त छोराहरूले राम्रै गरे तर बिस्तारै बिस्तारै आफूलाई हेलाँ गरेको महसुस गरेका उनलाई एकदिन छिमेकीले एउटा उपाय सिकाइदिए । मुखियाले पनि उनैको सल्लाह अनुसार आफ्ना छोराहरूलाई एउटा सानो बाक्सा देखाउँदै भने, "जसले मलाई राम्रोसँग पाल्छ उसले मेरो यो बाकसमा भएको पैसाले म मरेपछि मेरो काजक्रिया गर्नु र बाँकी पैसाले आफ्नो व्यबहार मिलाउनू ।" त्यसपछि सम्पत्तिको लोभले छोराबुहारीले सकेसम्म राम्रो गरे । उमेरका कारण पनि बूढा बिस्तारै गल्दै गएका थिए त्यसैले उनले एकदिन यो संसार छोडे । बुबाको तेह्र दिनको काम पनि सकियो, छोराबुहारीलाई भने कतिखेर त्यो बाकस खोलौँ भएका कारण सबै मिलेर बाकस खोले तर त्यहाँ त धार्मिक पुस्तक र अर्तीउपदेश लेखिएको पुस्तक मात्रै भेटे । त्यसपछि तिनै छिमेकी बूढाले छोराहरूको माया पाउनको लागि मुखियाले यस्तो गर्नु परेको हो भनेर भने । उनको यस्तो कुरा सुनेपछि छोराहरू जिल्ल परे ।

### ३.७.२ कथानक संरचना

मुखियाको बठ्याइँ कथा आदि, मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अगाडि बढेको छ । आदि भागमा गाउँभरि नाम चलेका मुखिया बाले आफ्ना छोराहरूले आफूलाई हेलाँ गर्न थालेकाले सबैलाई सम्पत्ति बाँड्नु रहेको छ । त्यसैगरी मध्य भागमा छोराहरूले बिस्तारै हेलाँ गर्न थालेकाले आफ्नो जनैको साँचो देखाउँदै यो बाकसमा मेरो सम्पत्ति छ जसले मलाई राम्रो गर्छ उसैले यो सम्पत्ति खान पाउँछ भन्दै मुखियाले बठ्याइँ देखाउनु रहेको छ भने अन्तमा बूढाको निधन पछि बाकस खोलेर हेर्दा अर्ती र उपदेश लेखिएका किताबहरू मात्रै हुनु र छोराहरू जिल्लिनु रहेको छ ।

### ३.७.३ पात्र

मुखियाको बठ्याइँ लोककथाको प्रमुख पात्र मुखिया बा नै हुन् । त्यसैगरी छोराबुहारी र छिमेकी सहयोगी पात्र हुन् । मुखिया सिङ्गो गाउँका नै न्याय अन्याय हेर्ने व्यक्ति थिए । सबैले खाए नखाएको भोको रहे नरहेको दुःख पाए नपाएको हेर्ने काम उनी आफैँ गर्थे । त्यसैले उनी यस कथाका अनुकूल पात्र हुन् । सम्पत्तिका लागि मात्रै आफ्नो जन्म दिने बाबुलाई माया गरी टोपल्ने स्वार्थी प्रवृत्तिका छोराहरू भने यहाँ प्रतिकूल पात्रको रूपमा देखिएका

छन् । मुखियालाई छोराहरूबाट हेलाँ हुन नदिन उपाय सिकाइदिने छिमेकी पनि यहाँ सहायक तथा अनुकूल पात्रको रूपमा आएका छन् । कथाको मुख्य पात्रका रूपमा रहेका मुखियालाई हेलाँ गर्ने र सम्पत्ति पाए माया गरे झैँ गर्ने छोराबुहारीहरूको चरित्र पनि यहाँ त्यति राम्रो देखिँदैन ।

### ३.७.४ परिवेश

यस कथामा एउटा ग्रामीण परिवेश देखाइएको छ । त्यहाँको गाउँले जनजीवन आफ्ना गाउँलेहरूको घरमा आगो बले नबलेको हेर्ने प्रङगबाट सामान्य घर भएका दाउरामा खाना पकाएर खाने गाउँको परिवेश झल्किन्छ ।

### ३.७.५ उद्देश्य

मुखियाको बठ्याइँ कथाको प्रमुख उद्देश्य नैतिक सन्देश दिनु रहेको छ । आफ्ना सन्तानका लागि मरिमेट्ने बुबाआमा अशक्त हुँदै जाँदा छोरा बुहारीबाट तिरष्कृत हुनु हुँदैन । त्यस समयमा झनै माया ममता र स्याहार सुसारको खाँचो हुन्छ । त्यसैले सन्तानलाई आफ्नो बुबाआमा प्रतिको कर्तव्य संधैं निभाउनुपर्छ भन्ने शिक्षा दिनु नै यसको प्रमुख उद्देश्य रहेको छ ।

### ३.७.६ अभिप्राय

यस लोककथामा मुखियालाई छोराबुहारीले हेलाँ गर्नु, माया पाउनका लागि नयाँ उपाय रच्नु, जनैमा रहेको साँचो र पैसाको बाकस छ भन्ने थाहा पाएर माया गर्नु, अन्तमा खोली हेर्दा केही पनि नहुनु जस्ता कुराहरू अभिप्रायको रूपमा आएका छन् ।

### ३.७.७ भाषाशैली

यस लोककथा मुखियाको बठ्याइँ सरल र सुवोध्य भाषाशैली भएको कथा हो । यसमा ग्रामीण समाजकै बोलीचालीको रूप देख्न सकिन्छ । लोकको जिब्रोमा बसिसकेको सरल शब्द र वाक्य नै लोककथामा प्रयोग गरिने भाषा हो । जसलाई ग्रामीण र अशिक्षित समाजले पनि सजिलै भन्न र बुझ्न सक्छ । यसरी नै यो कथा पनि सरल तथा सहज ग्रामीण भाषाको प्रयोग गरिएको कथा हो । यसमा थालनीमा लोककथाको परम्परित शैलीको प्रयोग गरिएको छ । कथावाचन गर्दै जाँदा यसपछि के होला भन्ने कौतूहलता श्रोतामा पैदा हुनसक्छ । ठाउँ ठाउँमा प्रयोग भएका संवादले कथालाई थप रोचक बनाएको छ । समग्रमा मुखियाको बठ्याइँ कथा भाषाशैलीका दृष्टिले सशक्त बनेको छ ।

### ३.८ फर्सी लोककथाको अध्ययन

### ३.८.१ कथा सारसङ्क्षेप

निःसन्तान बूढाबूढीले घरको तखतामा फर्सी राखेका हुन्छन् । त्यो फर्सी राखेको बाह्र वर्ष भएपछि एकदिन फर्सी बोलेर अब म ठूलो भएँ भन्दै बुबाआमाको सहयोग गर्छु मेरो बिहे गरिदिनुस् भन्छ । बिहेको लागि केटी खोज्नेदेखि सम्पूर्ण काम फर्सी आँफैले गर्छ । राजाकी छोरीसँग बिहेको कुराकानी छिनेको फर्सीको धुमधामसँग बिहे गर्ने तयारी हुन्छ । बिहेको दिन जन्ती सहित लिएर फर्सी बेहुली लिन दरवारमा पुग्छ । बिहेको क्रममा बेहुलीले फर्सीलाई हातमा लिएर जगिया घुम्न लाग्दा फर्सी हातबाट झरेर फुट्छ र एउटा झलझलाउँदो राजकुमारको रूपमा परिणत हुन्छ । उता बूढाबूढी पनि सुनै सुनले छापिन्छन् र घर पनि दरवारमा परिणत हुन्छ । त्यसपछि बेहुली लिएर आएर राजकुमार त्यसै घरमा बुबाआमासँग खुसीसाथ बस्छ र कथाको अन्त्य हुन्छ ।

### ३.८.२ कथानक संरचना

फर्सी लोककथा आदि, मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अघि बढेको छ । यसमा कथाको आदि भागमा तखतामा राखिएको फर्सी बाह्र वर्ष भएपछि बोल्नु र आफ्नो बिहेको चाहना राख्नुसम्म रहेको छ । मध्य भागमा फर्सीले आफ्नो बिहेको लागि केटीको खोजी गरेर बिहे गर्नु रहेको छ । त्यसैगरी अन्त्य भागमा फर्सी राजकुमारमा परिणत हुनु र घरसमेत झल्झल परेको महलमा परिणत हुनु रहेको छ ।

### ३.८.३ पात्र

फर्सी लोककथाको मुख्य पात्रको रूपमा फर्सी रहेको छ । त्यसैले यहाँ मानवपात्र मात्र नभइकन मानवेत्तर पात्रको रूपमा फर्सी रहेको छ । कथामा बूढाबूढी, राजा, जन्ती, राजकुमारीहरू सहायक पात्रको रूपमा रहेका छन् । यस कथाको प्रमुख पात्रको रूपमा आएको फर्सी, फर्सी मात्र नभएर एउटा राजकुमारको रूपमा परिणत भएको छ । त्यही पात्रबाट कथाको सुरूवात र त्यही पात्रबाट कथाको अन्त्य पनि भएको छ । निर्जीव प्राणी भइकन पनि फर्सीलाई यस कथामा मानवीकरण गरिएको छ । उसकै कारणले गर्दा एउटा निसन्तान परिवारमा खुसी छाएको छ । त्यसैले फर्सी यस कथाको अनुकूल पात्र हो । त्यस्तै फर्सीलाई सहयोग गर्ने त्यस घरका बूढाबूढी पनि अनुकूल पात्रकै रूपमा देखापरेका छन् । मानवीय र मानवेत्तर प्राणीलाई विभाजन गर्दा फर्सी मानवेत्तर र अरू सबै मानवीय पात्र हुन् ।

### ३.८.४ परिवेश

फर्सी लोककथामा ग्रामीण परिवेशको झल्को पाइन्छ । खेतबारी, हलोजुवा, फर्सी, तखता, मकै भटुनु, कपडामा पोको पारेर खेतमा खाजा लानु, बिहे, जन्ती, जगिया, ताम्दानी, पुरोहित आदिले यस कथाका ग्रामीण परिवेशको झल्को दिएको पाइन्छ । साथै विभिन्न धार्मिक र सांस्कृतिक मूल्य मान्यतालाई पनि यसले सङ्केत गरेको छ ।

### ३.८.५ उद्देश्य

हरेक कथाका शिक्षा र मनोरञ्जन दिने मुख्य  दुई उद्देश्य रहेका हुन्छन् । प्रस्तुत कथा फर्सीको पहिलो उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । लोककथाको श्रवण तथा वाचन गर्ने परम्परा सयौँ वर्ष अघिदेखिको हो । त्यसबेला मनोरञ्जका साधन थिएनन् । लोककथा सुन्ने र सुनाउने गर्दा दुबै थरिले आनन्दको अनुभव गर्न सक्ने भएकोले मनोरञ्जन दिनु यस कथाको उद्देश्य रहेको छ । दोस्रोमा यस कथामा सुन्ने व्यक्तिले 'सेवा गरे मेवा मिल्छ' अर्थात धैर्यको फल मिठो हुन्छ भन्ने सन्देश प्राप्त गर्छ ।

### ३.८.६ अभिप्राय

यस कथामा बाह्र वर्षमा फर्सी बोल्नु, फर्सीले बिहे गर्ने ईच्छा राख्नु, राजकुमारीसँग बिहे हुँदै गर्दा फर्सी मान्छेमा परिणत हुनु, घरपरिवारमा पनि सबै कुरामा परिवर्तन आउनु, धनी बन्नुजस्ता कुराहरू यस कथामा अभिप्रायको रूपमा आएका छन् ।

### ३.८.७ भाषाशैली

यस कथाको भाषाशैली सरल र बोधगम्य नै देखिन्छ । भाषामा कुनै जटिलता र बनावटीपना देखिँदैन । भन्दा सरर बुझिने खालको रहेको छ । गोरखाबाट बसाइसराइ गरी चितवनमा आई बसोबास गरेको वाचकमा स्थानीय भाषाशैलीको प्रभाव देखिन्छ । कथा यो पछि के होला भन्ने खालको कौतूहलता जगाउने खालको छ । ठाउँ ठाउँमा आएको संवादले कथालाई थप रोचक बनाएको छ । शब्दमा त्यति आदरको भाव भेटिँदैन । लोग्ने, स्वास्नी, बूढाबूढी, तखता, ताम्दानी जस्ता ग्रामीण भेगको शब्द यसमा पाउन सकिन्छ ।

## ३.९ भावीको लेखा लोककथाको अध्ययन

### ३.९.१ कथा सारसङ्क्षेप

सिकारका लागि जङ्गलमा गएका राजा र मन्त्री एउटा घरमा बास बसे । त्यो घरमा भर्खर छ दिनकी सुत्केरी थिइन् । रातको समयमा त्यस बालकको निधारमा एघार वर्षको उमेरमा बिहे हुने र त्यसै दिन बाघले खाएर मृत्यु हुने कुरा लेखियो । यो सबै कुरा राजाले थाहा

पाएर  घरका ती बूढाबूढीलाई तपाइँको छोराको बिहेमा मलाई जसरी पनि बोलाउनु भन्दै फर्किए । समय बित्दै गयो । बिहेको दिन पनि आयो बिहेमा उनीहरूले राजालाई पनि बोलाए । राजाले पनि त्यो घटनालाई रोक्नका लागि आफ्नो सेनाको फौज लिएर गएर चारैतिर तैनाथ गरे । जग्यामा बसेको बेहुलालाई त्यही यज्ञकुण्डबाटै उत्पत्ति भएको एउटा बाघले हेर्दाहेर्दै खायो । सबैजना दुःखी भए । राजाले पनि भावीको लेखालाई कसैले पनि टार्न नसकिने रहेछ भन्ने महसुस गरी परिवारमा पनि त्यही पहिलाको सबै वृतान्त बताएर दुःखी हुँदै आफू पनि दरवार फर्किए ।

### ३.९.२ कथानक संरचना

भावीको लेखा लोककथा आदि, मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अघि बढेको छ । यस कथाको आदि भागमा राजा र मन्त्री सिकार खेल्न जाँदा एउटा घरमा बास माग्नु, छ दिनको सुत्केरी भएकी कारण घरमा बल्ल बल्ल बास पाउनुसम्म रहेको छ । मध्य भागमा त्यस घरमा छैठीको दिन भावी लेख्न आउनु र भाग्यमा बिहेकै दिन मृत्यु हुने कुरा लेखेर जानुसम्म रहेको छ । त्यसैगरी अन्त्य भागमा राजाले सबैकुरा थाहा पाएकाले भावीको लेखालाई बदल्न खोज्नु तर लेखेको कुरा जसरी पनि भएरै छाड्नु रहेको छ । त्यसैगरी अन्त्य भागमा राजाले थाहा पाएकाले जसरी पनि बिहेको दिन त्यो घटनालाई रोक्न खोज्नु तर नसकेर भाग्यमा जस्तो लेखिएको थियो त्यसैगरी मृत्यु हुनु रहेको छ ।

### ३.९.३ पात्र

यस कथाको प्रमुख पात्रको रूपमा राजा रहेका छन् । मन्त्री, घरबेटी बूढाबूढी, छ दिनको बालक, भावी, अन्य सेनाको फौज र आफन्तहरू सहायक पात्रको रूपमा आएका छन् । यस कथाका राजा अत्यन्त चलाख र दूरदर्शी देखिएका छन् । भावीसँग पनि भाग्यको बारेमा सोधखोज गरेर पत्ता लगाएका उनले भोलिको बारेमा पत्ता लगाएर उनले त्यसलाई रोक्ने प्रयास पनि गरे । भावीको लेखा कसैले टार्न सक्दैन भन्ने कुरा राजा बिफल भएबाट बुझिन्छ । आफ्ना सारा फौज लगाएर आफू पनि त्यसैमा लागेका राजाबाट उनी एक उदार र निःस्वार्थी राजा हुन् भन्ने कुरा प्रमाणित हुन्छ । राजाको क्रियाकलाप हेर्दा उनी यस कथाको अनुकूल पात्र देखिन्छन् । बाघ बाहेकका सबै पात्र यस कथामा अनुकूल नै रहेका छन् ।

### ३.९.४ परिवेश

यस कथामा राजाको दरवार, जङ्गल, जङ्गलको बिचमा एउटा सानो घर, बिहे, आफन्तको रमझम, जग्या, बेहुला, छैठीको रात, भावी, सेनाको फौज आदि देखाइएको छ । सुत्केरी

भएको घरमा सुत्केरो पर्ने र त्यहाँ केही खानु नहुने भन्ने हाम्रो सांस्कृतिक परिवेशलाई पनि यसले सङ्केत गरेको छ । छैठीमा लेखिएको कुरालाई कसैले टार्न सक्दैन भन्दै ‘हुने हार दैव नटार’ भन्ने भनाईलाई यसले प्रमाणित गरेको छ ।

### ३.९.५ उद्देश्य

यस कथाले हुने कुरा जसरी पनि भएरै छाड्छ, त्यसलाई स्वीकार्नुको विकल्प अरू केही पनि छैन । भावीको लेखालाई कसैले टार्न सक्दैन भन्दै हुने कुरा भइसकेपछि रोइकराई गरेरभन्दा पनि आफूलाई सम्हाल्नुपर्ने सन्देश दिनु पनि यसको उद्देश्य रहेको छ । जनमानसमा रहेको एउटा सोच जो हाम्रो पुस्तौदेखि एक अर्कामा सर्दै आएको छ । भाग्य र भावी एकअर्कामा परिपूरक हुन्छन् । हाम्रो भाग्यमा छैठीमा जे लेखिएको छ त्यो भएरै छाड्छ । यसलाई रोक्न छेक्न खोज्नु मूर्खता हो । असम्भव कुरालाई चाहेर पनि कसैले रोक्न सक्दैन । त्यसैले ‘हुने हार दैव नटार’ भन्ने उक्तिलाई चरितार्थ गर्दै भाग्यमा जे लेखिएको छ त्यसलाई सबैले भोग्नै पर्छ भन्ने सन्देश दिनु यसको उद्देश्य रहेको छ ।

### ३.९.६ अभिप्राय

राजाहरू सिकार खेल्न जानु, बास माग्नु, भावीले भाग्य लेख्नु, बिहेको तयारी हुनु, बिहेको समयमा बाघले खानु, राजा रोक्न असफल हुनुजस्ता विषयवस्तुहरू यस कथामा अभिप्रायका रूपमा आएका छन् ।

### ३.९.७ भाषाशैली

भावीको लेखा लोककथा सटिक र सरल छ । यो कथा आकारमा पनि धेरै लामो नभएको र ग्रामीण परिवेशको भाषाशैलीको संयोजन छ । यसमा जटिलता पाईंदैन । जहाँबाट लोककथा प्राप्त गरिएको छ त्यस व्यक्तिमा आफू पहिला बसेको स्थानीय भाषाको अस्तित्व यसमा देखिएको छ । कुनै पनि बनावटी भाषा र शब्द यसमा देखिँदैन । भन्दै जाँदा आफ्नो मौलिकता सरर आएको मानिन्छ । मान सम्मानका शब्दहरू त्यति प्रयोग गरिएको पाइँदैन । राजालाई पनि यहाँ सामान्य आदर प्रयोग गरिएको छ । बाँकि सबैलाई अनादरार्थी शब्द ‘तँ’ कै प्रयोग भएको छ । कथा अत्यन्त रोचक र सिलसिलाबद्ध रूपमा अगाडि बढेकोले अब के होला ? भन्ने कौतूहलता श्रोतामा उत्पन्न गराउने खालको छ । बिचबिचमा प्रयोग गरिएका संवादहरूले कथा थप रोचक र स्पष्ट बनेको छ । लोकजीवनमा प्रचलित ठेट र झर्रा शब्दहरूको प्रयोगले भाषाशैली बनावटीजस्तो लाग्दैन । साथै स्त्रीलिङ्गी शब्दलाई पनि पुलिङ्गी

क्रियाको प्रयोग गरिएको छ । छोटा र प्रवाहपूर्ण भएकाले कथा बोधगम्य नै छ भन्न सकिन्छ ।

## ३.१० स्वार्थको परिणाम लोककथाको अध्ययन

### ३.१०.१ कथा सारसङ्क्षेप

स्वार्थको परिणाम कथामा एक निःसन्तान दम्पतिलाई अनेक दान, धर्म, तीर्थव्रत गरेर छोरी प्राप्ति हुन्छ । तर उनीहरूलाई छोरा चाहिएको कारण ज्योतिषीका अनुसार एघार वर्षको उमेरमा छोरीको बिहे गर्छन् । धेरै उमेरपछि सन्तान भएकोले उनीहरू बूढाबूढी भइसकेका हुन्छन् जसका कारण छोरो पाँच वर्षको हुँदा पालैपालो गरी उनीहरूको निधन हुन्छ । एक्लो र टुहुरो भाइलाई दिदीले म पाल्छु भन्दै लैजान्छे । दिदी भिनाजुको आँखा भने सम्पतिमा गडेको हुन्छ । भाइलाई दुवै जनाले हेलाँ गर्छन् । एकदिन आमाबुबालाई देखाइदिने बहानामा दिदी चाहिँले खोलामा बगाइदिन्छे । यता दिदीको श्रीमान्ले सौता ल्याएर दिदीलाई धेरै दुःख दिन थाल्छ । खोलामा बगेको भाइ एकदिन फर्केर आउँछ । दिदीलाई न्याय दिलाएर भिनाजु र सौताबाट छुट्कारा दिलाउँछ र दिदीसँगै मिलेर बस्छ ।

### ३.१०.२ कथानक संरचना

स्वार्थको परिणाम लोककथा आदि, मध्य र अन्त्यको क्रमिक शृंखलाबाट अगाडि बढेको छ । यस कथाको आदि भागमा अनेक तीर्थव्रत गरेर एउटी छोरी पाएका बूढाबूढीले फेरि छोराको चाहना राख्नु र छोरीको बिहे गरेपछि अर्को छोरा पनि पाउनु रहेको छ । मध्य भागमा छोरोलाई राम्रोसँग हुर्काउन नपाउँदै ती बुबाआमाको निधन हुनु र सम्पत्तिको लागि दिदीले भाइलाई लगेर पाल्नु र एकदिन बुबाआमा भेटाइदिने बाहानामा खोलामा लगेर मार्नुसम्म रहेको छ । अन्त्यमा दिदीलाई सौता र भिनाजुले हेलाँ गर्नु, भाइ पनि बिउँतिएर आउनु र सबैलाई सजाय दिलाएर दिदीभाइ मिलेर बस्नुसम्म रहेको छ । प्रस्तुत कथालाई कथानक, पात्र, परिवेश, उद्देश्य, अभिप्राय र भाषाशैलीका आधारमा वर्गीकरण गरिएको छ ।

### ३.१०.३ पात्र

कथानकमा जोडिएका घटना शृंखलामा समावेश हुने तथा ती शृंखलाको कारक तत्त्वका रूपमा रहेका व्यक्ति प्राणी वा वस्तुलाई पात्र भनिन्छ । लोककथाको लागि पात्र अनिवार्य हुन्छ । पात्रबिना कथा बन्न सक्दैन । स्वार्थको परिणाम कथामा पनि प्रमुख पात्रको रूपमा दिदी र भाइ देखिएका छन् । दिदी सम्पत्तिका लागि अन्धो भएर आफ्नै भाइलाई समेत मार्न पछि नपर्ने प्रतिकूल पात्र हो । उसमा कहीँ कतै पनि टुहुरो भाइप्रतिको माया ममता

देखिँदैन । बरू उल्टै कसरी उसको सम्पत्ति हात पार्न सकिन्छ भन्ने मात्रै चिन्ता रहन्छ । त्यसैगरी भाइ यस कथाको अनुकूल पात्र हो । दिदीले आफूमाथि जेजस्तो व्यबहार गरे पनि अन्तमा दिदीलाई दुःख दिने दिदी भिनाजु र सौतालाई सजाय समेत दिलाएर छोड्छ । भिनाजु सौता बुबा आमा यस कथाका सहायक पात्रहरू हुन् । अनेक तीर्थव्रत गरेर जन्मिएकी छोरीबाट असन्तुष्ट भएर छोराको चाहना राख्ने बुबा आमा यस कथामा पुरातन सोचका देखिन्छन् । भिनाजु पनि यस कथामा सम्पत्तिको पछि लाग्ने स्वार्थी पात्र हो । यस प्रकार यस कथाका पात्रहरूलाई प्रमुख र सहायक अनुकूल र प्रतिकूल गरेर विभाजन गर्न सकिन्छ ।

### ३.१०.४ परिवेश

यस कथामा ग्रामीण परिवेशको झल्को पाइन्छ । घर माइती, खोलानाला, ढिकीजाँतो, पञ्चभलाद्मी, ज्योतिषी, तीर्थव्रत आदी यस कथाका परिवेशका रूपमा रहेका छन् । कुनै समयमा गाउँको सम्पूर्ण मुद्दामामिला हेर्ने गाउँको पञ्च र उसको आदेश नै अन्तिम आदेश हुने तत्कालीन समयको परिवेशलाई यसले प्रतिनिधित्व गरेको छ ।

### ३.१०.५ उद्देश्य

यो कथा न्यायको पक्षमा उभिएको छ भने अन्यायाको विपक्षमा उभिएको छ । यसमा हाम्रो ग्रामीण समाजका धनसम्पत्तिको लागि मानिसले कसरी आफ्ना ईष्टमित्र र आफन्तहरूमाथि विश्वासघात गर्छन् भन्ने कुरा देखाउन खोजिएको छ । भने अर्कातर्फ सन्तानमा पनि विभेदपूर्ण व्यबहार देखाइएको छ । छोरी पाएपछि पनि छोराको लागि मरिमेट्ने समाजको यथार्थ चित्रण छ । बुढेसकालमा छोरा पाएर छोरालाई हेर्न र स्याहारसुसार गर्न आफ्नो उमेरले नभ्याउने भएपनि छोराकै आश गर्ने र छोरा जन्माउने सामाजिक परिपाटीको पर्दाफास गरिएको छ । साथै यो संसारमा कोहीकसैलाई पनि पूर्ण भरोसा गर्ने समय नभएकोले होस पुऱ्याएर काम गर्नु पर्ने सन्देश दिनु पनि यसको उद्देश्य रहेको छ । साथै गलत कामको नतिजा सधैँ गलतै हुने भएकोले सदैव असल कर्म गर्न प्रेरित गर्नु यसको प्रमुख उद्देश्य रहेको छ ।

### ३.१०.६ अभिप्राय

स्वार्थको परिणाम लोककथामा छोरी हुँदाहुँदै ज्योतिषीका अनुसार बुढेसकालमा फेरि छोरा पाउनु तर आफूले हेरचाह गर्न नपाउनु, छोरीको पनि सानै उमेरमा बिहे गर्नु, छोरीले भाइलाई सम्पत्तिको लोभमा पाल्नु, एकदिन खोलामा लगेर खोलाको बीचमा बुबाआमालाई

भेटिन्छ भनेर पठाउनु र मार्नु तर अन्त्यमा भाइ बाँच्नु र दिदीलाई दुःखबाट मुक्त गराउनुजस्ता कुराहरू अभिप्रायको रूपमा आएका छन् ।

### ३.१०.७ भाषाशैली

लोककथामा जटिल भाषाशैलीको अपेक्षा गरिएको हुँदैन । त्यसैले कथा सरल र सुबोध्य नै रहेको छ । लोककथा जहाँ प्रचलित रहन्छ त्यहीँकै स्थानीय भाषाको प्रयोग देखिने भएकोले यसमा पनि ज्योतिषीलाई हेराउने, तीर्थव्रत गर्ने, ढिकीजाँतो आदिको प्रसङ्गले स्थानीयता झल्किएको छ । घटनालाई क्रमबद्ध तरिकाले वर्णन गरिएकाले वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । कथाको शैली सरल र प्रवाहयुक्त रहेको छ । यस पछि के होला भन्ने कौतुहलता उत्पन्न गराउने खालको छ । कथा भावना र कल्पनाको प्रवाहमा नभई घटनाको वर्णनमा अघि बढेको छ । ठाउँ ठाउँमा प्रयोग गरिएको संवादले गर्दा भाषाशैलीमा झनै आकर्षण थपेको छ ।

### ३.११ निष्कर्ष

प्रस्तुत अध्यायमा दस वटा लोककथाहरूको अध्ययन गरिएको छ । कथाहरू फरक फरक विषयवस्तु, पात्र र परिवेशमा आधारित छन् । यी सामाजिक, दरबारिया लोकजीवन र अलौकिक विषयवस्तु छन् । कथामा विभिन्न किसिमका पात्रहरूको प्रयुक्ति छ । पात्रहरू खराब, असल, मानवपात्र र मानवेतर समेत रहेका छन् । आदि, मध्य र अन्त्यको क्रमिक शृंखलामा अघि बढेका कथाहरू केही लामा, कुनै केही छोटा छन् । लोकजीवन अनुकूलको भाषाको प्रयुक्ति भएकाले कथामा जटिलता र क्लिष्टता भेटिँदैन ।

**अंशवण्डा**मा सम्पत्तिका लागि जे पनि गर्न तयार हुने आजको समाजप्रति व्यङ्ग्य गरिएको छ । यसमा सबैले आ–आफ्नो कर्तव्य निभाउनु पर्ने कुरा सङ्केत गरिएको छ । **आफन्तको खोजी**मा यसमा आफन्तलाई आफन्तबाटै धोका भएपछि धनसम्पत्ति मात्रै ठूलो कुरा होइन त्योभन्दा ठूलो कुरा आफन्तहरू हुन् भन्ने देखाइएको छ । **चम्पा चमेली**मा दरबारिया खानदानको सेरोफेरोमा रहेको छ । यसमा सौताको छोरालाई मुटुको किलोजस्तै मान्ने हाम्रो समाजमा देखिएको स्वार्थीपनाको पराकाष्टा र यसले निम्त्याएको, दुःखद परिणामलाई देखाइएको छ । **चलाख मधुकर**मा दरवारिया विषयवस्तु रहेको छ । यसमा उचित समयमा सही निर्णय गर्न नसक्दा त्यसले ठूलो असर पार्छ भन्ने कुरा देखाइएको छ । **फूलथोकी मैया**मा आफूले चाहेको व्यक्तिलाई प्राप्त गर्नका लागि जस्तोसुकै समस्यासँग पनि जुध्न तयार राजकुमारले सबैलाई सहयोग गरेकै कारण उसले पनि सबैबाट सहयोग प्राप्त गरेको

कुराको सङ्केत गरिएको छ । **दिदी बहिनी**मा गरिब र धनीबिचको अन्तर सम्बन्धलाई देखाइएको छ । **मुखियाको बठ्याइँ**मा बूढाबूढी भएपछि आमाबुवा छोराछोरीका लागि कसरी बोझ बन्दछन् र उनीहरूलाई कतिसम्म घृणा र तिरस्कार गरिन्छ भन्ने देखाइएको छ । यसमा आफ्नै आमाबावुलाई हेलाँ गर्ने सन्तानहरू सम्पत्तिका लागि कसरी अन्धा हुन्छन् भन्ने देखाइएको छ ।

**फर्सी**मा फर्सीलाई मानवीकरण गरिएको छ । मानवीकृत फर्सीले घरका बूढाबूढीप्रति छोराले गर्ने भूमिका निभाएको छ । उसले आफूलाई गरेको गुनको बद्लामा गुन तिरेको देखाइएको छ । **भावीको लेखा**मा भाग्यमा लेखिएको कुरा जसरी पनि भएरै छाड्छ भन्ने देखाइएको छ । **स्वार्थको परिणाम**मा छोरालाई बुढेसकालको लौरो मान्ने सोचका कारण जुनसुकै अवस्थामा पनि छोरो जन्माएरै छोड्ने बुवाआमाको परम्परागत सोचलाई देखाइएको छ । साथै यसमा धनसम्पत्तिले  अन्धो बनाएपछि आफन्तको पनि विश्वास हुँदैन भन्ने समेत देखाइएको छ ।

# अध्याय चार

# उपसंहार

## ४.१ सारसङ्क्षेप

प्रस्तुत अध्ययनपत्रमा चारवटा अध्याय रहेका छन् ।

**अध्याय एक : अध्ययन परिचय**सित सम्बन्धित छ । यसअन्तर्गत विषय प्रवेश, समस्याकथन, उद्देश्य, अध्ययनपत्रको सीमा, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमा , अध्ययनको रूपरेखा जस्ता उपशीर्षकहरू रहेका छन् ।

**अध्याय दुई : रत्ननगर क्षेत्रको अवस्थिति**सँग सम्बन्धित छ । यस अन्तर्गत रत्ननगरको भूगोल, बसाइ, जनसङ्ख्या जातजाति, शैक्षिक, धार्मिक, राजनैतिक, आर्थिक, साँस्कृतिक अवस्थितिको समग्र परिचय रहेका छन् ।

**अध्याय तीन : रत्ननगर क्षेत्रमा प्रचलित नेपाली लोककथाको अध्ययन**सित सम्बन्धित छ । यसमा दशवटा लोककथाहरूको अध्ययन गरिएको छ ।

'अंशवण्डा' कथामा आमाबुवालाई आफ्ना सन्तानहरू समान व्यवहार गर्नुपर्छ भनि सिकाइएको छ । सम्पत्तिका लागि जे पनि गर्न तयार हुने आजको समयमा सबैले आ–आफ्नो कर्तव्य निभाउनसके मात्र पारिवारीक सम्बन्ध सुमधुर हुन्छ भनिएको छ ।

'आफन्तको खोजी' कथा पनि सामाजिक कथा हो यसमा धनसम्पत्ति मात्रै सबै कुरो होइन तीभन्दा ठूला आफन्तहरू हुन्छन्  त्यसैले आफूले जहिले पनि आफ्नो कर्तव्य निभाउनुपर्छ भनिएको छ ।

'चम्पा र चमेली' कथा दरबारीया खान्दानको कथा हो । यसमा सौताको छोरो मुटुको किलो भन्ने भनाइलाई सौतेनी आमाले सार्थकता दिएको प्रसंग छ । आफ्नो स्वार्थ पूरा गर्नको लागि भोलिको बारेमा नसोची आजकै लागि मरिमेटी गरेको स्वार्थीपनको पराकाष्ठा र त्यसले ल्याएको दु:खद परिणामलाई देखाइएकोछ ।

'चलाख मधुकर' कथा पनि दरवारकै वरपर रहेर घुमेको कथा हो । यसमा सबै कुरा समयमै गुर्न नत्र ठूलो समस्या आइलाग्न सक्छ । सही निर्णय गर्न नसक्दा त्यसले भविष्यमा ठूलो असर पार्न सक्ने कुरालाई यसमा देखाइएको छ ।

'फूलथोकी मैया' साहसी राजकुमारसँग सम्बन्धित कथा हो । साहस र हिम्मत भए जुनसुकै कामलाई पूर्णरूप दिन सकिने भएकोलले काम गर्दा आफूमा जहिले पनि हिम्मत र

आत्मविश्वास हुनु जरूरी छ । आफूले सहयोग गर्नसके मात्रै अरूबाट पनि सजिलै सहयोग पाउन सकिने कुरालाई यसमा देखाइएको छ ।

'दिदी बहिनी' कथा धनीमा र गरिबबीचको असमानतालाई देखाइएको कथा हो । धनीले गरिबमाथि गर्ने अन्याय र शोषण आजसम्म पनि यथावत नै रहेको परिप्रेक्ष्यमा यस कथामा दिदीले बहिनीमाथि गरेको शोषण देखाइएको छ ।

'मुखियाको बठ्याइँ' पनि एक सामाजिक कथा हो । यसमा बृद्ध भएपछि बुवाआमालाई आफ्नै छोराछोरीले गर्ने घृणा र तिरस्कारलाई देखाइएको छ । धनसम्पत्तिका लागि जे पनि गर्न तयार हुने आजका छोरा बुहारीको व्यवहारको चित्रण यसमा गरिएको छ ।

'फर्सी कथा' एक मनोरञ्नात्मक कथा हो । यसमा फर्सीले मानवपात्र जस्तै भएर भूमिका निर्वाह गरेको छ । कसैले लगाएको गुनको बदला गुन तिरिदिएको प्रसङग यस कथामा रहेको छ ।

'भावीको लेखा' भाग्यप्रति विश्वास गरिएको कथा हो । यस कथाले हुनेहार दैव नटार भन्ने भनाइलाई सार्थकता दिएको छ । यस कथामा भाग्यमा लेखिएको कुरा चाहेर पनि मेट्न सकिंदैन भन्ने कुरालाई देखाइएको छ ।

'स्वार्थको परिणाम' पनि एक सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा छोरीभन्दा छोराको चाहना राख्ने सोच भएका व्यक्तिहरू आज पनि उत्तिकै छन् भन्ने देखाइएको छ । अर्कातर्फ पैसाको लोभमा अन्धो भएर आफ्नै भाइलाई मार्ने दिदीको स्वार्थी प्रवृत्तिलाई पनि देखाइएको छ । त्यसैले आफूलाईभन्दा पनि बढी अरूप्रति भरोसा राख्नु नहुने सङ्केत गरिएको छ ।

**अध्याय चारः उपसंहार**सित सम्बन्धित छ । यसमा अघिल्ला तीन अध्यायको सार सङ्क्षेप प्रस्तुत गर्दै समग्र निष्कर्ष दिइएको छ ।

## ४.२ समग्र निष्कर्ष

लोकजीवनसँग सम्बन्धित परम्परागत अनुश्रूति परम्पराबाट विकसित हुँदै लोककथाले हिजोको दिनमा जसरी शिक्षा र मनोरञ्जन प्रदान गरेको थियो आज पनि लोककथा यसै अवधारणा अनुरूप लोकमानसमा लोकप्रिय रहिआएको छ ।

यहाँ प्रस्तुत गरिएका लोककथाहरूमा पनि हाम्रै नेपाली समाजमा देखिएका कतिपय घटनाहरू प्रत्यक्ष रूपमा अथवा अप्रत्यक्ष रूपमा मेलखाने खालका छन् भने कतिपयले शुद्ध

मनोरञ्जन मात्रै प्रदान गरेका छन् । त्यसैले सङ्कलित यी लोककथाहरू पनि हाम्रै भोगाइ दुःख, पीडा, सुख, खुसी आदिलाई प्रस्तुत गर्ने सशक्त माध्यम बनेका छन् ।

सङ्कलित लोककथाहरूमा आमाबाबुले आफ्ना सबै सन्तानप्रति समान व्यवहार गर्नुपर्ने धनसम्पत्ति मात्रै सबै कुरो होइन त्यसैले आफ्नो कर्तव्यलाई कहिल्यै छोड्नु हुँदैन । उचित निर्णयको अभावमा ठूलो समस्या आईपर्ने, साहस र हिम्मत मनभित्र भए सबै कुरामा सफलता प्राप्त गर्न सकिने, धनी र गरिबका आधारमा कसैले पनि कसैमाथि शोषण गर्न नहुने, आमाबाबुप्रति सन्तान सँधै बफादार र कर्तव्यपरायण बन्नुपर्ने, आफूले आफ्नो कर्तव्य निभाउन सके अन्तमा सफलता प्राप्त गर्न सकिने, हामीले भाग्यमा पनि विश्वास गर्नुपर्ने, धनसम्पत्तिको उन्मादले मान्छे कहिले पनि अन्धो हुन नहुने जस्ता सन्देश, उपदेश, नैतिक शिक्षा र मनोरञ्जन यी कथाहरूले प्रदान गरेका हुन् ।

यसरी यी विविध खाले लोककथाहरूबाट हाम्रोले समाजले दीक्षा ग्रहण गर्दै आएको छ । यस्तै विशेषताहरू यी लोककथाहरूमा प्राप्त छन् ।

## परिशिष्ट

### क. सङ्कलित : मूल पाठ

### १. अंशबण्डा

एकादेशमा एउटा सानो गाउँ थियो । त्यस गाउँमा सबैले मानेका एक धर्मपाल नामका व्यक्ति थिए । एकदिन धर्मपालका घरमा अलिअलि गरेर मानिसहरू ओइरिन थाले । एउटा विशाल जनसमूहको जमघट भयो । आउने सबैको मनमा उत्सुकताको लहर फैलिएको थियो । गाउँघरमा निकै नाम चलेका धर्मपालले आज छोराहरूको कसरी अंशबण्डा गर्लान् भन्ने जान्न सबै आतुर थिए ।

धर्मपालका दुईवटी श्रीमतीमध्ये जेठीको मृत्यु भइसकेको थियो । जेठीपट्टि एउटी छोरी र एउटा छोरा थिए । उनीहरूमध्ये छोरी शोभाको बिहे भइसकेको थियो र छोरो शान्तरामको भने बिहे भएको थिएन । त्यसैगरी कान्छीपट्टि दुई भाइ छोरा र एक छोरी थिए । भाइहरूको नाम थियो शशिकान्त र शुशील । जसमध्ये शुशीलको र सानी बहिनी रमाको बिहे भएको थिएन ।

धर्मपालले तमाखु तान्दै भने, "ए ठूले ! (शान्तरामलाई सबैले ठूले भन्थे) लौत अब ताँ बुहारीको कुरा सुनेर छुट्टिन आँटिहालिस् अहिले तुरून्तै छुट्टिन पर्ने त केही पनि थिएन । जेठोबाठो तैं होस् अब कसरी भागबण्डा लगाउने हो लगा । हामी बूढाबूढीलाई पनि चाहिएला, कान्छो भाइको पनि बिबाह खर्च छुट्याउनुपर्ला । अनि तिमीहरूले कति भैटौला र ? दुईचार वर्ष भाइ भाइ मिलीमतो गरेर बसे केही उन्नति हुन्थ्यो कि ? अनि पछि भागबण्डा गर्दा पनि केही थपथाप हुनेथियो । तर अहिले नै छुट्टिन पाए केके न हुन्थ्यो भन्ठान्यौ अब छुट्टिएरै बस । कुरा नउठ्नु उठेपछि भाँडिनुभन्दा बाँडिनु राम्रो भन्छन् कसो त ठूल्दाइ ? गाउँका सबैभन्दा बूढा शिवहरितिर फर्केर उनले भने । हो बाबु, सधैं घरमा कलह हुनु र भित्रभित्रै कुँडिएर बस्नुभन्दा त आफ्नो आफ्नो सुर गरेर बस्दा नै राम्रो ।

बाबुले आफूलाई नै औँल्याएर सोधेपछि शान्तरामले उत्तर त दिनै पर्‍यो । आफ्नो बाबुमाथि पूरै विश्वास राखेर शान्तरामले भन्यो, "म के अंशवण्डा गरूँ र पिताजीले हामी तिनै भाइलाई बराबर हुने गरी भागबण्डा गरिदिए मेरो मञ्जुर छ ।"

धर्मपाल एकछिन घोरिएर भन्न लागे त्यसो भए मैले लगाको भागवण्डामा चित्त बुझ्छ हैन त तेरो ठूले ? शान्तरामले मुन्टो हल्लाउँदै बुझ्छ भन्ने सङ्केत गर्‍यो । छुट्टिएर जाने त ठूले मात्रै हो अहिले अरू त मसँगै बस्ने हुन् भन्दै धर्मपालले धर्मको पालना नगरी आफ्ना धन

जति छिपाए । ऋण भने नछुटाइकन भएभरको देखाए । ठूलेको भागमा सबै कमसल खालका चीजमात्रै पारियो ।

ठूले आफ्नो बाबुले गरेको यस्तो खालको भागबण्डाबाट आश्चर्य चकित थियो । आफ्ना बाबुले आफूमाथि यतिसम्म अन्याय गर्लान् भन्ने सपनामा पनि नसोचेको ठूले न्याउरो अनुहार लाएर झोक्राएर बसिरह्यो । भाइहरू भने बाबुले आफूहरूको पक्ष लिएकोमा खुसी थिए । त्यहाँ जम्मा भएका वरपरका मानिसहरू बूढाको यस्तो फैसलाबाट चकित हुँदै एकआपसमा कानेखुसी गर्न थाले । ठूलेलाई जग्गा जमिन, गाईवस्तु, सुनचाँदी गरी सबै जायजेथामा ठगियो भनेर जान्दाजान्दै पनि आवाज उठाउन कसैले पनि हिम्मत गर्न सकेनन् । उसै पनि धर्मपाल कडा मिजासका व्यक्ति थिए । जोसँग हत्तपत्त कोही पनि बोल्ने आँट गर्दैनथ्यो । त्यसैमाथि पनि यो घरायसी मामलाको अंशबण्डा भएकाले कोही पनि केही नबोली अमिलो मन बनाउँदै सबैजना आआफ्ना घरतिर लागे । जाँदाजाँदै गाउँघरका मानिसहरू ठूलेप्रति सहानुभूति प्रकट गर्दै खुत्रुक्कै पारे बिचरा टुहुरालाई भन्दै थिए । ठूले पनि आफ्नो बाबुको यस्तो पक्षपातपूर्ण व्यवहारबाट असन्तुष्ट थियो । पूरै विश्वास राखेर बाबुलाई भागबण्डाको जिम्मा सुम्पिएको ठूलेले आफ्नै बाबुले यस्तो अन्याय गर्लान् भन्ने सोचेको भए शायद यो अविभारा सुम्पदैनथ्यो होला । अब आफू चुकिसकेको कारण आफ्नो भागमा जेजति परेको छ त्यसमै चित्त बझाउनु सिवाय अरू विकल्प पनि थिएन र यस विषयलाई लिएर ऊ थप झगडा गर्न पनि चाहँदैनथ्यो । आमा सौतेनी भएपनि बाबु त आफ्नै थिए नि । सबैका साझा बाबुले सबैलाई समान व्यबहार गर्नुपर्ने थियो तर अपशोच त्यस्तो हुन सकेन भन्दै ठूलेले मनमनै भन्यो, “धिक्कार छ यस्ता बाबुलाई । यस्ता कपटी बाबु त कसैका पनि नहुन्” भन्दै आँखाबाट आँशु तपक्क चुहायो र त्यहाँबाट उठेर हिँड्यो ।

गाउँघरमा पनि आफू अरूभन्दा कमजोर भएको महसुस गरी उसले एकाएक गाउँ छोडेर जाने निर्णय गऱ्यो । ठूलेले गाउँ छोडेर अन्तै जाँदैछ रे भन्दा नजा बाबु भन्ने परिवारमा कोही पनि देखिएन । बरू गाउँ छोड्दा परिवारमा सबै खुसी देखिए ।

समयको चक्र घुम्न बेर लाग्दैन । पाँच वर्षपछिको कुरो हो । धर्मपालले बूढो हुँदै गएपछि धेरै दुःखको सामना गर्नुपऱ्यो । श्रीमतीले पनि छोडेर गइन् । आफ्नो पनि कमाउने अबस्था नहुँदा छोराबुहारीले पनि हेलाँ गर्न थाले । ठूलेलाई समेत विश्वासघात गरेर जोडिदिएको सम्पत्तिमा छोराबुहारी आफूमात्रै रमाउन थाले । तर बूढा धर्मपालको अवस्था भने दयनीय बन्दै गयो ।

यस्तो अवस्थामा आफू परेपछि धर्मपाललाई मैले ठूलेप्रति ठूलो अन्याय गरेँ जसको परिणाम मैले अहिले भोग्नुपरिरहेको छ भन्ने बल्ल महसुस हुन थाल्यो । आफ्नै सन्तानलाई मैले यस्तो पक्षपात गरेँ हे भगवान मलाई माफ गर भन्दै बूढा एक्लै बर्बराइरहन्थे । त्यस बखत म किन अन्धो भएँ मैले मेरो भविष्य किन हेरिनँ । अब म कहाँ जाऊँ ? के गरूँ ? ठूलेलाई कसरी भेटेर आफ्नो गल्तीको क्षमा मागूँ । अब जे भएपनि एकपटक ठूलेलाई भेट्छु र माफी माग्छु । तिम्रो यो असती बाबुलाई सक्छौ भने एकपटकलाई माफ गर भन्छु । मलाई तिम्रा भाइहरूले देखिसहेनन् त्यसैले कुनै आश्रममा गएर बस्नु अघि तिम्रो मुख हेर्नको लागि मात्र आएको हुँ भन्छु र फर्कन्छु भन्ने सोचेर बूढा छोरो शान्तरामको घर तराईतिर लागे । आफ्ना दुईवटा सन्तानसहित तराई झरी दुःखसुख गरेर जीविकोपार्जन गरिरहेको ठूलेलाई अचानक आफ्नो घरमा बुबालाई आफूअघि देख्दा त सपना जस्तो लाग्यो । ठूलेले बुबालाई ढोग्यो र सम्मानकासाथ भित्र लग्यो । बूढा धर्मपाल भने आफूले हिजोका दिनमा गरेका गल्तीलाई सम्झिएर आँखाभरि आँशु पार्दैथिए ।

केही दिन छोरोको घरमा बसेपछि ठूले अब म फर्कन्छु तिमीहरू राम्रोसँग बस है भन्दै बूढाले बिदा मागे । त्यसपछि ठूलेले आफ्नो बुबालाई सोध्यो, "हजुरलाई भाइहरूले त देखिसहन्नन् क्यारे फेरि कहाँ जानुहुन्छ र बुबा ?" त्यसपछि बूढाले न्याउरो अनुहार लाउँदै भने म त एकपटक तिम्रो मुख हेर्न र तिमीसँग क्षमा माग्न मात्रै आएको हुँ बाबु अब जहाँ गए पनि मेरो प्राण सजिलैसँग जाने छ । तिमी चिन्ता नगर बाबु भगवानले लगाउलान् नि कुनै न कुनै बाटो । म कुनै आश्रममा गएर बाँकी जीवन काट्ने छु । तिमीहरू सबैजना बस भन्दै झोला बोकेर निस्किएका बुबालाई ठूलेले विनम्र भएर अनुरोध गऱ्यो, "बुबा यदि हजुरले हामीलाई साँच्चै आफ्नै सन्तान ठान्नुहुन्छ भने अब यहाँबाट अन्त जाने कुरा नगर्नुस् । पहिलाका कुरालाई सम्झिएर यसो भन्नुभएको हो भने मैले ती सबै कुरा बिर्सिसकेँ । म हजुरलाई रूवाउने छैन घरमा पाकेको मिठो पिठो जे छ त्यही खाउँला यहीँ बस्नुस् ।" छोरोको यस्तो कुराले बूढाको मन भरिएर आयो र मनमनै भगवानलाई धन्यवाद दिँदै छोराबुहारी र नातिनातिनासँग त्यही घरमा खुसीसाथ मिलेर बस्न थाले ।

**निष्कर्ष :** अंशबण्डा कथा एक सामाजिक कथा हो । यस कथामा घरमा देखिएको पारिवारिक समस्यालाई देखाइएको छ । घरमा बुबाआमाले जहिले पनि आफ्ना सन्तानप्रति समान व्यवहार गर्नुपर्छ । आफ्नै छोराछोरीलाई अंशबण्डामा भेदभाव गर्दा त्यसको नतिजा राम्रो हुँदैन र अन्त्यमा आफैँले दुःख भोग्नुपर्छ । बूढाबूढी हुँदै जाँदा परिवारबाट झनै हेलाँ र

तिरस्कृत हुन सकिने कुराको पनि यसले सङ्केत गरेको छ । सम्पत्तिका लागि जे पनि गर्न तयार हुने आजको समाजमा सबैले आ–आफ्नो कर्तव्य निभाउनु पर्ने कुराको संकेत गरिएको छ ।

**२. आफन्तको खोजी**

कुनै एउटा गाउँमा एउटा सानो परिवार थियो । जुन परिवारमा बाबुआमा छोराछोरी थिए । छोराको नाम श्याम र छोरीको नाम सविना थियो । त्यतिखेरको भूकम्पले तिनीहरूका बुबाआमालाई लग्यो तर विचरा ती छोराछोरी बाँचे तर टुहुरा बने । बुबाआमालाई गुमाएर पनि बाँच्न सफल भएका उनीहरू धेरै दुःख कष्टहरू खप्न वाध्य भए । सविना दिदी थिई भने श्याम भाइ थियो । उनीहरू दुःख सुख जसोतसो गरेर दिनहरू बिताउँदै थिए । समय बित्दै गयो दिदी पनि बिहे गर्ने उमेरकी भइसकेकी कारण जीवनसाथी खोजेर बिहे गरेर अर्काको घर गई ।

भाइलाई एक्लै छाडेर दिदी घर गएपछि भाइले झनै धेरै दुःख कष्टहरू सहनु पऱ्यो । अलिअलि भएको सम्पत्ति पनि दिदीले आफूसँगै लिएर गएकी कारण भाइलाई खानलाउन पनि कठिन थियो । गाउँघरमा पनि खासै कसैले वास्ता नगरेपछि भाइ पूर्णरूपमा एक्लो र बेसाहारा भयो । भाइ पनि केही ठूलो भइसकेको थियो ।

एकदिन दिदीलाई खोज्न जानु पऱ्यो भनी ऊ घरबाट निस्कियो । सोध्दै खोज्दै ऊ दिदीघर तिर लाग्यो । जाँदा जाँदा दिदीको घर यही हो भनेर ठम्याएपछि ऊ आँगनमा पुगेर दिदी ! दिदी ! भनेर बोलाउन थाल्यो । भित्रबाट एकजना मानिस आए ती व्यक्ति भिनाजु रहेछन् । उसले भिनाजुलाई दिदी खै ? भनेर सोध्यो, खाना पकाउन लागेकी छ भन्दै भिनाजुले श्यामलाई भित्र लगे । त्यतिका समयपछि आफूलाई खोज्दै आएको भाइलाई देख्दा पनि दिदीले उति वास्ता गरिन । भाइलाई पनि दिदीको यस्तो व्यवहार मन परेन । दिदीले आफूप्रति त्यस्तो व्यवहार गरेको जान्दा जान्दै पनि भाइ दुई चार दिन त त्यसै घरमा जसोतसो सहेर बस्यो । तर अति नै भएपछि त्यहाँ बस्न सकेन र यस्तालाई आफन्त भनेर बस्नुभन्दा त बरू जोगी भएरै हिड्न वेश भन्ने सोचेर ऊ घर छाडेर हिँड्यो । जाँदा जाँदा जङ्गलको बाटो आयो जनावहरूको डर हुने त्यस जङ्गलमा पनि ऊ नडराइकन अघि बढिरह्यो । धेरै दिनदेखि उसले केही पनि नखाएको कारण ऊ भोकले अत्तालिएको थियो । अजिङगरको आहारा दैवले पुर्याउँछ भने झैँ, उसले त्यहाँ एउटा दूधपोखरी देख्यो । डराइ डराइकन त्यहाँबाट दूध निकालेर पियो । टन्न दूध पिएर त्यहाँबाट आफ्नै बाटो लाग्यो । धेरै

टाढा पुगेपछि बाटोमा एउटा गोठ देख्यो । त्यस गोठमा माउ वस्तुहरू थिएनन् । पाडाबाच्छाहररू मात्रै थिए । गोठ पनि ज्यादै फोहोर थियो । आफूले अघि खाएको दूध त्यहीँका गाईवस्तुको हुनुपर्छ भन्ने सोचेर नुनको सोझो गर्न भनी उसले त्यो गोठलाई सफासुग्घर बनाइदियो । घाँस काटेर राखिदियो । सोत्तर बिच्छ्याएर पाडाबाच्छालाई पनि बस्नको लागि सजिलो बनाइदियो । बेलुका भएपछि गाईबस्तुहरू जङ्गलबाट चरेर फर्किए । फर्कँदा गोठ सफासुग्घर भएको, घाँस काटेर राखिदिएको, सोत्तर बिच्छ्याएको देखेर अचम्म मान्दै यो सब कसले गऱ्यो होला ? भनेर यताउति हेरे, त्यहीँ नजिकै बसिरहेको श्यामलाई देखे । आफ्नो लागि यति धेरै काम गरेको देखेर गाईबस्तुले भने, “हाम्रा लागि यति धेरै गर्यौ भन अब हामी तिम्रा लागि के गरौँ ?”

तिमीलाई के कुराको अभाव छ ? भन भन्दा उसले आफ्नो सारा वृतान्त कह्यो । उसका सारा वृतान्त सुनेर उनीहरू पनि दुःखी हुँदै भने पाडाबाच्छाले खाएर बढी भएको हाम्रो दूध यहीँ नजिकैको कुण्डमा जम्मा हुन्छ । अबदेखि त्यो दूधलाई तिमी लगेर बेच र आफ्नो लागि केही गर ।

त्यसपछि श्यामले पाडाबाच्छाले खाएर बढी भएको त्यो दूध बेच्न थाल्यो । बेच्दा बेच्दै ऊ धनी भयो । त्यसैबाट आएको पैसाले एउटा घडेरी किन्यो, घर बनायो र घरजम गरेर बस्यो । यता भाइको अवस्था राम्रो हुँदा उता दिदीको अवस्था भने बिग्रँदै गयो । भिनाजुको पनि औलोको कारण मृत्यु भयो । भएको सम्पत्ति पनि उपचारमा खर्च भइसकेको थियो । अब आफ्नो सम्पत्ति र साहारा कोही नभएपछि दिदी पनि भौँतारिँदै हिँड्न थाली । खोज्दै हिँड्दा हिँड्दा अचानक ऊ भाइको शरणमा आइपुगी । भाइले त्यत्रो प्रगति गरेको देखेर उसले आफूले पहिला भाइप्रति गरेको व्यवहार सम्झँदै भाइसँग माफी पनि मागी । शरणमा परेकालाई मरण गर्नु हुँदैन भन्ने सोचेर भाइले पनि सारा पुराना कुरालाई बिर्सिएर दिदीलाई माफी दियो । अब यही घरमा बस्नुस् दिदी कहीँ जानुपर्दैन भन्दै त्यही घरमा बसायो । बाँकी समय दुबैले खुसीसाथ बिताए ।

**निष्कर्ष :** आफन्तको खोजी लोककथा एक पारिवारिक कथा हो । यसमा दिदीले भाइप्रति गरेको व्यवहारबाट भाइ आजित छ । आफ्नै दिदीले पनि आपत परेको बेला साहारा नदिएर उल्टै खेदो खनेपछि भूकम्पमा आमाबुबा गुमाएको टहुरो भाइले आफैँ सङ्घर्ष गरी राम्रो व्यक्ति बन्यो र आफूलाई हेलाँ गर्ने दिदी जो पछि दुःखी भएको देख्न सकेन र उसलाई

आफैँसँग राखेर पाल्यो । धनसम्पति मात्रै सबैथोक होइन त्योभन्दा ठूलो आफन्तको साथ र माया हुन्छ भन्ने कुरालाई यस कथाले देखाएको छ ।

**३. चम्पा र चमेली**

एकादेशमा एउटा राजा थियो । त्यो राजाको एउटी रानी थिई बालबच्चा थिएनन् । रूपमा राम्री भए पनि त्यो रानीबाट सन्तान भएन । धेरै उपचार र धामीझाँक्री लगाए पनि राजाको सन्तान नभएपछि राजाले अर्की स्वास्नी विहे गऱ्यो । कान्छी स्वास्नीबाट जेयजन्म हुने भयो ।

त्यहाँ मुरली बजाउन जङ्गल जानु पऱ्यो राजा । अनि अर्को बाँसुरीचाहिँ बजाउन छोडेर गाथ्यो राजाले । तँलाई व्यथा लाग्यो भने यो बाँसुरी बजाउनु है त्यसपछि मैले थाहा पाउँछु अनि आउँछु भन्याथ्यो राजाले । त्याँड स्वास्नी चाहिँले कस्तो हुँदोरहेछ बजाइ हेर्नुपऱ्यो भनेर व्यथै नलागी बाँसुरी बजाई । अनि राजा हुत्तुराउँदै हुत्तुराउँदै आएर हेर्दा त व्यथै लाछैन । तैँले किन त्यसै बजाको भनेर सोध्दा कस्तो हुन्छ भनेर बजाको अहिले त व्यथा लाछैन भनी रानी चाहिँले । त्याँड राजा रिसाएर गयो फर्कैर । पछि व्यथा लाएपछि बजाउँछ रे बजाउँछ रे राजा आउँदैन । गर्दा गर्दा रानीले बच्चा पाएछ त्यसमा पनि जुम्ल्याहा छोरा र छोरी । त्याँड जेठी चाहिँलाई त रिस उठेको रिस उठ्या भएर जेठी चाहिँले दुवैलाई उठाएर ल्याएर त्यहाँ एउटा बोरामा भुस रैछ त्यहीँ भुसमा गाड्देछ रे । त्यसपछि लोहोरो र कुच्चो त्यही रगतमा लट्पटाएर राखिदिएछ । त्याँड राजा आईपुग्यो त्यसपछि जेठी रानी के भन्छ, "अरूको रानी छोरा र छोरी पाउँछ तिम्रो रानी त लोहोरो र कुच्चो पाउँछ ।" नपत्याए हेर जाऊ भनेछ । हेर्न जाँदा त लोहोरो र कुच्चो रगतै रगत भएर बस्याछ । त्याँड राजाले पत्याएर अब यसलाई यहाँ राख्दिन भनेर जङ्गलमा कुटी बनाएर राख्देछ ।

त्याँबाड भुस खोज्न भनेर आएछन् रे बूढाबूढी । तिनका छोराछोरी थिएनन् रे । दरबारमा भएको त्यो भुस लान खोज्दाखेरि उनीहरूले त्यहाँ बच्चा भेटाएछन् । त्यसपछि घरमा लगेर स्याहार सुसार गरेर मज्जाले हुर्काएछन् । हुर्कँदै गएर खेल्न जान सक्ने भएछन् । एकदिन बाहिर खेल्न जाँदा जेठीचाहिँले देखेर चिनिछ । अब यिनीहरूलाई कसरी मार्ने होला राजाले देख्यो भने त चिन्छ फेरि भनेर ती दुवैलाई मारेर बाटोको छेउमा दुईपट्टि लस्करै पारेर गाड्दिछ । त्यसपछि दाजु केतुका र बहिनी चम्पा फूलको बोट भएर उम्रेछन् । त्याँबाट त्यो फूल फुलेपछि त ओहो कति राम्रो भयो ।

त्यसपछि राजाका आठपरियाहरू घुम्दै त्यो बाटो आउँदा फूल फुलेको देखे । हिजोसम्म त यहाँ फूल थिएन आज कहाँबाट आयो भन्दै तिनीहरू पनि छक्क परे । यो त राजाले पूजा

गर्ने फूल जस्तो पो छत लैजान पऱ्यो टिपेर भनेर टिप्न खोज्दा त तिनीहरू बोले । ए दाजु केतुका भनेछ बहिनीले अनि  है बैनी चम्पै भनेर दाजु चाहिँले भनेछ । हमारा बाबाका आठ परिया फूल टिप्न आए दिऊँ कि नदिऊँ दिऊँ कि नदिऊँ भन्यो रे । त्याँड हाँगाबिँगा आकाश लगाऊ झर्यापऱ्या माथ भराऊ भनेछ दाजुले । तिनीहरू बोलेपछि फूल टिप्न सकेनछन् ती परिहरूले । त्यसपछि राजाकोमा गएर भनेछन् तिनीहरूले । हिजोसम्म त्यहाँ फूलको रूख थिएन आज रहेछ, हामीले फूल टिप्न खोज्दा बोल्यो के होला भनेर भन्दा खेरि म आफैँ जान्छु हेर्न भनेर राजा आफैँ गएछ ।

त्यहाँ जाँदा दुईवटा फूलको बोटमा फूल फुलिरहेको राजाले देख्यो । राजा जाँदाखेरिमा ए दाजु केतुका है बैनी चम्पै हमारा बाबा फूल टिप्न आए दिऊँ कि नदऊँ दिऊँ कि नदिऊँ भन्यो  रे । त्याँड हाँगाबिँगा आकाश लगाऊ झर्यापऱ्या पाताल लगाऊ भनेछ । त्याँड राजाले ट्याप्पै दुईटैलाई समायो । राजाले छुनेबित्तिकै त्यो फूलको दुबैबोट छोरा र छोरी भयो । यो देखेर राजा अश्चर्य चकित भयो ।

त्यसपछि राजाले ती दुबै दाजुबहिनीलाई सोध्यो तिमीहरू को हौ ? कसरी यहाँ आइपुग्यौ ? राजाले फेरि तिनीहरूसँग सोधे तिमीहरूलाई आफ्नो बुवा आमाको नाम थाहा छ ? उनीहरूले भने थाहा छैन । तिमीहरूले आफ्नी आमालाई देखेमा चिन्न सक्छौ ? राजाले कर गरेर सोधेपछि केतुकी र चम्पाले भने, हामीलाई सानोमा आफ्नी आमाको दूध खान पनि दिएनन् तर आज ती सम्पूर्ण आमालाई जुटाएर हेर्नुहोस् जसको स्तनको दूध निचोर्दा त्यो सिर्का हाम्रो मुखमा पर्दछ तिनै हाम्री आमा हुन् ।

यति सुनेपछि राजाले आफ्नो देशभरका सम्पूर्ण आईमाईहरूलाई भेला गराएर उनीहरूको अघि दूध निचोर्न लगाए । सबैले दूध निचोर्दै गए कसैको पनि त्यो दूधको सिर्को चम्पा र केतुकीको मुखमा पर्दै परेन । अब के गर्ने होला सबै आईमाई त सकिइसके । पछि राजाले सोच्यो कान्छी रानी पो होकि त । मैले त उसलाई जङ्गलमा लगेर राखेको छु भनेर राजाले कान्छी रानीलाई लिन पठायो । बाजागाजा सहित रानी लिन मन्त्री र सिपाहीहरू गए । जाँदाखेरि रानीले म जान्न किन जाने म लोहोरो र कुच्चो पाउने मान्छे भनेर रोएछ । त्यसपछि रानी त आउन मानेन यसो यसो भन्छ भनेर राजाकाँ भन्न आएपछि राजा आफैँ लिन गएर हिँड जाम् भनेर लिएर आएछ । त्याँड  दूध निचोर्न लगाएछ । निचोर्दा त  त्यो सिर्को  मुख आँ गरेर बसेका ती छोराछोरीको मुखमा ठ्याक्कै परेछ । सिरिरिर्र भएर दूधको सिर्को मुखमा परेपछि हेरि यही हो हाम्रो आमा भनेर तिनीहरूले च्याप्पै समाएछन् । यो देखेर

राजा तिन छक पऱ्यो । यो कसरी सम्भव भयो र ? मुसल र कुच्चो पाको भनेको त यस्तो छोराछोरी पो रैछ भन्दै राजाले कान्छी रानीलाई सिंदुरे जात्रा गरेर दरवार भित्र्यायो ।

राजाकी जेठी रानी भने कालोनिलो अनुहार लगाएर बसिरहेकी थिई । त्यसपछि राजाले यो सबै पाप उसैले नै गरेको हो भन्ने कुरा पत्ता लाइहाल्यो । जेठी रानीले पनि यो सबै कुकार्य आफूले गरेको हो भनेर कबुल गरी । त्यसपछि राजाले ती आफ्ना दुई छोराछोरीलाई स - सम्मान दरबारमा भित्र्यायो । जेठीलाई चाहिँ जङ्गलमा लगेर पहिला कान्छीलाई जस्तै कुटी बनाएर राखिदियो । यसरी दरबारमा त्यो हराएको खुसी आज फेरि फर्कियो । कान्छी रानी आज आफ्नो गुमेको सन्तान पाएर असाध्यै खुसी भई । त्यसपछि राजा, रानी, चम्पा र केतुकी सबै मिलेर खुसी साथ त्यस दरबारमा बस्न थाले ।

**निष्कर्ष :** चम्पा र चमेली कथा एक दरबारीया खान्दानको कथा हो । यसमा एक सौतेनी आमाको षड्यन्त्रलाई देखाइएको छ । "सौताको छोरो मुटुको किलो" भन्ने भनाइलाई यसले प्रमाणित गरेको छ । साँच्चै नै सौतेनी छोराछोरीका लागि कति हदसम्म गिर्न सक्दा रहेछन् भन्ने कुरालाई यसमा देखाइएको छ । भोलिका बारेमा केही पनि नसोची आजको दिन राम्रो बनाउन गरिएको स्वार्थीपनाको पराकाष्टा र त्यसले ल्याएको दुःखद परिणामलाई यसमा देखाइएको छ ।

### ४. चलाख मधुकर

मनिपुर भन्ने ठाउँमा एउटा ठूला राजा थिए तिलध्वज भन्ने । तिनका सातभाइ छोराहरू थिए । फूलबारी बगैंचा ठूलो रैछ । त्यो फूलबारीमा बँदेलको रूपमा एउटा राक्षसनी आइछ र नाचिछ । सबै फूलबारी नष्ट बनाइछ । चारैतिर पालेहरू बसेका छन् । पाले धपाउन भनेर जाँदाखेरि दाह्रा निकालेर झम्टिछ उसैलाई । पाले डराएर राजाभाठाँ उजुर गर्न गयो । राजाले ल यसको ओखती म गरूँला तिमीरू बस भनेर पालेलाई पठाइदिए । राजाले सहरभरि झ्याली पिटाएर घरको एकजना जसरी पनि आउनु नआए ढिकी आए कुट्दिन्छु जाँतो आए पिन्दिन्छु भनेर उर्दी लगाइदिए । राजा पनि कडा स्वभावका थिए ।

जम्मै भेला भएर समात्न भनेर गए । त्यस बेला अत्यन्त राम्री सोह्र वर्षकी कलकलाउँदी रूपमा त्यो राक्षसनी देखिई । त्यहाँ नाचेर धुनधान गरिराखेकी देखेर राजाले यसलाई मार्ने होइन समात्नुपर्छ है जम्मैजना भएर घेरेर लाने र च्याप्प पारेर समात्ने यसलाई म पाल्छु भने । रूप बदलेकी उसले त्यो सबै कुरा सुनिराखेकी छ । उसले रूप बदलेकी मात्र हो । पाँच भन्ने मन्त्री र राजा एक ठाउँमा बसे र अरू जम्मै नगरवासी एकठाउँमा बसेर घेरा

लगाएर छेकेर गए । ऊ उहाँ नाचिरहेकी छ र मैले दुनियालाई मार्नु हुँदैन दु:ख दिनपरे पनि म राजा र मन्त्रीलाई मात्रै दु:ख दिन्छु भनेर मनमनै गमेइछ ।

सबैजनाले छोप्दै छोप्दै गए ऊ नाचिराकिछ उफ्रेर फूलबारी नासिराकिछ । नजिक पुगेर समात्नलाई यसो लम्किन लाकाथे । त्यसै बेला राजा र मन्त्रीको आडबाट फुत्त भएर भागी । भागेर गएपछि राजा र मन्त्री हेराहेर भए र पछि पछि लागे । राजा र मन्त्री पछाडि लागेपछि अरू पनि पछाडि लाग्नै पऱ्यो । पर वनमा पुगेपछि झ्याम्म साँझ पऱ्यो सबै जना फर्किए । राजा र मन्त्रीले हाम्रो अन्तरबाट भागेर गई अरूलाई भए मारिन्थ्यो त्यसैले हामी मात्रै जानुपर्छ । अरूलाई फर्काइदिउँ भनेर फर्काइदिए राजा र मन्त्रीचाहिँ पछि पछि लागे । ऊ पर पर देखिँदै गाकिछ । जाँदा जाँदा जङ्गलमा चुक पोखे जस्तै झ्याम्मै रात पऱ्यो । रातपरेपछि अब कहाँ जाने भन्ने फसाद पऱ्यो । म केही उपाय गर्छु भनेर मन्त्री रूखमा चढ्यो । रूखमा चढेर बस्ने ठाउँ कता पाइन्छ भनेर हेऱ्यो हेर्दाखेरि अलिपर उज्यालो देखियो । उता अलिपर उज्यालो देखियाछ सरकार भनेर मन्त्रीले राजालाई भन्यो । त्यसपछि उनीहरू त्यतैतिर लागे जाँदा घरमा कपाल फिँजाएर हरंङ्ग परेर बसिराकिरहिछ त्यो कालडण्डा भन्ने डङकिनी थिई । आगो फुकेर मजाले तापेर बसेकी रहिछ । त्यसपछि मन्त्रीले ए घरबेटी आमै ! बास दिनुस्न दुई जना छौँ राजा र मन्त्री भन्यो । तीनपल्ट भन्दा पनि बोलिन । उसलाई राजालाई फसाउन परेको छ । त्यसैले राजाले नै बास मागोस् भन्ने चाहन्थी ऊ । त्याँड त मैले भन्दा त घरबेटी आमै बोल्नुभएन सरकार आफैँ भन्नुपऱ्यो भन्यो मन्त्रीले । त्यसपछि ओ घरबेटी आमै ! बास दिनुपऱ्यो हाम्लाई दुई जना छौँ थकाइ पनि लाग्याछ । मिल्छ भने भात पनि खान दिनुस् नभए एउटा छेउमा बस्नलाई दिनुस् भनेर राजाले भन्यो । त्यसपछि त्यसले मैले भनेको मान्छौ ? भनेर सोधी । राजासँग यसले के माग्ली र भनेर एउटा राज्य माग्ली दिउँला भन्ने हेतुले राजाले हुन्छ गरूम्ला भने । त्यसपछि मैले जे भन्यो त्यही दिनुपर्छ हुन्छ भनेर कबुल गराई । राजाले पनि ल हुन्छ भने । त्यसपछि ल बस भनेर खानापिना गराई । मन्त्रीलाई बेग्लै कोठामा लगेर सुताई र राजालाई आफू सुत्ने कोठामा लगेर सुताई । राजालाई थकाइ लागेको खाएओरे भुसुक्कै निदाए । बिहान उठेपछि ल हामी त जान्छौँ बस्नुस् है भनेर राजा जान लागेको देखेर उसले मैले भनेको कुरा बिर्सियौ भनी । ए ! ल के माग्ने हो माग भन्यो राजाले । मन्त्रीलाई घर पठाएर तिम्रा सात भाइ छोरालाई निकाल्न लगाऊ र मसँग बिहे गर भन्दी । त्यसपछि राजालाई फसाद पऱ्यो । राजाले आफूले वाचा हारेको कारण केही बोल्न सकेनन् । त्यसपछि मन्त्रीलाई जाऊ मन्त्री म पछि आउँछु भन्दै

पठाए । मन्त्री घरमा गएर ल राजकुमारहरू हो बाबुले वाचामा हारे असजिलो पऱ्यो दरबारबाट निस्किनुपऱ्यो भन्दियो ।

राजाका छोराहरूलाई पनि के नपुग्दो थियो र अर्को दरबार थियो खेल्ने पटाङ्गी थियो । बुबालाई असजिलो पार्न त भएन भन्दै उनीहरू पनि त्यतै सरे । त्यसपछि उनीहरू पनि राजा रानी भएर आएर दरबारमा बसे । राजा बिहान खानपिन गर्थे, दिउँसो सभामा जान्थे । बेलुका आउँदा पनि खाना बनाएर बस्थी त्यो डङकिनी राजा खान्थे सुत्थे । यसरी नै दुई चार दिन भाकोथ्यो । राजकुमारहरू पटाङ्गीमा डण्डिबियो खेल्दै थिए । ऊ घाम तापेर बसिराथी । त्यो डण्डी आएर उसैको छेउमा लाग्यो । डण्डीबियोलाई च्याप्प समाई । जेठो दाजु शिरोमणिले हानेको डण्डी कान्छो भाइ मधुकरले फर्काउन पर्ने थियो । कान्छो मधुकर नजिकै आएर त्यो डण्डी दिनुस्न भन्दै मागे । त्यसपछि उसले अलि नजिक आऊ भनी र कानमा नजिकै गएर तिमी मलाई तिम्री श्रीमती बनाउँछौ ? अनि मात्रै दिन्छु भनी । मधुकर असाध्यै राम्रा थिए, त्यसकारण उसले त्यस्तो भनेकी थिई । त्यस्तो कुरा सुनेर उनको पालो च्याप्प कान थुनेर मधुकर त्यहाँबाट भागे । छोरोचाहिँले मानेको भए केही थिएन तर मानेन ।

यदि यो कुरा अब राजाले चाल पाए भने अब मेरो खैरियत छैन भनेर त्यो डङकिनीले बाहाना बनाउनलाई राजा आउँदा त घर अँध्यारो बनाएर कपाल फिँजाएर बसिराखेकी । राजा आएर के भयो भनेर सोध्दा तिम्रा छोराहरूले ममाथि दुर्व्यवहार गरे । मलाई बस्नखान दिएनन् त्यसैले अब तिम्रा छोराहरूलाई यहाँबाट ननिकाले म यहाँ बस्दिन भनेर राजालाई हुँदो नहुँदो कुरा लगाई । राजाले पनि ल के रहेछ म भोलि बिहान बुझौँला भने खानपिन गरे र सुते । भोलिपल्ट उठेर राजाले मन्त्रीलाई बोलाए । राजाले मन्त्रीसँग केही कुरा गर्न नपाउँदै त्यो अजिङ्गरले मन्त्रीको सामु ती छोराहरूलाई जङ्गलमा लगेर मारेर तिनीहरूको मुटु र कलेजो ल्याऊ यदि नल्याएमा यो सबै दरवार पनि केही बाँकि रहनेछैन र तिमीहरूलाई पनि छोड्दिन  भनी । राजाले मान्नै पर्ने बाध्यता आइलाग्यो । त्यसपछि राजाले ल मन्त्री जाऊ भनेर सात भाइलाई अघि लगाएर पठाइदियो । मन्त्रीले वनमा लिएर गयो र ठूलो वनमा पुगेपछि तिमीहरूलाई मैले यहाँ त यसो यसो गर्न ल्याको होनि भनेर सौतेनी आमाले भनेको सबै कुरा भन्यो । राजकुमारहरू आश्चर्य चकित भए । तिमीहरूको मुटु र कलेजो ल्याउनु भन्याछ यी हेर झोला खुकुरी जम्मै छ । अरू सबैले त ल तिम्रो हातको कुरा हो जे गर्छौ गर भन्दै मन्त्रीलाई सुम्पिए । तर कान्छा मधुकर अलि चलाख

भएकाले उसले मन्त्रीलाई भन्यो, “मन्त्री तिमी सातवटा हरिण मार र त्यसैको मुटु कलेजो लिएर जाऊ र त्यो डङकनीलाई खान देऊ”। मन्त्रीले डराएर भन्यो, “फेरि दरवारमा यो कुरा चाल पाए भने त मेरो त उठिवास हुन्छ नि”। मधुकरले फेरि भने, “हामी तिमीलाई अप्ठ्यारो पार्दैनौं डराउनु पर्दैन । हामी दरवारमा पनि फर्किएर जाँदैनौं, यतैबाट कतै लागौंला र आफ्नो जीविका चलाम्ला । तिमी ढुक्क भएर आफ्नो काम गर”। मन्त्रीले पनि लौत भन्यो र राजकुमारहरूले वनमा शिकार खेलेर सातवटा हरिण मारेर तिनका मुटु कलेजो झोलामा हालिदिए र जाऊ मन्त्री भनेर पठाइदिए । आफूहरू चाहिँ बाहिर बाहिरै विदेशिए ।

उता मन्त्रीले मुटु कलेजो लगेर राक्षसनीलाई बुझायो । ऊ पनि मख्ख परेर मजासँग पकाएर खाई र राजालाई पनि दिई तर राजाले आफ्नै छोराहरूलाई कसरी खानु भन्ने ठानेर खान मानेन । उता छोराहरू भने आफ्नै चलाखीका कारण ज्यान जोगाउन सफल भएकोमा खुसी हुँदै आफ्नो बाटो लागे ।

यसैगरी राक्षसनी पनि अब बल्ल आफूले भनेजस्तो भयो भन्ने ठानेर खुसी भएर बसी ।

**निष्कर्ष :** चलाख मधुकर कथा दरवारको वरपर रहेर बनेको कथा हो । यसमा राजाले एक राक्षसनीको षड्यन्त्रमा परेर आफ्ना छोराहरूलाई समेत गुमाउनु परेको पीडा देखिन्छ । कुनै पनि कुराको पछि लाग्दा सोच विचार गरेर मात्रै गर्नुपर्छ होइन भने ठूलो समस्या आइलाग्न सक्छ भन्ने कुरा यसमा देखिन्छ । आफूले सही निर्णय गर्न नसक्दा त्यसको असर अरूलाई पनि पर्न सक्ने भएकोले हामीले विना अर्थका कुराको पछि लाग्नु हुँदैन ।

## ५. फूलथोकी मैँया

एउटा राजाको छोरा रैछ ,त्यसले के गरेछ भन्देखि त्यसलाई तँ के गर्छस् ? भनेर सोध्दा म त फूलथोककी मैँयासँग विहे गर्छु भनेछ । त्यसैले ऊ फूलथोककी मैँया खोज्दै खोज्दै गएछ । जाँदा जाँदा बाटामा एउटा कमिला वारिपारी भएर बसेको देखेछ । उसले पानीमा एउटा यस्सो छेस्को राखिदिएछ त्यसैबाट कमिलो पारी गएछ र कमिला खुसी हुँदै म तपाइँले सम्झिएको बेला आउँछु आपत पऱ्या बेलाँ सम्झनु भन्दै गएछ । त्यँहा कमिला तारिदिएर गएपछि अलि परपुगेको जङ्गलमा डडेलो लारछ , वनमा चारैपटि डडेलो लागेपछि परेवालाई त्यहाँ बाँच्न गाह्रो भएछ । उसले डडेलोलाई झ्याप् झ्यापी निभाइदिएछ र परेवा बचाइदिएछ । त्यसपछि परेवाले तपाइँकले बचाइदिनुभो तपाईंले सम्झ्या बेला आउँला दुःख पऱ्या बेला मलाई सम्झनुहोला भनेछ । भनेपछि ल भनेर गएछ जाँदा जादै एकठाउँमा एउटाले एउटा कान ओच्छयाएर एउटा कान ओढेर बसिरारछ । ‘लामकाने’ भन्ने नामको थ्यो त्यो । किन

यसरी बसिरा ? भनेर सोध्यो । खान पाछैन दुःख पाएँ काम गर्न जान सक्दिन त्यसैले हिँ बसिरा भनेर भनेछ । के गर्छस् त तँ, भन्दा म खान दिएदेखि खान्छु भनेपछि ल भनेर खाने कुरा दिएछ । खुसी हुँदै तपाइले सम्भ्र्या बेला म आउँला भनेछ, ल हुन्छ भनेर ऊ गएछ । त्यसपछि अलि पर गएछ त्यँहा एउटा घर जत्रो मुख भाकोले डोको बुनिरारछ । यो डोको किन बुनेको ? कसैलाई केहि चाहियो भने हुन्छ भनेर ।

त्यसलाई पनि भन्नेकुरा भनेछ र केही कुरा दिएछ । त्यसपछि घरमुखाले पनि ल दुःख पऱ्या बेला सम्भन् म आउँछु भनेछ त्यसपछि त्यहाँबाट गएछ । त्यसपछि त्यँहाबाट जाँदा जाँदा अजिङ्गर भाठाँ पुगेछ । अजिङ्गरले बाटो छेकेर भनेछ, खानलाई केही पाको छैन भोकलाको छ बल्ल तँलाई भेटेँ । त्यसपछि उसले भनेछ मलाई अहिले नखा म केही दिनपछि तेरो लागि केही गरूम्ला । म बिहे छिनेर आएपछि तलाई पनि जन्ती लैजाउँला भनेछ । ल हुन्छ भनेर बाटो छोडिदिएछ । त्यसपछि बल्ल राजाकोमा पुगेछ । राजाकोमा पुगेपछि राजाले किन आको भनेर सोधेछ , म फूलथोकी मैया माग्न आको भनेछ । फूलथोकी मैया राजाकी कान्छी छोरी रैछ । तँलाई मेरो फूलथोकी मैया अप्सरा जस्ती धपक्क बलेकी छोरीलाई किन दिने ? तैले के गर्न सक्छस् र ? भनेर राजाले भनेछ । दिन्छु भन्नुस् न पहिला भन्दा ल दिन्छु सयमुरी चामलको भात खान सक्ने जन्ती ल्याउन सक्छस ? भनेछ, उसले सक्छु भनेछ । त्यसपछि सयमुरी चामल पाक्ने खड्कुलो लग्ने भाँडो ल्याउन सक्छस् ? भनेर सोधेछ ? सक्छु भनेछ । ल जा त्यसो भए देखि फलानो दिन जन्ती लिएर आइज सयमुरी चामलको भात पकाइराख्या हुन्छ खेरा फालिस् भने फूलथोकी मैँया पाउँदैनस् । त्यो खान सक्ने र त्यो ताउलो लान सक्ने मान्छे ल्याइस् भने दिउँला भनेर कबुल गराएछ राजाले । त्यसपछि उसले ल हुन्छ भनेर त्यहाँबाट गएछ । फर्केर आउँदाखेरि बाटामा अजिङ्गर भेट् भो अजिङ्गरसँग फूलथोकी मैया मागेर आएँ जन्ति जानुपर्छ फलानो दिनाँ भनेर भन्यो । अजिङ्गरले पनि ल हुन्छ भनेर भन्यो । यता आयो घरमुखा डोको बुनिराख्याछ, मेरो एउटा सामान ल्याउनुपर्छ डोको बनाइराख्नु भन्यो । घरमुखाले पनि ल हुन्छ भन्यो । यता आएर लामकानेलाई पनि भन्यो लामकानेले पनि हुन्छ भन्यो । त्यँहाबाट आएर परेवालाई जन्त जानुपर्छ है भन्यो । त्यसपछि परेवाले म परेवा के जन्त जाने र दुःख पऱ्याबेला भन्नुस् न बरू भनेछ । त्यसपछि कमिलालाई पनि फूलथोकी मैँयाको बिहे हो फलानो दिना जन्ति जानुपर्छ है भनेछ । कमिलाले पनि हुन्छ भनेछ । त्याँड त्यो राजाले के भनेछ भने खबर पठाएछ एउटा । मैले जम्मै कुरा भने तर एउटा कुरा भन्नै बिर्सेछु भनेछ ।

के कुरा हो भन्नुस् भनेछ, अहिले फोनमा भै कुरा गरेछ त्यसले पनि । तीनमुरी चिनी, खट्टे, तिल भुटेर म एकठाउँमा राखिदिन्छु । त्यो छुट्याउन सक्ने चाहिन्छ एकथरि । एकथरि चाहिँ खान सक्ने चाहिन्छ भनेर भन्दिएछ । हुन्छ भनेर फेरि राजाकोमा गएछ । राजालेचाहिँ फलानो कोठाँ छ रातभरि लाएर छुट्याइ सक्नु र खाइसक्नु भनेछ । त्याँड त लो परेवा मैले सम्भ्याछु है भनेर भनेछ त्याँ हजारौं लाखौं परेवा आएर टप्पटप्प टिपेर जम्मै छुट्याएर तीन भाग लाइदिएछन् । भोलिपल्ट उठेर हेर्छ राजाले जम्मै छुट्याइराखेको, त्यसपछि आज रातभरिमा खाइ सक्नुपर्छ अब भनेर भनेछ । ल यो तीनमुरि चिनी खाइसक्नुपर्छ आज भनेर लाइदिएछ ।

त्यसपछि लो मैले भन्या लाग्छ भने कमिला आऊ भनेर सम्भ्याथ्यो कमिला आएर रातभरमै खत्तम पार्देछ । बिहान हेर्दा त छैन, राजालाई दङ पार्दियो । त्यसपछि ल अब त जन्ती आउनेभए । जन्ती पनि तीन जना मात्रै लगेछ घरमुखा , अजिङ्गर र लामकाना । डोको चाँहि खल्तीमा हालेर गाको छ घरमुखाले । त्याँड तीन जना गए भात पकाछ सयमुरीको, अब कसले खाने भनेर गाली गऱ्याछ राजाले । तीनजनालाई मात्रै देखेर गाली गरेर धुनधान गरेपछि ल अब अहिले गाली नगर्नुस् खाइसकेपछि नै हेरौंला भनेछ । त्यसपछि त भात पस्किएर दिन थालेछन् । जति दिएपनि लामकानेले खाको खाइ, अजिङ्गरले पनि खाको खाइ घरमुखाले पनि खाकोखाई भए । जति लगेर दिए पनि भो पुग्यो भनेर भन्दैनन् । तीनटाले खत्तम पारेछन् । स्वाहा भएछ, छै छैन भनेर हेर्नुपर्ने बनाएछन् भाँडामा ।

अब राजाले त बाचामा हारे छोरी दिनुपर्ने भयो । केटोले सबै कुरा पुऱ्याएपछि राजाले त मान्नु पऱ्यो अब । बिहे भयो दुलहीको काम सिद्धियो । काम सिद्धिएपछि त सामान लाने भाँडो चाहियो नि अब भने राजाले । सय मुरि चामल पाक्ने भाँडो लान त ठूलै भाँडो चाहियो । घरमुखाले खल्तीबाट डोको निकालेर ल यसमा हाल भनेर दियो । त्यो खड्करो डोकोमा हाल्दा त पिंधाँ नि भरिएन त्यत्रो सयमुरी पाक्ने भाँडो । राजाले भन्या कुरा सबै उसले पुऱ्याइदियो । त्यसपछि राजाले आफ्नी छोरी फूलथोकी मैंयालाई बिहे गरिदिए । विवाहपछि फूलथोकी मैंयालाई लिएर घर आए घरमा पनि सबै खुसी भए । घरमा पनि फूलथोकी मैंया र त्यो राजकुमार एकदम खुसीसँग बसे अरे ।

**निष्कर्ष :** फूलथोकी मैया कथा एक साहसी राजकुमारमा केन्द्रित कथा हो । आफूले सोचेको र आँटेको काम पूरा गर्न कुनै पनि हालतमा पछि नहट्ने राजकुमारले कुनै पनि हालतमा फूलथोकी मैयालाई पाएरै छोडेको छ । साहस र हिम्मत भए जुनै पनि काम सजिलै गर्न

सकिने कुरा यस कथामा प्रमाणित भएको छ । साथै आफूले अरूलाई सहयोग गर्न सकेमात्र अरूबाट पनि उचित समयमा सहयोग पाउन सकिन्छ भन्ने कुरालाई यसले देखाएको छ ।

**६. दिदी बहिनी**

एकादेशमा एउटा गाउँमा दिदी बहिनी बस्थे । दिदी असाध्यै धनी थिई भने बहिनी असाध्यै गरिब थिई । बिहान बेलुकाको छाक टार्नको लागि बहिनीलाई अर्काको मेलापात घाँस दाउरा गर्नुपऱ्थ्यो । अरूकहाँ जसरी नै बहिनी दिदी कहाँ पनि काम गर्न जान्थी । दिदीले कहिलेकाहीँ दिएको अन्नपात र ज्यालाले हातमुख जोर्थी । दिदी धनी मात्र होइन अत्यन्तै लोभी र दुष्ट स्वभावकी थिई । कहिलेकाँही बहिनीले काम गरेको ठाँउमा पनि अनेक अवजस लाउँथी र केही पनि नदिइकन पठाउँथी ।

यसरी नै  दिनहरू बित्दै थिए । एक दिन सधैँ झैं बहिनी दिदीकोमा काम गर्न गई । दिदीले पनि बहिनीलाई आज घाँस दाउरा गर्नुपर्दैन बरू पहिला खाना खाएका जुठा भाँडाहरू असरल्लै छन् त्यो चाँहि माझ्नु भनी । बहिनीले पनि हस् भन्दै ती जुठा भाँडाहरू माझ्न लागी । दिदी चाँहि कसरी यसको कामलाई नराम्रो बनाएर ज्याला नदिइकन पठाउँ भन्ने सोचिरहेकी थिई । बहिनीले ती एकडोका भाँडा माझेर भर्खरै सकेकी मात्र के थिई दिदीचाँहिले पछाडिबाट बहिनीले नदेख्ने गरी भाँडामा पर्ने गरी पुरै खरानी नै खरानी छर्किदिई । त्यसपछि बहिनीलाई भाँडा देखाउँदै गाली गर्दै भनी, "तैँले के भाँडा माझेकी यस्तो सबै भाँडाभरि खरानी मात्रै छ सफा गरेर काम गर्नुपर्छ नि ।" दिदीले यसरी गाली गरेको सुनेर बहिनीलाई नरमाइलो लाग्यो । त्यसपछि दिदीलाई बहिनीले भनी, "मैले त सफा नै पारेर माझेकी थिएँ कसरी यस्तो भयो त ?"

दिदीले अझ हकार्दै भनी, "तँलाई राम्रोसँग काम गर्न पनि आउँदैन म केही दिन सक्दिन तँलाई आजसम्म झन माया गरेर काम दिएँ काम पनि राम्ररी नगर्ने कामचोर रहिछस् तँ त ।" दिदीले गाली गरेपछि बहिनी रूँदैरूँदै घाँस काट्न जङ्गलतिर लागी ।

बहिनी जङ्गलमा रूँदैरूँदै घाँस काटिरहेकी थिई, त्यतिकैमा त्यहाँ एउटा स्यालले रोइरहेकी बहिनीलाई देख्यो र सोध्यो किन यसरी रूँदैरूँदै घाँस काटेको के भयो ? तिमी त साह्रै दुःखी देखिन्छौ नि ? स्यालले सोधेको देखेर बहिनीले आफ्नो सबै वेदना स्यालसामु पोखी । स्यालले बहिनीको सबै वेदना सुनेपछि बहिनीलाई सम्झाउँदै भन्यो, तिमीले त धेरै दुःख पाएकी रहिछौ । त्यसपछि बहिनीले आफ्नै दिदीले आफूलाई धेरै दुःख दिएको कुरा सबै बताई । सबै

कुरा थाहा पाएपछि स्यालले बहिनीलाई भन्यो, “मलाई तिम्रो दुःख सुनेर धेरै दया लाग्यो त्यसैले म एउटा उपाय बताउँछु त्यो ध्यान दिएर सुन । अहिले घर गएपछि घरभित्रको मझेरीमा राम्रोसँग गोबरले लिपपोत गर्नु र त्यहाँ एउटा तामाको आरी घोप्ट्याएर राख्नु । त्यसपछि रातभरि त्यसलाई त्यहीँ छोड्नु । भोलिपल्ट बिहान उठेर नुहाइधुवाइ गरी सफासुग्घर भई चोखोनितो गरी त्यस आरीमा सुनपानी छर्किनु र त्यसलाई फर्काएर हेर्नु । त्यसपछि त्यहाँबाट तिमीलाई फाइदा हुने छ ।” बहिनी घर गई र स्यालले भनेजस्तै घर लिपपोत गरी र आरी घोप्ट्याएर राखी ।

भोलिपल्ट उठेर चोखो गरेर सुनपानी छर्किएर हेर्दा त त्यहाँ आरीभरि सुनचाँदीका सिक्काहरू रहेछन् । बहिनीलाई लेख्न पढ्न पनि नआउनाले त्यो पैसा कति छ भनेर गन्न पनि जानिन । त्यसकारण कति रहेछ भर्नु पर्‍यो भनेर दिदीकहाँ पाथी लिन गई । दिदीले पाथी मागेको सुनेर किन चाहियो र तँलाई पाथी के भर्नुपर्‍यो ? के छ र त्यस्तो भर्ने कुरा तेरो घरमा भन्दै सोधी तर बहिनीले केही पनि होइन भनेर कुरा लुकाउन खोजी । तर दिदी धेरै चलाख र धुर्त हुनाले पाथीको पिधँमा लिसो टाँसेर पठाई ।

बहिनी पाथी लिएर घर गई त्यसपछि त्यो सिक्कालाई पाथीमा भरी । तीन पाथी जति भरिभरि सिक्का रहेछन् । खुसी हुँदै अब आफ्ना दुःखका दिन सकिए भन्ने सोच्दै सोच्दै दिदीकहाँ पाथी फिर्ता पुर्‍याउन गई । दिदीले यसो पाथी हेरी त्यहाँ त दुईचारवटा चाँदीका सिक्का टाँसिएका रहेछन् । त्यो देखेर दिदीले बहिनीलाई कसरी र कहाँबाट आए यी सिक्काहरू भन्दै खोतल्न थाली ।

दिदीले बारबार सोधिरहे पछि बहिनीले सबै वृतान्त बताई । आफू रूँदैरूँदै घाँस काट्दै गर्दा स्यालले आएर आफूलाई सल्लाह दिएको र त्यही सल्लाह बमोजिम गर्दा भोलिपल्ट आरीभरि सिक्का भएको कुरा भनेपछि दिदीलाई पनि त्यस सम्पत्ति देखि लोभ लाग्न थाल्यो । बहिनीले भने जस्तै दिदी पनि रूँदैरूँदै जङ्गलमा घाँस काट्न थाली ।

घाँस काट्दै गर्दा स्याल पनि आयो तर स्यालले केही पनि वास्ता गरेन र स्याल केही बोलेन । दिदी चाँहिले भने स्याललाई सुनाउने गरी म घरमा गएर घर गोबरले लिपेर आरी घोप्ट्याएर राखूँ भनेर सोधी तर स्यालले वास्ता गरेन र उत्तर दियो राखे राख् नराखे नराख् । फेरि दिदी चाँहिले अनि भोलिपल्ट उठेर नुहाइधुवाइ गरी त्यो आरीमा सुनपानीले छर्किएर उघारौँ भनेर सोधी । फेरि स्यालले भन्यो उघारे उघार नउघारे नउघार ।

दिदी घाँस काटेर घर गई । बहिनीले भने बमोजिमका सबै विधि गरी । स्यालले आफूलाई केही नअराए पनि दिदीले चाहिँ बहिनीले भने अनुसार सबै गरी । त्यसैगरी भोलिपल्ट बिहान पनि नुवाइधुवाइ गरी सुनपानी छर्किएर आरी उघारी । धेरै सम्पति पाउने लोभले गर्दा उसले आरी पनि ठूलो खालको घोप्ट्याएकी थिई । आरी उघारेर हेर्दा त आरीभरि गोबरैगोबर मात्रै रहेछ ।

त्यो देखेर रिसले चुर हुँदै दिदी फेरि जङ्गलतिर लागी र स्याललाई कराउन थाली । स्यालले पनि दिदीलाई मुखभरिको जवाफ दिदैं भन्यो, "तँ जस्तो दुष्ट र पापिनी आइमाईलाई सुन चाँदीको सिक्का होइन यही गोबर पनि बढी भएको छ । जीवनभरि अर्काको श्रम सोसेर खाने तेरो घरमा अब धनसम्पति होइन यही मात्रै रहने छ" । भन्ने सराप दिँदै स्याल आफ्नो बाटो लाग्यो । दिदी भने पहिलाका आफ्ना करतुतहरू र बहिनीप्रति गरेको व्यवहारबाट लज्जित हुँदै अब आइन्दा यस्तो गर्दिन भन्दै पश्चाताप गर्दै बहिनीको शरणमा पुगी । बहिनीले पनि आफ्नी दिदीको यो दुःखी अवस्थालाई हेरेर बस्न सकिन । बहिनी दिदीभन्दा धेरै दयालु मनकी थिई । त्यसैकारण दिदी जेजे भयो भयो अब हामी दिदी बहिनी यही घरमा मिलेर बसौँला धेरै चिन्ता लिनु पर्दैन भन्दै दिदीलाई सम्झाई । पहिला आफूप्रति गरेका सबै व्यबहारहरू बिर्सिएर सम्मानका साथ आफ्नी दिदीलाई पनि त्यसै घरमा राखी र दुवै जना त्यस घरमा खुसीसाथ बस्न थाले ।

**निष्कर्ष :** 'दिदी बहिनी' लोककथा धनी र गरिब बिचको असमानतालाई देखाउन खोजिएको कथा हो । आज पनि धनी वर्गले गरिब वर्गमाथि गरेको अन्याय र शोषण यथावत नै छ । धनीले गरिबलाई काममा लगाउने र उनीहरूलाई पारिश्रमिक पनि नदिई श्रमशोषण गर्ने जस्ता घटनाहरू चलिरहेको समस्या हो । यस कथामा पनि दिदीले बहिनीमाथि गरेको शोषणलाई देखाइएको छ ।

### ७. मुखियाको बठ्याईं

एकादेशमा एउटा गाउँ थियो । त्यस गाउँका प्रायः मानिसहरू निम्न आयस्तर भएका थिए । त्यस गाउँमा एकजना मुखिया बा थिए । उनी गाउँमा परेका न्याय अन्यायका बारेमा बोल्ने, दुःख पर्दा सबैलाई साथ दिने स्वभावका थिए । अरूले खाए नखाएको अथवा घरमा चुलो बले नबलेको कुरामा पनि उनी ध्यान दिने गर्थे । अर्थात उनी सबैको भलो चाहने स्वभावका थिए । गाउँघरमा भएका सानातिना झगडा मिलाउने कामसमेत उनकै जिम्मामा रहेको थियो । मुखिया बा बिस्तारै बूढो हुँदै गइरहेका थिए । उनीसँग धनसम्पत्ति पनि प्रशस्तै थिए ।

त्यसकारण आफू मर्नुभन्दा अघि नै सबै अंशबण्डा गर्नुपऱ्यो भन्ने सोचेर आफ्ना तीन भाइ छोराहरूलाई एक साथमा राखेर  सल्लाह गर्दै भने, "बाबु हो म बूढो हुँदै गएँ सुद्दि पनि हराए झैँ लाग्छ । त्यसैले तिमीहरूलाई म सम्पत्तिको भागवण्डा गरिदिन्छु । सबै भाइले मलाई पालैपालो गरेर पाल अब त मेरा हातगोडा पनि चल्न छाडे । तिमीहरूका आमाले पनि मलाई बेलैमा छोडेर गइहाली ।"

सुरूसुरूमा त सबै छोराबुहारीहरू खुसी नै भएर बूढालाई सम्हालेका थिए । खाए नखाएको पनि विचार गर्थे । कसको स्याहारमा बा अझ खुसी हुनुहुन्छ भन्दै खुवाउँथे । लाग्थ्यो त्यहाँ एक किसिमको प्रतिश्पर्धा नै चलेको थियो । तर समयसँगै बूढाप्रतिको त्यो स्याहारसुसारमा कमी आउन थाल्यो । छोराबुहारीले उति वास्ता पनि गर्न छाडे । खुवाउने काममा पनि निकै कमी आउन थाल्थो । जसकारण उनी दिनप्रतिदिन दुब्लाउँदै गए ।

एकदिन मुखियाका उमेरका एकजना गाउँका बूढामान्छे मुखियालाई नभेटेको धेरै भयो भन्दै मुखिया बालाई भेट्न भनी आए । उनीहरू दुईबीच दिनभरि कुराकानीहरू भए । मुखियाले पनि आफू विस्तारै छोराबुहारीको आँखाको कसिङ्गर भएको बताए । मुखियाका यी सवै कुरा सुनेर ती छिमेकी पनि अचम्मित भए । मनमनै सोचे यत्रा सम्पत्तिका मालिकको पनि यो चाला हुनेरैछ झन् हाम्रो त के होला ? त्यसपछि तिनले मुखियालाई एउटा उपाय सिकाएर गए ।

तिनैले सिकाए अनुसार मुखियाले भोलिपल्ट छोराबुहारीलाई जम्मा पारेर भने बाबु हो, "अब त म धेरै बाँच्दिन होला घरले जा जा र वनले आइज आइज भन्न थालिसक्यो । कति दिन नै पो बाँचुला र ? मैले जीवनभरि लगाएर कमाएको धन सम्पत्ति मेरो त्यो सानो बाकसमा राखेको छु । अरू सबै त मैले बाँडिसकेँ अब यो पनि राखेर के नै गर्नु र ? जसले मेरो राम्रोसँग ख्याल गर्छ उसैलाई मेरो यो सम्पत्तिको साँचो सुम्पने छु । केही पैसा म मरेपछि मेरो काजक्रियामा खर्च गर्नु र केही बढी भएको पैसाले आफूले केही गर्नु ।" बाले यस्तो कुरा गरेको सुनेपछि सबै छोराहरूलाई सम्पत्तिको लोभ बढ्दै गयो र स्याहारसुसारमा पनि चासो दिन थाले । फलस्वरूप बूढा झन रसिलो भएर मोटाउँदै गए । उनी आफूले आफ्नै आयु थपिएको महसुस गर्न थाले । दिनदिनै छोराबुहारीहरू मिठामिठा खानेकुरा लिएर बूढाको वरिपरि घुम्दै जनैको साँचोलाई पनि नियाल्दै गर्न थाले । यो सबैकुरालाई मुखियाबाले नियालिरहेका थिए । मनमनै सोच्थे, "आखिर संसारमा पैसाका लागि मान्छेले आफ्नै आमा बाउ पनि नभन्दो रैछ ।"

समय बित्दै गयो । मुखिया बा पनि विस्तारै गल्दै गए । एकदिन उनलाई व्यथाले च्याप्यो र सबै छोराबुहारीहरू उनलाई कुरेर बसिरहेको समयमा नै मुखिया बाले यस संसारलाई छाडे । छोराहरूले गर्नुपर्ने १३ दिनसम्मको काम पनि सकियो । त्यसपछि सबै छोराहरू मिलेर त्यो जनैको साँचोले बाकस खोले । मनमा धेरै उत्साह र कौतूहलता राखेर खोलिएको त्यो बाकसमा त अर्ती र उपदेश समेटिएका एउटा सानो कापी, धर्मशास्त्र र नीतिशास्त्रका किताबहरू पो रहेछन् ।

यो सबै देखेर उनीहरू छक्क परे । त्यसै दिन डुल्दै डुल्दै ती छिमेकी बूढा पनि त्यहीँ आइपुगे र भने, "अब जिल्ल नपर बाबु हो । बाले बाध्य भएर तिमीहरूको पितृस्नेहलाई जगाउनका लागि झुठो बोल्नुपरेको हो । अब यसलाई आश्चर्य नमान । स्वर्गवासी तिमीहरूका बुबाले सधैँ तिमीहरूको भलो चाहनुहुन्थ्यो । अब आ–आफ्नो कर्ममा लाग सदैव असल काम गर" भन्दै ती छिमेकी आफ्ना घरतिर लागे । बूढाको यस्तो कुरा सुनेर छोराबुहारीहरू छक्क पर्दै एकआपसमा हेराहेर गरिरहे ।

**निष्कर्ष :** मुखियाको बठ्याइँ लोककथा एक सामाजिक कथा हो । बुबाआमा बूढाबूढी हुँदै जाँदा परिवारबाट गरिने हेलाँ र तिरस्कारलाई यसले सङ्केत गरेको छ । आफूले जतिसुकै राम्रो गरेपनि बुढेसकालमा छोराछोरीको नजरमा आफू बोझ भएर बाँच्नुपरेको तीतो यथार्थलाई यसमा देखाइएको छ । सम्पत्तिका लागि जे पनि गर्न तयार हुने आजका छोराबुहारीको यथार्थ चित्रण यस कथाले गरेको छ ।

### ८. फर्सी

एकादेशमा दुईजना बूढाबूढी थिए । उनीहरूको सन्तान थिएन । सन्तान नभएकाले अनेक औषधीउपचार र धामीझाँक्री पनि गरे तर पनि तिनीहरूको सन्तान भएन । उनीहरू खेतीपाती गरेर जीवन चलाउँथे । उनीहरूले खेतमा थुप्रै फर्सी रोपेका थिए । एक दिन बूढी चाहिँले एउटा फर्सी टिपेर आफ्नो भान्साकोठाको तखतामा लगेर राखी । भन्दा भन्दा त्यो फर्सी त्यहाँ राखेको १२ वर्ष पुग्यो । एकदिन बूढा चाहिँ खेतमा काम गर्न र बूढी भान्छाकोठामा मकै भुट्दै थिई ।

त्यत्तिकैमा कतैबाट आमा ! आमा ! भनेर बोलाको आवाज आयो । बूढी चाहिँले आफूलाई आमा भनेर बोलाउने कुनै छोराछोरी छैनन् कसले बोलायो होला र भनेर त्यति वास्ता गरिन । त्यस पछि फेरि पनि आमा ! आमा ! भनेर बोलाको आवाज आयो । बूढीले यसो दायाँ बायाँ हेरी त्यहीँ भित्रैबाट आवाज आएको कारण यसो तखतातिर आँखा लगाई त्यहाँ

राखिएको फर्सीले पो आमा भनेर बोलाइराखछ । बूढी त छक्कै परी । हैन के अचम्म भयो फर्सी त आमा पो भन्छ । बूढीले नजिकै गएर फर्सीलाई सोधी, "तिमी कसरी बोलेको तिमी त फर्सी हौ हाम्रा छोराछोरी त होइनौ ?" फर्सीले उत्तर दियो, "आमा तपाईहरूले १२ वर्षदेखि मलाई यहाँ राख्नु भयो माया गर्नुभयो, अब म पनि तपाईहरूलाई माया गर्छु सहयोग गर्छु ।"

यो सुनेर आमाले छक्क पर्दै फर्सीलाई सोधी, "तिमीले कसरी सहयोग गर्छौ र बाबु ?" फर्सीले जवाफ दियो, "आमा मलाई यहाँबाट तल झारिदिनुस् बुवा खेतमा काम गर्न जानु भाछ म बुवालाई खाजा लगिदिन्छु । "तिमी फर्सी कसरी जान्छौ र बाबु हिँडेर ? अनि यो खाजा कसरी लान्छौ ? त्यस पछि फेरि फर्सीले जवाफ दियो, "आमा यो मेरो भेट्नोमा खाजाको पोको बाँधिदिनुस् म लैजान्छु । "आमाले पनि फर्सीले भनेजस्तै तल झारेर फर्सीको भेट्नोमा खाजाको पोको बाँधिदिई । त्यसपछि फर्सी खाजा लिएर गुल्टुङ गुल्टुङ पल्टिँदै पल्टिँदै त्यहाँबाट खेततिर लाग्यो । खेतको डिलमा उभिएर बुवा ! बुवा ! भनेर बोलायो । बूढाले पनि छक्क पर्दै कसले बोलायो भनेर यताउति हेर्‍यो, डिलमा बसेर फर्सीले पो बोलाको रैछ । फर्सीलाई पल्टिँदै पल्टिँदै आएको देखेर छक्क पर्दै बूढाले सोध्यो, "हैन तिमी कसरी र किन आयौ त फर्सी बाबु ?" अनि फर्सीले चाहिँ मैले तपाईलाई खाजा ल्याइदिएको छु बुवा खानुहोस् भन्यो । त्यसपछि बूढाले भेट्नोमा बाँधिएको खाजाको पोको खोलेर खायो । त्यसपछि त्यो कपडालाई फेरि अघिजस्तै त्यहीँ भेट्नोमा बाँधिदियो । फर्सी उसरी नै पल्टिँदै पल्टिँदै घरतिर लाग्यो । घर पुगेर फर्सीले आमालाई आफूलाई पहिलाकै ठाउँमा राखिदिनुस् भन्यो बूढीले पनि पहिलाकै ठाउँमा फर्सीलाई राखिदिई ।

खेतमा काम गर्न गएको बूढालाई कतिखेर घर गएर बूढीलाई सबैकुरा सुनाउँ जस्तो भैरहेको थियो भने यता बूढीलाई पनि कतिखेर बूढा आउलान् र सबैकुरा सुनाउँ जस्तो भैरहेको थियो । त्यतिकैमा छिटोछिटो काम सकेर बूढा घर फर्कियो र बूढीलाई सबै कुरा सुनायो र बूढीले पनि सबै वृत्तान्त बूढालाई सुनाई । यो कुरा सुनिरहेको फर्सीले तखताबाट फेरि बोल्यो आमा, बुवा म अब १२ वर्षको भइसकें तपाईहरू पनि बूढाबूढी भइसक्नुभयो । बरू अब मेरो बिहे गरिदिनुस् । यहाँहरूलाई पनि सुख हुन्छ । यो सुनेर बूढाबूढी झनै छक्क परे । बूढाले बाबु तिमी फर्सीलाई कसले छोरी देला र माग्न जानु ।

फर्सीले भन्यो, “तपाईहरूले कुनै चिन्ता लिनुपर्दैन, म आफैँ जान्छु केटी खोज्न । भोलि बिहान भित्रबाट बाहिरसम्म गोबरले लिपेर सफा पारी त्यस ठाउँमा मलाई लगेर राखिदिनुस् र टिको लगाइदिनुस् त्यसपछि म आफैँ बिहेको लागि केटी खोज्ने छु । “बूढाबूढीले पनि फर्सीले भनेझै भोलिपल्ट सबैतिर लिपपोत गरी फर्सीलाई टिकाटाला लगाइदिए । फर्सी केटी खोज्न भनेर त्यहाँबाट गुल्टिदै गुल्टिदै बाटो बाटै गयो । धेरै पर पुगेपछि राजाको दरबारमा पुग्यो र त्यहाँ ढोकामा पहरादिइरहेको पालेलाई यहाँको राजालाई बोलाइदिनुस् मलाई एकपटक भेट्नुछ भन्यो । पालेले पनि छक्क पर्दै राजालाई सबै कुरा सुनायो । राजाले सुरक्षित साथ पठाउन आग्रह गऱ्यो । फर्सी राजा सामु पुग्यो ।

त्यसपछि राजाले आफूलाई भेट्न आउनाको कारण सोधे । फर्सीले म तपाईसँग भएको एउटा कुरा माग्न आको मलाई दिनुपर्छ, दिने भए माग्छु भन्यो । राजाले त्यस्तो के कुरा हो ? भनेर सोधे । फर्सीले फेरि भन्यो, “तपाईसगैं भएको कुरा हो दिने भए मात्रै माग्छु नत्र माग्दिन” भन्दै बाचा बँधायो । राजालाई बाचा बँधाइसकेपछि फर्सीले भन्यो, “तपाईसँग सातवटी छोरीहरू छन् ती मध्ये मलाई एउटी छोरी कन्यादान गरेर दिनु पर्छ । यो सुनेर राजा छानाबाट खसेजस्तो भयो । फर्सीले छोरी माग्ला भन्ने चिताउँदा पनि नचिताएका राजालाई अब कसरी आफ्नी छोरीको बिहे फर्सीसँग गर्ने भन्ने चिन्ताले सतायो ।

पालैपालो जेठी, माहिली गर्दै सबै छोरीहरूलाई तिमीहरू फर्सीसँग बिहे गर्छौ त भनेर सोधे तर कसैले पनि फर्सीसँग बिहे गर्छु भनेनन् । अन्तिममा कान्छी छोरीको पालो आयो कान्छीलाई पनि सोध्दै राजाले भन्यो, “६ वटी दिदीले त फर्सीसँग बिहे नगर्ने भए अब तिमी के गर्छ्यौ त मैले त वाचा हार्ने भएँ अबु यो सुनेर कान्छी छोरीले भनी बुवा हजुरले जोसँग बिहे गर् भन्नुहुन्छ म उसैसँग बिहे गर्छु । छोरीको यो कुरा सुनेर राजाले खुसी हुँदै भन्यो, ल फर्सी अब बिहेको सबै कुराको बन्दोवस्त गर्नू । अब कान्छी छोरी मैले तिमीलाई कन्यादान दिने भएँ । यो सुनेर बिहेको तिथिमिति सहित तोकेर फर्सी त्यहाँबाट खुसी हुँदै घरतिर लाग्यो । घरमा गएर बुवाआमालाई सबै बेलीविस्तार सुनायो । राजकुमारीसँग बिहेको कुरा छिनेर आएको सुनेर बूढाबूढी पनि छक्क परे । बिहेको लागि सबै तयारीमा बूढाबूढी जुटे ।

बिहेको दिन पनि आयो । सबै गाउँलेलाई बिहेमा जन्ती जान निम्ता पनि दिए । जन्ती भने हामीलाई फर्सीले कहाँ लैजाने होला अब भन्दै जिस्काउँदै थिए । बिहेको दिन दुलाहा लैजाने तयारी पूरा भयो फर्सीलाई बेहुला बनाएर ताम्दानमा राखियो । तम्दानमा बसेर फर्सी अघि

लाग्यो । धेरै पर पुगिसकेपछि झकिझकाउ पारेर सजाइएको राजाको दरबारमा पुगेर फर्सी रोकियो । सबै जन्तीहरू पनि पछिपछि लागे ।

राजाहरू सबै तयारी पूरा गरेर दुलाहा र जन्तीलाई कुरिरहेका थिए । पुरेत पनि तयार भएर बस्या थिए । फर्सीलाई लगेर जगियामा बसाले । त्यसै गरी छोरीलाई पनि त्यहीँ फर्सीको नजिकमा लगेर राखे । कर्म गर्दै जाँदा छोरीले जगियामा घुम्नुपर्ने बेला आएकोले पुरेतले ल नानी फर्सीलाई कसरी हिँडाउनु बरू तिमी हातमा लिएर घुम भने । बेहुलीले फर्सीलाई हातमा लिएर तीनपटक जग्या परिक्रमा गरी र भुईमा राख्ने बेला फर्सी हातबाट भुइँमा खस्यो र फुट्यो । त्यसबाट झल्झलाकार भगवानजस्तो राजकुमारको उत्पत्ति भयो । फर्सी भनेको त राजकुमार पो रैछ भन्दै सबै यो देखेर छक्क परे । अघि फर्सीसँग बिहे गर्न नमान्ने ती ६ वटी दिदी बहिनी पनि हेर यस्तो राम्रो केटो पो रैछ भन्दै धकालाधकाल गरेर उसले उसलाई हान्ने उसले उसलाई हान्ने गर्न थाले । सबैले कान्छी छोरीको भाग्य पो कस्तो राम्रो रैछ यति राम्रो राजकुमार पो पाई भन्दै तारिफ गरे । उता फर्सीको घर पनि यता राजकुमारमा परिणत भएपछि फेरिएर ए झकिझकाउ महल भएछ । ती बूढाबूढी पनि सुनै सुनले भरिएर राजा रानी जत्तिकै भएछन् । बिहेको सम्पूर्ण विधि सकेर जन्ती बेहुला बेहुली लिएर घरमा फर्के । घर फर्किंदा त्यो पहिलाको सानो घर पनि दरबार भएछ र बूढाबूढी पनि सुनैसुनले छापिएछन् । यस्तो देख्दा जन्ती सबै छक्क परे र सबैले फर्सीले गर्दा नै यो सबै भएको हो भन्दै राजकुमारलाई स्यावासी दिए । त्यस पछि बूढाबूढी र छोरा बुहारी त्यो घरमा आनन्दसँग मिलेर बस्न थाले ।

**निष्कर्ष :** फर्सी लोककथा एक मनोरञ्जनात्मक कथा हो । यसमा फर्सी पात्रको प्रमुख भूमिका रहेको छ । मानवेतर प्राणीको रूपमा देखिएको फर्सीमा केन्द्रित यस कथामा बाह्रवर्षसम्म आफूलाई पालनपोषण गर्ने आमाबुबालाई सहयोग गर्नका लागि फर्सीले आफ्नो रूप नै परिवर्तन गरेको छ । यसरी कसैले लगाएको गुनको बदला गुन तिरिदिएको प्रसङ्ग यस कथामा रहेको छ ।

### ९. भावीको लेखा

एकादेशमा एउटा राजा थियो । एकदिन त्यो राजा मन्त्री र सेना लिएर सिकार खेल्न जङ्गलतिर गएछ । जङ्गलमा दिनभरि सिकार गरेपछि थाकेर उनीहरू लखतरान भएछन् । यसपछि सबैजना अब साँझ पर्न लाग्यो भन्दै बास बस्ने ठाउँको खोजी गर्न लागे । त्यता कतै पनि बास बस्ने ठाउँ नदेखे पछि राजाले मन्त्रीलाई मन्त्री यता बास बस्ने ठाउँ कतै

भेटिएला जस्तो छैन तिमी कतै गएर बन्दोवस्त गरेर आऊ त्यतिन्जेल हामी यहीँ बसिरहन्छौ भन्यो । मन्त्री दुई चारजना सिपाही लिएर बासको खोजीमा गयो । अलि पर एउटा घरमा पिलपिल वत्ती बलेको जस्तो देखेर मन्त्री त्यतैतिर लाग्यो ।

त्यो सानो घरमा धमिलो वत्ती बलिरहेको थियो । त्यहाँभित्र पसेर मन्त्रीले सोध्यो, "यहाँ बास पाइन्छ होला ?" त्यस घरको मान्छेले भन्यो, "हजुर हाम्रो घर त यति सानो छ त्यसमाथि श्रीमती सुत्केरी भएकी ६ दिन भएकोले यहाँ केही खान पनि हुँदैन । सुत्केरो परेको ठाउँमा कसरी बस्नुहुन्छ"? भन्दा मन्त्रीले राजा पनि आफूसँगै सिकार खेल्न आएको कुरा बतायो । रात पर्‍यो बास बस्ने ठाउँ कतै पाइएन आजको रात बस्न दिनुस् । हामी यस्तै भएपनि आजको रात गुजारा गर्छौं भनेर मन्त्री राजालाई लिन गयो । सबैजना त्यस घरमा आइपुगे । घर मालिकले पहिलेको जस्तै गरेर आफ्नो घरमा ६ दिनको सुत्केरी छ भनेर पानी पनि खान नहुने कुरा बतायो । राजाले पनि हुन्छ हामी केही खाँदैनौं बास मात्रै बस्न पाए हुन्छ भन्यो । त्यसपछि जसोतसो सिपाही र मन्त्रीहरूलाई बस्नको लागि व्यवस्था मिल्यो । राजालाई चाँहि घरभित्र मूल ढोकाअघि बिचमा एउटा गुन्द्री बिच्छयाएर सुत्न लगाए । हुँदा हुँदा मध्ये रात भयो राजा पनि मस्त निन्द्रामा सुत्या बेला एउटा मान्छे राजालाई बाटो छोड् भन्दै आयो । राजाले भने किन आएको ? को हौ तिमी म बाटो किन छोड्ने भन्दै छोड्न मानेन । त्यो व्यक्ति हेर्दामा सानो बच्चा जस्तो थियो । राजासँग बाटो छोड् भन्दै ढिपी गर्‍यो । तर राजाले पनि सबै कुरा भन्नि भए भन् नत्र बाटो छोड्दिन भन्दै जिद्धी गर्‍यो । त्यो व्यक्तिले राजासँग केही सिप नलागेपछि म भाग्य लेख्ने भावी हुँ । आज यहाँ छैठीको दिन हो, त्यसकारण म यहाँ भाग्य लेख्न आको हो । भाग्य लेखेर आएपछि सबैकुरा भन्छु अहिलेलाई मलाई जान दे भन्यो । आएर फेरि नभनिकन गयौ भने के गर्ने नि भन्दै राजाले अझै बाटो छोडेन । अन्त्यमा भावीले म पछि सबैकुरा भन्छु भन्दै बाचा गरेपछि मात्रै राजाले बाटो छोड्यो । त्याँड भावी गयो र त्यस बच्चाको भाग्य लेखेर फर्कियो । लेखेर फर्केपछि राजाले सोध्यो, "के लेख्यौ त्यस बच्चाको निधारमा ?" त्यसपछि त्यो भावीले भन्यो, "यो बालकको १२ वर्षको हुँदा बिहे हुने छ र त्यही बिहेको दिन बाघले खाएर यसको मृत्यु हुने छ । यति भनेर त्यो भावी सरासर आफ्नो बाटो लाग्यो ।

भावीको कुरा सुनेर राजालाई नराम्रो लाग्यो । मनमनै यही कुराहरू सोच्दा सोच्दै भोलि बिहान भयो । सबैजना उठेर दरबार फर्कने तयारी गरे । फर्कनुभन्दा पहिले राजाले त्यो घरको मान्छेलाई भन्यो, "तिम्रो घरमा साँचै के जन्मिएको हो छोरा कि छोरी ?" त्यस

व्यक्तिले भन्यो, छोरा हजुर । राजाले फेरि भन्यो, “यस छोराको बिहे तिमीले जहिले गर्छौ त्यो दिन मलाई बोलाउन चाँहि नभुल्नु है म जसरी पनि छोराको बिहेमा आउने छु ।” यति भनेर राजा दरवार फर्क्यो त्यस व्यक्तिले पनि हस् हजुरलाई अवश्य बोलाउँछु भन्दै टाउको हल्लायो ।

समय बित्दै गयो । त्यो बच्चो हुर्कंदै गयो र १२ वर्षको पनि भयो । अब छोराको बिहे गर्नुपर्छ भन्दै ती बूढाबूढीले सबैकुराको तयारी गरे । छोरो पनि औधी राम्रो थियो । नजिकै गाँउको एउटा केटीसँग छोराको बिहे हुने भयो । बिहेको २ दिन अधि बूढाबूढीसँगै बसेर निम्तो दिनुपर्ने ठाँउको बारेमा छलफल गर्दै थिए । त्यतिकैमा बूढोले राजा बास बस्न आएको समयमा छोराको बिहेमा जसरी पनि मलाई बोलाउनु भनेको १२ वर्ष अघिको पुरानो कुरा झल्यास सम्झियो । त्यसपछि श्रीमतीलाई पनि बतायो । श्रीमतीले पनि उसो भए भोलि बिहानै राजालाई निम्तो गर्न जानु भन्ने सल्लाह दिई । त्यसपछि राजाको घर खोज्दै बिहेको निम्तो गर्न त्यो बूढा दरबारसम्म पुग्यो । राजालाई बाह्र वर्ष पहिलाको त्यो पुरानो कुरा सम्झाएर निम्तो गरेर फर्कियो ।

बिहेको दिन पनि आयो । बिहे धुमधामले गर्न बूढाबूढीले सबै तयारी गरे । सबै आफन्त इष्टमित्रहरू बिहे मान्न घरमा आका थिए । घरमा बिहेको खुबै रमझम थियो । सबैजना रमाइलो गर्दै थिए । बेहुली लिन जानुभन्दा पहिला बेहुलालाई जगियामा राखेर पुरेतले बिहेको विधि गराउन लागेका थिए । त्यतिकैबेला सेना र हातहतियार लिएर राजा पनि बिहेघरमा आइपुग्यो । सबै सेनाहरूलाई चारैतिर खटाएर राजाले के हुकुम दियो भने, “दुई खुट्टे जनावरभन्दा बाहेक चारखुट्टे जनावर बाहिरबाट जे आए पनि त्यसलाई तुरून्तै गोली ठोकेर मार्नू । “सबै सेनाहरू पनि चनाखो भएर दायाबाँया हेरिरहेका थिए । राजा पनि कतै केही अनिष्ट हुने होकि भनेर चनाखो भएर चारैतिर हेर्दै थियो । सबैजनाले हेर्दाहेर्दै जगियाबाट नै एउटा अजङ्गको बाघ उत्पन्न भयो र त्यो बाघले जगियामा बसेको बेहुलालाई खायो । त्यसपछि त त्यहाँ सबैजना भागाभाग गर्न थाले । घरमा सबै रूवाबासी गर्न थाले । अघिसम्मको त्यो रमाइलो सबै अहिलेको अहिल्यै हरायो । बावुआमा छोरालाई हेरेर छाती पिटी पिटी रूनकराउन लागे । सबै कुरा हेरेर बसिराको राजा पनि साह्रै दुःखी भयो र सबैलाई सम्झाउदै भन्यो, “हेर्नुहोस् जे नहुनुथ्यो त्यो भएरै छाड्यो । धेरै पीर नगर्नुहोस् भावीको लेखा टारेर नटर्ने रहेछ । म १२ वर्ष अघि यस घरमा बास बस्न आउँदा त्यो छैठीको रात भाग्य लेख्ने भावीलाई मैले भेटेको थिएँ । त्यस दिन मैले सोध्दा भावीले मलाई

यसरी नै यो बालकको बाह्र वर्षको उमेरमा बिहेको दिन बाघले खाएर मृत्यु हुनेछ भनेर बताएको थियो । तर मैले त्यसलाई जसरी पनि रोक्न सक्छु भन्ने सोचेर यो बिहेमा जसरी पनि मलाई बोलाउनु है भनेको थिएँ । तर आज यतिका सेना मैले उसैलाई बचाउनको लागि भनेर खटाएको पनि थिएँ तर मैले हारेँ । मेरो केही सीप लागेन । हेर्दाहेर्दै मेरै आँखा अगाडि नै उसको मृत्यु भयो मलाई माफ गर्नु होला । मैले सबैकुरा चालपाएर पनि यसलाई रोक्न सकिन । त्यसैले भावीले लेखेको कुरा कसै गरे पनि टार्न नसकिने रहेछ । छैठीमा जे लेखेको छ त्यो कुरा जसरी पनि भएरै छाड्दो रहेछ । यति कुरा सम्झाइबुझाई गरेर राजा आफ्नो सबै फौज लिएर खिन्न हुँदै दरवारमा फर्कियो ।

**निष्कर्ष :** भावीको लेखा लोककथा भाग्यमा विश्वास गरिएको लोककथा हो । यसमा हुने हार दैव नटार भन्ने भनाइ सार्थक तुल्याइएको छ । हुने कुरा जसरी पनि भएरै छाड्छ यसलाई कसैले चाहेर पनि रोक्न सक्दैन । त्यसैले आफूले कर्म गर्दै जानुपर्छ र आइपरेका कुराहरूलाई स्वीकार पनि गर्दै जानुपर्छ । भाग्यमा छैँठौँ दिनमा भावीले लेखिदिएको कुरा कसैले पनि टारेर टार्न र रोक्न सक्दैन भन्दै भाग्यप्रति पूर्ण विश्वास गरिएको कथा हो ।

**१०. स्वार्थको परिमाण**

धेरै पहिले एउटा गाउँमा पति पत्नी बस्थे । उनीहरूसँग प्रशस्तै सम्पत्ति भएर पनि त्यो सम्पत्तिको हकवाला कोही पनि थिएन । उनीहरूले गर्नु पर्ने दान, धर्म, तीर्थ, व्रत पनि सबै गरे । यो सबैको प्रभावले होला उनीहरूकी एउटी छोरीको जन्म भयो । उनीहरू छोरी जन्मेकोमा असाध्यै खुसी भए । छोरी पनि असाध्यै राम्री थिई । ऊ विस्तारै हुर्कंदै गइरहेकी थिई । छोरी जन्मिएर खुसी भएर पनि उनीहरूलाई छोराको अभाव भने खड्किरहेको थियो । भित्रभित्रै छोराको चाहनाले उनीहरूलाई पोलिरहेको थियो ।

समय बित्दै जाँदा छोरी जन्मिएको पनि दस वर्ष बितिसक्यो तर पनि छोरा नभएकोले उनीहरू एकदिन ज्योतिषीकहाँ गएर आफ्नो चिना देखाए । चिना हेर्दै ज्योतिषीले भने, “तँपाईहरूको छोरा हुनत हुन्छ तर एउटा शर्त पछि मात्रै, मैले भनेको मान्ने भए भन्छु नत्र भन्दिन ।” यस्तो कुरा सुनेपछि उनीहरूले भने, “त्यो कुरा केहो भन्नुहोस् हामी त्यसमा मन्जुर छौँ ।” त्यसपछि ज्योतिषीले भने, “तँपाईहरूले आफ्नी छोरीको बिहे गर्नुस् त्यसपछि मात्र पुत्रलाभ हुने छ नत्र गाह्रो छ ।”

ज्योतिषीको यस्तो कुरा सुनेर उनीहरू खुसी पनि थिए र दुःखी पनि । यस्ती सानी छोरीको बिहे कसरी गर्ने भन्नेमा उनीहरू चिन्तित थिए भने अर्कातिर छोराको जन्म हुने कुरामा

खुसी पनि थिए । उनीहरूले आफ्नी दस वर्षे छोरीको एक असल केटा खोजेर कन्यादान गरिदिए । त्यसपछि ज्योतिषीको भनाइ अनुसार उनीहरूलाई एक वर्ष भित्रै पुत्रलाभ पनि भयो । छोराको न्वारान पनि भयो । छोराको नाम सुमन राखियो । सुमन जन्मिएर घरमा छुट्टै रौनकता थपिएको थियो । आफ्नो ध्यान सुमनतर्फ नैं केन्द्रित गरेका ती बुबाआमा उमेरमा भने साठी कटिसकेका हुनाले धेरै समयसम्म छोराको स्याहारसुसार गर्न भने पाएनन् । ती दुई पति पत्नी धेरै बूढाबूढी भैसकेका कारण एकवर्षको फरक पारेर पालैपालो संसार छाडे । उनीहरूले संसार छाड्दा सुमन जम्मा पाँच वर्षको मात्रै भएको थियो । बुबाआमा पालैपालो स्वर्ग वास भएको खबरले छोरी पनि दुःखी भई र अलाप विलाप गरेर रूनकराउन लागी । सानो भाइ एक्लो र टुहुरो भएको कारण अब भाइलाई लगेर पनि म नै पाल्छु भनेर साखिली पल्टी । गाउँलेहरूले पनि दिदीले भाइ पाल्न लैजान्छु भनेकाले मञ्जुरी दिए । भाइलाई पाल्ने भन्दा पनि दिदी भिनाजुको आँखाचाहिँ सुमनको सम्पत्तिमा गाडिएको थियो । समय बित्दै गयो । एकदिनको कुरा हो भाइ सुमन न्याउरो मुख लाएर झोक्राएर बसेको देखेर दिदीले सोधी, के भयो बाबु बुबाआमाको सम्झना आयो ? भाइले भन्यो, “हाम्रो बुबाआमा कहाँ हुनुहुन्छ मलाई भेटाइदिनुहुन्छ दिदी” ।

दिदीले पनि त्यही मौका छोपेर भनी, “सक्छु बाबु ल हिँड मसँग” । दिदीचाहिँले नजिकैको खोलामा लगी र भनी खोलाको बिचमा हाम्रा बुबाआमा हुनुहुन्छ तिमी विस्तारै जाऊ र भेटेर आऊ । मलाई त्यति सन्चो पनि छैन म यहीँ तिमीलाई कुरेर बसिरहन्छु । भाइ विचरा दिदीको कुरामा पूर्ण विश्वस्त भयो र बुबाआमालाई भेट्ने आशामा खोलामा पस्यो । खोला ठूलो भएकाले उसलाई पानीले बगायो ।

दिदीचाहिँ भाइलाई बगाएको हेरेर मख्ख परी र घरमा आएर लोग्नेचाहिँलाई यथार्थ कुरा बताई । लोग्नेचाहिँ पनि खुसी भयो । दिनभरि चुपोलागेर बसेका उनीहरू बेलुकापख सुमन हराएको भन्दै खोजेको नाटक गर्न थाले । नभेटेपछि आँगनमा बसेर डाँको छोडेर रोएझैँ गरे । देखावटी आँशु पनि झारे । गाउँलेहरूले पनि सुमनलाई खोज्न मद्दत गरे । केही समय भएपछि उनीहरू दुईजना गाउँका पञ्च भलाद्मीकहाँ गएर आफ्नो भाइ हराएको कुरा सुनाए । पञ्च भलाद्मीले भाइ हराएको कारण सबै सम्पत्ति दिदीचाहिँको नाममा गरिदिए । दिदी चाहिँले पनि साखिली हुँदै उसको लोग्नेको नाममा गरिदिई । लोग्ने चाहिँले केही दिनसम्म त राम्रै गर्‍यो त्यसपछि आर्को बिहे गरेर सौता हाल्यो । दिदीलाई दैवले पनि सजाय दिए । घरमा सौता भित्रिएपछि उसकै हैकम चल्न थाल्यो । सबै काम गर्न दिदीलाई नै

लगाइन्थ्यो । एकदिन ढिकीमा धान कुट्न जा भनेर दिदीलाई सौताचाहिँले लगाई । धान कुट्न भनेर ढिकीमा पुगेर धानको घान लगाउँदै गर्दा कतैबाट आवाज आयो दिदी मैले त आमाबुबालाई भेटिन निँ । भाइको यो आवाज सुनेर दिदी वेहोस भई । धेरै समयपछि बिउँझिएर हेर्दा त्यहाँ एउटा मान्छे मुरली बेच्दै आइरहेको देखी । उसलाई पनि मुरली किन्न मन लाग्यो र अलिकति त्यही धान दिएर मुरली किनी । त्यसलाई लगेर सिरानिमुनि राखी । राती सुतेको समयमा सिरानिमुनिको मुरली आँफै बोल्यो । दिदी म मुरली भएर बोलेको सुन्दा अचम्म लाग्ला तर  अचम्म नमान ।

भाइ मलाई माफ गर भन्दै दिदीचाहिँले भनि, "भाइ तिम्रो र मेरो भेट होला कि नहोला" । भाइले भन्यो, "भेट त हुन्छ तर तिमीजस्ती स्वार्थी दिदीलाई भेटेर के काम ? तिमीलाई सम्पत्ति चाहिएको भए मलाई भनेको भए भैहाल्थ्यो नि । खोलामा लगेर मार्ने षड्यन्त्र गर्नु पर्थ्यो र" । भाइ मलाई माफ गर, मैले त्यतिबेला धनसम्पत्तिको लोभले आँखा देखिन र तिमीमाथि ठूलो अन्याय गरेँ । तर अब म यस्तो गर्ने छैन ।

ठीकै छ त्यसो भए खोलामा जाऊ र नजिकैको डिलमा बाँसहरू छन् । ती मध्ये सबैभन्दा अग्लो बाँसको फेदमा खन त्यहाँ एउटा सेतो फूल पाउने छौ । त्यो फूललाई घरमा लिएर आएर ढोकानजिकै लिपेर राख र त्यसलाई चोखो कपडाले छोप । त्यसपछि म बिउँतिने छु । दिदीचाहिँले पनि भाइले भनेजस्तै गरी । केही समयमै नभन्दै भाइ पनि बिउँतियो । दिदीभाइको भेट भयो । दिदीले आफूलाई भिनाजु र सौताले धेरै दु:ख दिएको कुरा र सम्पत्ति पनि सबै उनीहरूले नै लगेको आफूलाई दिनुसम्मको दु:ख दिएको वृतान्त बताई । भाइले पनि आफ्नी दिदीलाई अन्याय परेको थाहा पाएर गाउँभरिका मान्छे भेला गरायो र यथार्थ सबै कुरा बतायो । गाउँलेको निर्णय अनुसार भिनाजु र सौतालाई सजाय दिइयो । साथै सम्पत्ति पनि फिर्ता गर्न लगाइयो । त्यसपछि दिदीभाइ अब चाहिँ त्यसै घरमा मिलेर बस्न थाले ।

**निष्कर्ष :** स्वार्थको परिणाम लोककथा एक सामाजिक कथा हो । यस कथामा परम्परावादी सोच भएका बाबुआमा जसले अनेक गरेर पनि छोराकै चाहना राखेको छ । छोरी हुँदाहुँदै पनि छोरीलाई हेरेर चित्त बुझाउन नसक्नु र बुढेसकालमा पनि छोराकै चाहना गर्नुलाई विडम्वनाको रूपमा देखाईएको छ । आजभोलि देखिएको स्वार्थी समाजको यथार्थ चित्रण गरिएको छ । धन सम्पत्ति र पैसा भनेपछि हुरूक्कै हुने आजको समाज र स्वार्थी प्रवृत्तिका

आफन्तहरूको पूर्णरूपमा भरोसा गर्न समेत नहुने र जोगिएर हिँड्नु पर्ने कुरा यस कथाले बोकेको छ ।

**ख. सङ्कलित एवम् विश्लेषित लोककथाका वाचकहरूको परिचय**

| क.सं | लोककथाको शीर्षक | वाचकको नाम | उमेर | ठेगाना |
|---|---|---|---|---|
| १. | अंशवण्डा | केदारनाथ खनाल | ७० | र.न.पा. १४ |
| २. | आफन्तको खोजी | सबिता तिमल्सिना | ४० | र.न.पा. ३ |
| ३. | चम्पा र चमेली | केशरीदेवी श्रेष्ठ | ८५ | र.न.पा. १ |
| ४. | चलाख मधुकर | भवानि प्र. ढकाल | ८४ | र.न.पा. २ |
| ५. | फूलथोकी मैया | भवानि प्र. ढकाल | ८४ | र.न.पा. २ |
| ६. | दिदीबहिनी | नन्दप्रसाद अम्गाईँ | ७५ | र.न.पा. १० |
| ७. | मुखियाको बठ्याइँ | कविता अधिकारी | ४१ | र.न.पा. ८ |
| ८. | फर्सी | केशरीदेवी श्रेष्ठ | ८५ | र.न.पा. ९ |
| ९. | भावीको लेखा | केशरीदेवी श्रेष्ठ | ८५ | र.न.पा. ९ |
| १०. | स्वार्थको परिणाम | चक्रपाणि तिमल्सिना | ४० | र.न.पा. १० |

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हरिप्रसाद (२०६८), *पिठूवा गा.वि.स मा प्रचलित लोककथाहरूको अध्ययन तथा गा.वि.स मा प्रचलित विश्लेषण,* अप्रकाशित स्नातकोत्तर त्रि.वि. नेपाली केन्द्रीय विभाग,कीर्तिपुर ।

अधिकारी प्रभा, (२०६४), *चितवन जिल्लाका चेपाङ जातिमा प्रचलित लोकगीतहरूको संकलन र वर्गीकरण मूलक अध्ययन,* अप्रकाशित स्नातकोतर त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गौतम, शिवप्रसाद (२०६८), *चितवनको मेघौली गा.वि.स मा प्रचलित पर्वगीतहरूको अध्ययन,* अप्रकाशित स्नातकोतर त्रि.वि.नेपाली केन्द्रीय विभाग,कीर्तिपुर ।

घिमिरे, रामनाथ (२०६७), *चितवन दिव्यनगर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

घिमिरे शिवहरि (२०६४) *चितवनमा प्रचलित थारू संस्कार गीतहरूको संकलन, वर्गीकरण र विश्लेषण* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

चौधरी, बिन्दुकुमारी (२०६७) *चितवन जिल्लामा प्रचलित थारू लोककथाहरूको संकलन, वर्गीकरण* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

बन्धु, चुणामणि (२०५८), *नेपाली लोकसाहित्य पहिलो संस्करण,* काठमाडौँ एकता बुक्स ।

रत्ननगर नगरपालिकाको, *आर्थिक वर्ष २०७४/०७५ को बजेट नीति तथा कार्यक्रम पुस्तिका* ।

रत्ननगर नगरपालिको वडा नं. १० बाट प्राप्त सूचना ।